ISSN 2091-1629

मूल्य रु. ४५/-

गौरी मासिक

GAURI MASIK

वर्ष २५, अङ्क ७, २०८२ चैत, पूर्णाङ्क २३९

निरन्तर २३९ औं अङ्क

नेपालका चौसट्ठी ज्योतिर्लिङ्गहरु



१. कुशेश्वर महादेव, दुम्जा, सिन्धुली, २. भीमेश्वर महादेव, दोलखा ३. काफीश्वर महादेव, बाह्रबिसे, सिन्धुपाल्चोक ४. कश्यपेश्वर महादेव, मण्डन, काभ्रेपलाञ्चोक ५. स्फटिकेश्वर महादेव, फटकशिला, सिन्धुपाल्चोक ६. चण्डेश्वर महादेव, बनेपा, काभ्रेपलाञ्चोक ७. धनेश्वर महादेव, बनेपा, काभ्रेपलाञ्चोक ८. विकटेश्वर महादेव, भैंसेपाटी, काभ्रेपलाञ्चोक ९. इन्द्रेश्वर महादेव, पनौती, काभ्रेपलाञ्चोक १०. भालेश्वर महादेव, रोसी, काभ्रेपलाञ्चोक ११. गुप्तेश्वर महादेव, भारदेउ, ललितपुर १२. तिलेश्वर महादेव, लेले, ललितपुर १३. चम्पकेश्वर महादेव, लेले, ललितपुर १४. रामेश्वर महादेव, टीकाभैरव, ललितपुर १५. कालेश्वर महादेव, गोटीखेल, ललितपुर १६. नटारम्भेश्वर महादेव, मकवानपुर १७. उद्दालकेश्वर महादेव,युटिकी,छैमले, काठमाडौँ १८. गोपालेश्वर महादेव, फर्पिङ, काठमाडौँ १९. चम्पेश्वर महादेव, विसत्ते्ल, चित्लाङ्,मकवानपुर २०. उन्मत्तेश्वर महादेव, टिष्टुङ, मकवानपुर २१. नन्दिकेश्वर महादेव, टिस्टुङ्, मकवानपुर २२. गोखुरेश्वर महादेव, कुञ्छाल,टिस्टुङ् मकवानपुर २३. पाण्डुकेश्वर महादेव, पालुङ, मकवानपुर २४. कूटेश्वर महादेव, महादेवखर्क, मकवानपुर २५. असितेश्वर महादेव, महादेववेशी, धादिङ २६. भैरवेश्वर महादेव, देवीघाट, नुवाकोट २७. ब्रह्मेश्वर महादेव, कविलास, नुवाकोट २८. कार्तिकेश्वर(स्कन्देश्वर) महादेव, कविलास, नुवाकोट २९. शतरूद्रेश्वर महादेव, शिवपुरी, काठमाडौँ ३०. काकेश्वर महादेव, गागलफेदी, काठमाडौँ ३१. मणिचूडेश्वर महादेव, मणिचूड पर्वत, काठमाडौँ ३२. योगेश्वर महादेव, बज्रयोगिनी, काठमाडौँ ३३. नारायणेश्वर महादेव, लप्सीफेदी, काठमाडौँ ३४. ज्योतिर्लिङ्गेश्वर, साँखु, काठमाडौँ ३५. रत्नचूडेश्वर महादेव, नगरकोट, भक्तपुर ३६. वागीश्वर महादेव, वागेश्वरी, भक्तपुर ३७. कीलेश्वर महादेव, चाँगुनारायण, भक्तपुर ३८. वाल्मीकीश्वर महादेव, हनुमानघाट,भक्तपुर ३९. मङ्गलेश्वर महादेव, नासमना, उलाछें, भक्तपुर ४०. विमलेश्वर महादेव सिपाडोल, भक्तपुर ४१. अनन्तलिङ्गेश्वर महादेव, गुण्डु, भक्तपुर ४२. विश्वरूपेश्वर महादेव, तर्खागाल, भक्तपुर ४३. सोमेश्वर(सोमलिङ्गेश्वर) महादेव,सिरूटार, भक्तपुर ४४. गोभराटेश्वर महादेव, लुभु, ललितपुर ४५. भृङ्गेश्वर महादेव, सुनाकोठी ललितपुर ४६. त्रिलिङ्गेश्वर महादेव, पाटन, ललितपुर ४७. कुपितेश्वर महादेव, पाटन दरबारक्षेत्र, ललितपुर ४८. सर्वेश्वर महादेव, कुम्भेश्वर, ललितपुर ४९. गोलोकेश्वर(वृशेश्वर) महादेव, नैकाप, विष्णुदेवी, काठमाडौँ ५०. चन्दनभराटेश्वर महादेव, थानकोट, काठमाडौँ ५१. यक्षेश्वर(आदेश्वर) महादेव, सीतापाइला, काठमाडौँ ५२. चण्डिकेश्वर महादेव, टोखा, काठमाडौँ ५३. धर्मेश्वर महादेव, लिविकोट, काठमाडौँ ५४. गोकर्णेश्वर महादेव, गोकर्ण, काठमाडौँ ५५. कोटीश्वर महादेव, कोटेश्वर, काठमाडौँ ५६. वाणेश्वर महादेव, बानेश्वर, काठमाडौँ ५७. ज्ञानेश्वर महादेव, ज्ञानेश्वर, काठमाडौँ ५८. पर्वतेश्वर महादेव, कैलाश, पशुपति, काठमाडौँ ५९. जलेश्वर महादेव, गुह्येश्वरी, काठमाडौँ ६०. गुह्येश्वर(सिद्धेश्वर) महादेव, गुह्येश्वरी, काठमाडौँ ६१. किरातेश्वर महादेव, मृगस्थली, काठमाडौँ ६२. भस्मेश्वर महादेव, पशुपति, काठमाडौँ ६३. भुवनेश्वर महादेव, पशुपति, काठमाडौँ ६४. रूद्रागारेश्वर महादेव, पशुपति, काठमाडौँ

भावातीत ध्यान

भावातीत ध्यान के हो ?

महर्षि महेश योगीज्यू प्रणित भावातीत ध्यान एक सरल, सहज, स्वाभाविक, प्रयासहीन एवं वैज्ञानिक पद्धति हो । यो कुनै पनि अवस्थामा आरामसँग बसेर गर्न सकिन्छ । विश्वभरका १३३ देशका २५० भन्दा बढी विश्वविद्यालयहरूमा ६०० भन्दा बढी वैज्ञानिक अध्ययन तथा अनुसन्धानहरूबाट प्रमाणित यो पद्धति विश्वभरमा ६० लाख भन्दा धेर व्यक्तिहरूले नियमित रूपमा अभ्यास गरिरहेका छन् ।

भावातीत ध्यान (Transcendental Meditation) का विशेषताहरू :

१. भावातीत ध्यान सरल, सहज, स्वभाविक, प्रयासहीन एवं वैज्ञानिक छ । यो शीघ्र प्रभावकारी छ ।
२. भावातीत ध्यान सिक्न तथा अभ्यास गर्न खानपिन, रहनसहन तथा जीवनयापनमा कुनै परिवर्तनको आवस्यकता पर्दैन, न त आफ्नो विश्वास परिवर्तन गर्न जरूरी छ । भावातीत ध्यान जुनसुकै जाति, धर्म तथा विचारधारा भएका सबै देशका नागरिकले सजिलै सिकेर र यसको नियमित अभ्यासद्वारा लाभ उठाउन सक्दछन् ।

भावातीत ध्यानमा के हुन्छ ?

भावातीत ध्यानमा चञ्चल मन शान्त हुँदै अत्यन्त सुक्ष्मस्तरबाट कार्य गर्न थाल्दछ । मन तथा विचारको अवस्था अनुसार हाम्रो शारीरिक अवस्था हुने भएकोले हाम्रो शरीरले पनि गहन विश्राम प्राप्त गर्दछ । शरीरले प्राप्त गर्ने गहन विश्रामले गर्दा मानव जीवनका विभिन्न क्षेत्रमा फाइदाहरु प्राप्त हुन सुरू गर्दछ ।

भावातीत ध्यानबाट हुने लाभहरू

नियमित रूपमा भावातीत ध्यानको अभ्यासले जीवनको समग्र क्षेत्रमा फाइदा पुग्दछ । भावातीत ध्यानका लाभहरूलाई वैज्ञानिक अनुसन्धानहरूले प्रमाणित गरेका छन्:

क) मानसिक क्षमताको विकास

१. तीक्ष्ण बुद्धि एवं गहन समझदारीको विकास हुन्छ
२. धेर विषयवस्तुप्रति चिन्तन गर्ने शक्तिको विकास हुन्छ
३. स्मरणशक्तिको वृद्धिको साथै दुर्बलता, उत्तेजना एव चिडचिडापन हटेर भावनात्मक सन्तुलन बढ्दछ ।
४. सिर्जनशीलता, व्यावहारिक बुद्धिमत्ता तथा गणितीय क्षमतामा वृद्धि हुन्छ ।

ख) स्वास्थ्यमा सुधार

१. स्नायुप्रणालीमा गहन विश्राम उपलब्ध हुनाले तनाव विलीन हुन्छ। स्नायुप्रणाली शुद्ध हुन्छ । व्यक्ति आफ्नो 'स्व' मा स्थित हुन्छ र पूर्ण स्वस्थ हुन्छ ।
२. रोग प्रतिरोध क्षमता बढ्छ । तम्बाकु, बिडी, सिगरट, रक्सी र लागू औषधको आदत बिस्तारै बिस्तारै छुट्छ ।
३. मुटु तथा स्वासको गति एवं चयापचयको दर (Metabolic Rate) मा कमी आई उच्च तथा न्यून रक्तचाप एवं मुटुरोगलाई बढी फाइदा पुगेको पाईएको छ ।
४. चिन्ता र नकारात्मक समस्याहरु (इन्जाइटी र डिप्रेशन) समाधान हुन्छ ।

ग) सामाजिक व्यवहारमा सकारात्मकता

१. सहनशीलता बढ्छ । २. नैतिक परिपक्वताको विकास हुन्छ ।
३. अरूलाई सहयोग गर्ने भावना जागृत हुन्छ ।
४. व्यक्तिको आध्यात्मिक विकास हुन्छ ।

घ) समाजमा सकारात्मक प्रभाव र विश्व शान्तिमा योगदान

कुनै पनि समाज तथा देशको जनसंख्याको १ प्रतिशत मानिसले मात्र भावातीत ध्यान गरेमा त्यस समाज तथा देशमा दुर्घटना कम हुन्छ, अस्पताल भर्ना हुने संख्यामा कमी आउँछ, आपराधिक घटनाहरु कम हुन्छन् र समाजमा भाइचाराको सम्बन्ध सुदृढ हुँदै सामन्जस्यतामा वृद्धि हुन्छ । समाज तथा देशको सामूहिक चेतनामा सहसम्बद्धता बढ्दै सात्विकतामा वृद्धि हुन्छ ।

भावातीत ध्यान कसका लागि ?

भावातीत ध्यान ती व्यक्तिहरूका लागि हो जसले मानसिक क्षमतामा अभिवृद्धि गर्दै सुदृढ शारीरिक एवं मानसिक स्वास्थ्य चाहन्छन् । साथै ती व्यक्तिहरूका लागि हो जो तनाब एवं चिन्ताबाट मुक्त भएर जीवनमा प्रगति, विकास, सुख, शान्ति र सन्तुलनका अभिलाषी छन् । याद राख्नुहोस्ः भावातीत ध्यान कुनै धर्म नभएर मानवीय चेतनाको आधारमा प्रवर्तित एक विज्ञान हो । यसबाट जीवनमा सुख, शान्ति, समृद्धि र सन्तुलनको विकास हुन्छ ।

भावातीत ध्यानमा गरिएको अनुसन्धानको एउटा नमूना

56% Decrease in Hospitalization Rate in All Categories of Disease

Through Transcendental Meditation



Psychosomatic Medicine 49 (1987): 493–507

भावातीत ध्यानको आवासीय कार्यक्रमः

२ रात र ३ दिन

शुल्क रू १० हजार (आवास, खाना र ध्यान सहित)

स्थानः महर्षि वैदिक इन्चिटच्युट, ब्रह्मानन्द सरस्वती ग्राम, दक्षिणकाली न.पा.-१ बोसन

सम्पर्क मोवाइलहरुः
९८५१०१३०२२ दीपकप्रकास बास्कोटा, अध्यक्ष (पूर्व गृहराज्यमन्त्री)

भावातीत ध्यान शिक्षकहरुः
९८५७०८०७८७ भरतराज पौडेल, ९८५१०३९४७४ माधव अर्याल, ९८५१००३८९४ मीनराज अधिकारी ।

संवित परामर्श मण्डल
आबाल ब्रह्मचारी कविराज देवराज आचार्य
प्रा. शिवगोपाल रिसाल
डा. बिनु बाबा अर्याल
सल्लाहकार
श्रीमती गङ्गा कार्की
श्रीमती माधवी नेपाल
श्रीमती शिवा रिमाल
श्रीमती कमला बस्नेत
श्री नवराज लामिछाने
श्री मोहन चौधरी
प्रकाशक/सम्पादक
अर्जुन लामिछाने (९८५१०५३६०१)
सह-सम्पादक
भागवतश्री न्यौपाने (९८१३०१०२०२)
व्यवस्थापक
बिदुरप्रसाद अधिकारी
सहयोगी
पार्वती सेढाईं
साजसज्जाः
बिपीन सोडारी (९८४९८५६२१०)
मुद्रकः किशोर अफसेट प्रेस

अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।

एक प्रतिको रू. ४५/-
वार्षिक सदस्यता शुल्क रू. ५००/-
आजीवन सदस्यता शुल्क रू. ५,०००/-

ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुऱ्याइ पुण्य कमाउनुहोस् ।

यस पत्रिकामा प्रकाशित लेख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक

सम्पर्क कार्यालय
मैतीदेवीमार्ग, सेतोपुल, काठमाडौं
फोन नम्बर- ०१-४५३४१४१
इमेलः masikgauri@gmail.com/gauri_2062@yahoo.com

वितरक
विश्व स्वतन्त्र संचार
नयाँबानेश्वर, काठमाडौं, फोन नं.ः ९८५१०३०९७२

कर्णाली प्रदेशः सुर्खेत ९८६८८९२३४७ (चैतेजी)
सुदुर पश्चिम कैलाली ९८४९९०३०३३ (हरिजी)
नेपालगञ्जः ९८४८०९५०५९ (गङ्गादास)
वाग्मति प्रदेश हेटौंडाः ९८४५३००६०५
देवघाटधाम, तनहुँ ९८५१०३०९७२
मधेश प्रदेश बर्दिवासः ९८४९२१६२५५
कोशी प्रदेशः ९८०३०९२४१७ (लेखनाथ)

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरू कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष २१, अङ्क ७, २०८२ पूर्णाङ्क २३९

चैत २०८२

आइतवार	१	८	१५	२२	२९
सोमबार	२	९	१६	२३	३०
मङ्गलबार	३	१०	१७	२४	गौरी
बुधवार	४	११	१८	२५	गौरी
बिहीबार	५	१२	१९	२६	गौरी
शुक्रबार	६	१३	२०	२७	गौरी
शनिवार	७	१४	२१	२८	गौरी

गौरीको अनुरोध.....!

यस गौरी मासिकको बार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ ।
कार्यालयः भुवनेश्वरी मार्ग, पशुपति
सम्पर्कः ९८४१५३३७८७, ९८०३८८८६६७ ९८५१०५३६०१

संक्षिप्त महाभारत

राजा ययाति

परम पराक्रमी राजा ययाति पाण्डवहरूका पूर्वज थिए । उनी लडाइँमा कहिल्यै पछि नहट्ने कुशल योद्धा थिए । राज्य विस्तारको क्रममा उनले कहिल्यै पराजय व्यहोर्नुपरेन । प्रजापालक ययातिलाई संसारभरि असल शासकका रूपमा लिने गरिन्थ्यो ।

राजालाई शुक्राचार्यको ठूलो श्राप परेपछि उनी यौवन अवस्थामा नै बूढो देखिए । गाला चाउरी पऱ्यो, दाँत एकाएक झरे, कपाल सेतै भयो । तर उनमा तृष्णा, भोगको लालसा ज्यूँका त्यूँ थियो । उनका वीर तथा पराक्रमी ५ भाइ छोराहरू थिए । आफ्नो त्यो अवस्थाबाट मुक्त हुन र अरू केही समय सांसारिक भोगविलासमा रम्ने हेतुले उनले आफ्ना छोराहरूलाई बोलाएर भने- 'हेर छोराहरू ! म तिमीहरूलाई केही कुरा भन्न चाहन्छु । राज्य विस्तार गर्न र तिमीहरूको हेरचाहमै मेरो धेरै समय गयो । मनोरञ्जन र भोग-विलास गर्ने मेरो चाहना अझै छ । त्यसका लागि तिमीहरू मध्ये कुनै एक भाइले आफ्नो जवानी मलाई दिनुपऱ्यो ।'

जेठा छोराले आफ्नो सुन्दर रूप र बैंस वावुलाई दिन चाहेनन् । उनले सोही प्रस्ताव क्रमिकरूपले माइला, साहिँला, काइलालाई प्रस्ताव राख्दै गए तर कुनै भाइले पनि आफ्नो जवानी दिन मानेनन् । अन्तमा कान्छा छोरा पुरूले आफ्ना वाबुको आग्रहलाई शिरोपर गर्दै आफ्नो रूप र जवानी दिएर ठूलो त्याग गरे । त्यसपछि तुरुन्तै कान्छा छोराको जवानी पाएपछि ययाति मदमस्त तन्नेरी भए । यता कान्छो छोरा पुरू तत्काल कपाल फुलेका, दाँत झरेका, गालामा चाउरी परेका, कुप्रा, वयोवृद्ध बन्न पुगे । राजा जवान भएपछि दुई रानीहरूसँग धेरै समय भोग विलासमा लिप्त भए । दुईटी पत्नीबाट पनि उनको भोग विलासको तृष्णा नमेटिएपछि कुबेरको नन्दन वनमा रहेका अप्सराबाट समेत भोग-लालसालाई पूरा गर्दै गए । त्यसबाट पनि उनको कामवासनाको तृष्णा नमेटिएपछि आफ्ना कान्छा छोरालाई अगाडि बोलाएर भने- 'हेर छोरा अहिले मलाई यस्तो अनुभूति भयो कि भोगविलास, कामवासना भनेको आगोको ज्वाला हो भन्ने कुरा पढेको थिएँ । आगोमा जति घ्यू राख्यो त्यति नै ज्वाला बढ्दै जान्छ तर आगो निभ्दैन । त्यस्तै भोगविलास भनेको पनि जति जति चाहना बढाउँदै गयो उतिनै बढ्दै जाने रहेछ । मान्छेलाई भोगविलास र धनसम्पत्तिले कहिल्यै सन्तुष्टि नहुने भएकाले र तृष्णालाई जसले काबुमा राख्न सक्छ उसैले परमानन्दको बाटो पहिल्याउँदै कामवासना र तृष्णालाई आफैले काबुमा राख्ने प्रयास गर्नुपर्ने रहेछ । राग, द्वेष जानेछ । यसैबाट मोक्ष प्राप्ति नै उसको अन्तिम लक्ष्य बन्छ भन्ने बुझें ।'

बल्ल राजा ययातिलाई आँखा खुल्यो । त्यसपछि राजाले आफ्नो कान्छा छोरा पुरूलाई 'हेर छोरा मैले यो सांसारिक प्रपञ्चको रहस्य जानि सकेपछि अब मलाई तिम्रो जवानी चाहिएन । तिम्रो जवानी म तिमीलाई नै फिर्ता गरेर आफ्नु बूढोपन आफै राख्छु' भन्दै पुरूलाई राजसिंहासनमा बसाले र राजा जङ्गलतर्फ तपस्या गर्न भनी हिंडे । बुढा राजाले केही समय जङ्गलमा बिताएपछि उनी परमधाम भए ।

क्रमशः

प्रस्तुतिः केदारनाथ खनाल,
भीमसेनथापा- ३, तान्द्राङ, गोरखा

सम्पादकीय

शासनमा धर्मको प्रयोग

सनातन धर्ममा 'धर्मो रक्षति रक्षतः' भन्ने उक्ति निकै प्रख्यात छ । हामीले धर्मको रक्षा गर्‍यौं भने त्यो रक्षा गरिएको धर्मले हाम्रो पनि रक्षा गर्दछ । तर हामीले नै धर्मको रक्षा गरेनौं भने त्यो धर्मले हाम्रो पनि रक्षा गर्न सक्दैन । हाम्रो समाजमा धर्मलाई विश्वाससँग पनि जोडेर हेर्ने गरिन्छ । यसैले भनिएको पनि छ-'मानो तो मै गंगा माँ हुँ न मानो तो बहता पानी'।

धर्म केवल मान्ने र नमान्ने कुरामा मात्रै सीमित छैन । व्यापक अर्थमा भन्नुपर्दा धर्म कुनै पनि वस्तुको वास्तविक स्वभाव हो । मानिसमात्र होइन चराचर जगतका सम्पूर्ण प्राणी र प्रकृतिका सबै वस्तुको आफ्नो धर्म हुन्छ । कुनै पनि व्यक्ति वा वस्तुले आफ्नो स्वभाव अनुरुप कर्म गर्नु धर्म हो भने उसले आफ्नो स्वभावभन्दा विपरीत कर्म गर्नु अधर्म हो, अर्थात् पाप कर्म हो । त्यसैले हिजोआजको बुझाइमा भनिएजस्तो मन्दिर धाउनु या पूजापाठ गर्नुमा मात्रै धर्म सीमित नभइ हरेक कर्ममा जोडिएको हुन्छ ।

कुनै पनि मानिसले गर्ने सकारात्मक कर्म नै धर्म हो भने नकारात्मक कर्म नै पाप हो । सकारात्मक कार्यले समाजमा सकारात्मक प्रभाव र नकारात्मक कर्मले नकारात्मक प्रभाव उत्पन्न हुन्छ । सुशासन भन्नु नै सकारात्मक कर्म या धर्म हो भने कुशासन अर्थात् भ्रष्टाचार नकारात्मक कर्म अर्थात् पाप कर्म हो ।

धर्मलाई व्यवहारिक रुपमा प्रयोग गर्ने हो भने अबको शासकले राज्यमा सुशासनको आभास दिलाउनुपर्ने नितान्त आवश्यक छ । सुशासनमा सर्वे भवन्तु सुखिन, सर्वे सन्तु निरामया....को भाव झल्किनु पर्दछ । त्यही सुशासन नै शासकले अनुसरण गर्ने वास्तविक धर्म हो । अस्तु,

यसभित्र

अविच्छिन्न

संक्षिप्त महाभारत — केदारनाथ खनाल — २

सम्पादकीय — ३

कविता

आनन्दिलो चेतना — धर्मानिन्द भारवि — ४

गीताज्ञान

ज्ञान ..... आचार्य खेमराज केशवशरण — ५

आध्यात्मिक वार्ता

संन्यासी तथा..... श्रीमहेन्द्रनाथ गुप्त श्री'म' — ७

भजन

शिवपरिवार — भुवनराज सुवेदी 'शास्त्री' — ८

समसामयिक

वाल्मीकीय....... — सहप्रा. डा. बिनुबाबा अर्याल — ९

चिन्तन

मर्यादा....... — आचार्य सुरज कौण्डिन्य पराजुली — १५

अध्यात्म

वैदिक दर्शनमा..... भागवतश्री न्यौपाने — १९

खोज

ब्राह्मणो... सहप्रा. डा. जनार्दन उपाध्याय — २३

जात्रा/पर्व

पाँहचःरे र घोडेजात्रा — प्रेममान डंगोल — २७

ज्योतिष

उत्तरायण र...... गणेश लम्साल — ३२

समीक्षा

विपूल ग्रन्थः भक्त गाथा — बिना अधिकारी — २९

गतिविधि — ३४

आनन्दिलो चेतना



धर्मानन्द भारवि

मान्छे हो ! मनमुग्ध लक्ष्य नचुनी रोज्यौ नि कोलाहल ‼
मान्छे सक्तछ सोच्न यो विषयमा बन्दै स्वयं निश्छल ।
मान्छे सत्यविचारतर्फ छ भने कल्याणको मार्ग छ
मान्छे चल्छ असत्यमा यदि भने विध्वंशको मूल छ ॥

मान्छे आपसमा मिलाप नगरी सत्प्रेम के बढ्दछ ?
मान्छेबीच अनर्थ द्वन्द्व छ भने हिंसामुखी बन्दछ ।
मान्छे उच्च विचारको हुन सके धर्ती यही स्वर्ग हो
मान्छे तुच्छ विचार रोज्दछ भने धर्ती यही नर्क हो ॥

मान्छे कायर बन्न पुग्छ सहसा आवेगिलो भो भने
मान्छे वीर हुनेछ संयम चुने सत्कार्य रोज्यो भने ।
मान्छेभित्र अमूल्य प्रेमरसको भण्डार रोज्दैन जो
मान्छे राक्षसतुल्य हुन्छ सहसा दुर्भावमा फँस्छ त्यो ॥

मान्छेकै गुणगान गर्न म सकूँ सद्भाव साँचीकन
मान्छेभित्र अथाह मूल्य छ चुनूँ सङ्कल्प बोकीकन ।
मान्छे हो ! मनबाट स्वच्छ समता फैलाउँदै बाँच्नु छ
गैह्रो सोच भयो भने त मनमा सम्भावना खिल्दछ ॥

निष्पापी हुनुको मजा र ममता आदर्श होस् भन्छु म
निस्वार्थी हुनुको खुला मधुरता रोजौँ सबै गुन्छु म ।
निर्दोषी दिलमै रहेर ऋषिले दिन्छन् सधैं सान्त्वना
निष्ठावान् हुनुमै रहन्छ सपना आनन्दिलो चेतना ॥❖

-

-हर्मीचौर, गुल्मी



गीता चौथो अध्यायः
ज्ञान कर्मसंन्यासयोग

–आचार्य खेमराज केशवशरण

स एवायं मया तेऽद्य योगः प्रोक्तः पुरातनः
भक्तोऽसि मे सखा चेति रहस्यं ह्येतदुत्तमम् ।३।

अन्वयः मे भक्तः सखा च असि इति मया स एव योगः अद्य ते प्रोक्तः एतत् हि उत्तम्र रहस्यम् ।

सरलार्थः ए अर्जुन ! तिमी मेरा भक्त र परम प्रिय सखा पनि हौ भनेर मैले तिमीलाई त्यही उहिलेको कुरा पुनः आज बताएँ । यो अत्यन्त उत्तम रहस्यमय छ ।

भावविशारदाः यस श्लोकमा भगवान्ले विशेष कुरा भन्नुभएको छ । स एवायं मया तेऽद्य योगः भनेर योगको अनादिता बताउनु भएको छ । रहस्यं ह्येतदुत्तमम् भनेर यसलाई अत्यन्त रहस्यमय पनि भन्नुभएको छ । अनि बताउनुपर्ने कारणका रूपमा भक्तोऽसि मे सखा भनेर तिमी मेरा भक्त पनि र सखा पनि भएको हुनाले भन्नुभएको छ । यसरी भगवान्ले अर्जुनमाथि आफ्नो भक्तवत्सलता दर्शाउनु भएको छ ।

अर्जुन भगवान्लाई सखाका रूपमा त धेरै अघिदेखि मान्दथे तर अहिले त उनी भक्त भइसकेका छन् । जब उनले शिष्यता ग्रहण गरे, आफूलाई भगवान्ले प्रसन्नता दर्शाए अनि मात्र भगवान्ले उनलाई भक्तका रूपमा मान्यता दिनुभयो र अरू कसैलाई प्राप्त नभएको गीताको उत्तम श्रोता बन्ने सौभाग्य उनलाई प्राप्त भयो ।

महाभारतका पात्रहरूमा एकभन्दा एक उत्तम व्यक्तिहरू नभएका होइनन् । भीष्म पितामह, धर्मराज युधिष्ठिर, महादानी कर्ण यी कहलिएका उदात्त व्यक्तिहरूलाई पनि त्यो सौभाग्य प्राप्त हुन सकेन जुन अर्जुनले प्राप्त गरे । किनभने उनी भगवान्का भक्त थिए । भक्त नबनी भगवान्को वाणी, उहाँको नाम, रूप, लीला र धामको पूर्ण परिचय प्राप्त गर्ने अधिकारी भइन्न । भगवान् आफ्नो रहस्य अरूलाई बताउनुहुन्न । सर्वात्मा, शरणागत भक्तलाई मात्र त्यो सौभाग्य प्रदान गर्नु हुन्छ ।

सामान्य व्यवहारिक दृष्टान्तलाई लिँदा पनि हामी त्यही पाउँछौं । हामी कहाँ धेरै थरी मानिस आउँछन्, जान्छन् । गन्ने, मान्ने, प्रतिष्ठित, भद्रभलाद्मी हामी कहाँ आइपुग्दछन् । तिनीहरूलाई हामी आफ्नो बैठक कोठामा स्वागत गर्दछौं । फलफूल मिठाई चिया जे अनुकूल पर्छ, दिन्छौं, एकछिनका लागि बैठक कोठा सजाउने सामग्री आफूसँग नभए घर छिमेकबाट ल्याएर पनि सजाउँछौं र त्यहीबाट फेरि फेरि पनि आउनुहोला भन्दै बिदा दिन्छौं । उनीहरू पनि बैठक कोठाभित्रै स्वागत सत्कार स्वीकार गरेर जान्छन् । हाम्रो घरको भित्री रहस्य हामी तिनलाई बुझ्ने मौका दिँदैनौं । तर हामी कहाँ एउटा सेवक भन्ने यस्तो व्यक्ति हुन्छ जसले त्यस्तो स्वागत त पाउँदैन तर हाम्रो घरभित्रका सबै कुरा जान्दछ । किनभने विश्वास प्राप्त गरेर ऊ हाम्रो भइसकेको हुन्छ । ऊ हामीलाई आफ्नो सम्झन्छ र हामी उसलाई आफ्नो सम्झन्छौं ।

त्यसैगरी भगवान् पनि आफूलाई ज्ञानी ध्यानी तपस्वी आदि मान्दै स्वर्ग मुक्ति वैभव आदिको लालसाले आउनेहरूलाई बाहिर बैठक कोठामै स्वागत गरेर उनले

चाहेको कुरा पूरा गरिदिएर बिदा गरिदिनु हुन्छ, तर आफ्नो अनन्य ऐश्वर्य, सौशील्य, माधुर्य, वात्सल्य आदि गुण गरिमालाई आफ्ना नाम रूप लीला धामको रहस्यलाई बुझ्ने मौका तिनलाई दिनुहुन्न । प्रपन्न बनेर शरणागति ग्रहण गरेर उहाँकै बनिसकेका भक्तहरूलाई चाहिँ आफ्नो परम रहस्य पनि नबिराई बताइदिनु हुन्छ ।

अर्जुन उवाच

अपरं भवतो जन्म परं जन्म विवस्वतः ।

कथमेतद्विजानीयां त्वमादौ प्रोक्तवानिति ।४।

अन्मयः भवतः जनन अश्यम् पिवस्वत जन्म परम् । त्वम् आदौ प्रोक्तवान् इति एतद् कथं विजानीयाम् ?

सरलार्थः हजुरको जन्म धेरैपछि यस युगमा भएको हो । तर विवस्वानको जन्म त धेरैअघि भएको हो । त्यसैले हजुरले नै कल्पको आदिमा अदिति नन्दन सूर्यदेवलाई यो ज्ञान दिनुभएको हो भनेर म कसरी मानु ?

भावविशारदाः यसो त अर्जुनले कैयौं पल्ट पहिले नै भगवान् मनुष्यकारमा प्रकट हुनुभएको भएपनि उहाँ मनुष्यकारमा पूर्ण परब्रह्म परमात्मा सर्वशक्तिमान सर्वेश्वर नै हुनुहुन्छ भन्ने बुझेका थिए । महाभारत सभापर्वको ८८ औँ अध्याय र वनपर्वको बाह्रौं अध्यायका प्रशस्त दृश्यले यसको पुष्टि गर्दछन् । तर पनि भगवान्का अवतारको रहस्य बुझ्ने आफ्नो उत्सुकता साथै जनसाधारणका मनमा भगवान्का सम्बन्धमा उठ्ने जिज्ञासा समेतको समाधानमा सघाउ पुऱ्याउने उद्देश्यले अर्जुनले यहाँ यो प्रश्न प्रस्तुत गरेका छन् । य.

यो प्रश्न गराइले भगवान्का जन्मरहस्य बुझ्नलाई अर्जुनका मनमा उठेको कौतुहलको जानकारी दिन्छ । भक्त र प्रिय सखाको रूपमा प्रभुले उनलाई अंगीकार गरेकामा उनको उत्साह अझ थपियो र उनले यस प्रकार उहाँसित स्पष्ट रूपमा सोधे । क्रमशः

(आचार्य खेमराज केशवशरण वि.सं. २०७४ साउन १८ गते स्वर्गारोहण हुनभएको हो । गौरी मासिकले प्रकाशन आरम्भसँगै उहाँका लेखरचनालाई प्राथमिकताका साथ प्रकाशन गर्दै आएको थियो । साधनाका पाइला स्तम्भ झण्डै एक दशक निरन्तर प्रकाशन गरियो भने त्यसपछि साढे दुई वर्ष दैवी सम्पदा प्रकाशन गरियो । आम पाठकहरूको माग एवम् रूचीलाई मध्यनजर गरी पछिल्ला समयमा उहाँले लेख्नुभएको र उहाँकै पारिवारिक श्रोतबाट प्राप्त भएको गीताको भावार्थचन्द्रिका हामीले गौरीका प्रकाशनमा निरन्तर प्रकाशित गर्दै आइरहेका छौं ।) ❖

चैत महिनाका पर्व तथा विदा

१ गते मीन सङ्क्रान्ति/पापमोचनी एकादशी व्रत
२ गते सोम प्रदोष व्रत
३ गते पाहाँचःह्रे
४ गते घोडेजात्रा (काठमाडौँ उपत्यकालाई बिदा)
५ गते तेल लगाउने र नीमको पात खाने दिन
७ गते गौरी व्रत/मत्स्य जयन्ती व्रत/विश्व कविता दिवस
१२ गते चैते दशैँ/श्री स्वेत मत्स्यन्द्रनाथ रथ यात्रा/गोरखकाली पूजा
१३ गते श्री राम नवमी व्रत
१५ गते कामदा एकादशी व्रत
१६ गते सोम प्रदोष व्रत
१७ गते महावीर जयन्ती
१८ गते पूर्णिमा व्रत
१९ गते बैशाख स्नान प्रारम्भ/हनुमान जयन्ती
२२ गते स्वामी शशिधर जन्मजयन्ती
२४ गते विश्व स्वास्थ्य दिवस
३० गते वरूथिनी एकादशी व्रत

सन्तोषः त्रिषु कर्तव्यः स्वदारे भोजने धने ।
त्रिषु चैव न कर्तव्योऽध्ययने जपदानयोः ॥

हामी ३ वटा कुराहरू; आफ्नो दम्पति आफूलाई प्राप्त भएको खाने कुरा र सम्पतिमा सधैं सन्तुष्ट रहनुपर्छ भने अरू तीनवटा कुरा- अध्ययन, आफ्नो काम र अरूको सेवामा कहिल्यै सन्तुष्ट हुनुहुँदैन अर्थात् निरन्तर गरिरहनुपर्छ ।

उद्यमेन हि सिद्धयन्ति कार्याणि न मनोरथैः ।
न हि सुप्तस्य सिंहस्य प्रविशन्ति मुखे मृगाः ॥

जसरी सुतेर बसेको सिंहले चाहदैमा उसको मुखमा आहारा आउँदैन, त्यसैगरी हामीले पनि चाहना गर्दैमा मात्रै कुनै पनि काम सम्पन्न हुँदैन । मिहिनेतद्वारा नै सबै काम सम्पन्न गर्नुपर्छ ।

श्रीरामकृष्ण तथा ज्ञानयोग

–श्री महेन्द्रनाथ गुप्त श्री 'म'

अघिल्लो अंकबाट क्रमशः

संन्यासी तथा सञ्चय । पूर्णज्ञान अनि प्रेमका लक्षण

"राम र लक्ष्मण पम्पा सरोवरमा गएका थिए । लक्ष्मणले देखे, एउटा काग व्याकुल भएर बारबार पानी पिउन आइरहन्थ्यो तर पिउँदैनथ्यो । रामलाई सोध्दा उहाँले भन्नुभयो, "भाइ, यो काग परमभक्त छ । दिनरात यो रामनाम जपिरहन्छ । यता प्यासको मारले छाती चिरिरहेको छ, परन्तु पानी पिउन सक्दैन । सोच्छ–पानी पिउन लागे भने जप छुटिहाल्छ ।" मैले पूर्णिमाको दिनमा हलधारीसँग सोधेको थिएँ, "दादा, आज के औँशी हो ?" (सबै जना हाँस्छन्) हाँस्दै हो, यो साँचो हो । ज्ञानी पुरूषको पहिचान हो कि ऊ पूर्णिमा र औँशीमा भेद पाउँदैन ।

तर हलधारीलाई यस विषयमा कसले विश्वास दिलाउन सकोस् ? उसले भन्यो, "यो निश्चय कलिकाल नै हो । ऊ (श्रीरामकृष्ण) पूर्णिमा र औँशीका भेद जान्दैन तैपनि मानिसहरू उसैलाई आदर गर्छन् ।

(यसैबखत महिमाचरण आए)

श्रीरामकृष्ण (हडबडसाथ)– आउनुहोस्, बस्नुहोस् । (विजय आदिहरूसँग) यस अवस्थामा दिन र तिथिको ख्याल रहँदैनथ्यो । त्यस दिन वेणीपालको घर कम्पाउन्डमा उत्सव थियो, मैले दिन बिर्सिएँ ।

फलानो दिन सङ्क्रान्ति हो, राम्रोसँग ईश्वरको नाम लिनेछु भनेँ तर अब याद रहँदैन । (केही बेर विचार गरेपछि) तर यदि कोही आउनेछ भने त्यसको चाहिँ याद रहन्छ । ईश्वरमाथि सोह्रै आना मन जाँदाखेरि यो अवस्था हुन्छ । रामले सोध्नुभयो, "हनुमान, तिमीले सीताको खबर त लिएर आयौ, अँ त उनलाई कस्तो देख्यौ ? भन मलाई सुन्ने इच्छा छ ।" हनुमानले भने, "राम, मैले देखेँ सीताको शरीर मात्र रहेको छ, उसमा मन–प्राण छैन । हजुरकै पादपद्महरूमा उहाँले तिनलाई समर्पण गर्नुभएको छ ।

यसैले केवल शरीर मात्र रहिरहेको छ अनि मैले देखेँ काल पनि, यमराज पनि पासमै थियो तर उसले गरोस् के ? त्यहाँ त शरीर मात्रै छ, मन र प्राण त छँदै छैन ।"

"जसको चिन्ता गरिन्छ, उसैको सत्ता आउँछ । दिनरात ईश्वरको चिन्ता गर्दै रहँदाखेरि ईश्वरको सत्ता आउँछ । नुनको पुतली समुद्रको थाहा लिन गयो त गलेर खुद त्यही मिल्यो । पुस्तकहरू वा शास्त्रहरूको उद्देश्य के हो ? ईश्वरलाभ । साधुको पुस्तकलाई एकजनाले खोलेर हेऱ्यो, त्यसमा खालि 'रामनाम' लेखिएको थियो, अरू केही पनि थिएन ।"

"ईश्वरमा प्रीति भएपछि थोरै मात्रै उद्दीपन हुने गर्छ । त्यसबखत एकपालि रामनाम गर्दाखेरि कोटी सन्ध्योपासना गरेको फल हुन्छ ।"

"मेघलाई देखेर हजुरलाई उद्दीपन हुन्छ । आनन्दसँग पङ्खा फैलाई नाच्न थाल्छ । श्रीमती राधालाई पनि यस्तै हुने गर्थ्यो । मेघ देखेर उहाँलाई श्रीकृष्णको सम्झना आउँथ्यो ।"

"चैतन्यदेव मेडगाउँको नजिकै भएर जाँदै हुनुहुन्थ्यो । उहाँले सुन्नुभएछ, यसै गाउँको माटोबाट ढोल बन्छ । बस भावावेशमा विह्वल हुनुभयो किनकि सङ्कीर्तन समयमा ढोलकै बाजा हुन्छ ।"

"उद्दीपन कसलाई हुन्छ ? जसको विषयबुद्धि हटेको हुन्छ, जसको विषयरस सुक्न गएको छ, उसलाई अलिकति हुँदैमा नै उद्दीपना हुन्छ । सलाई काँटी भिजेको छ भने जति कोर्दा पनि बल्न सक्दैन तर भिजेको काँटी सुक्न गयो भने अलिकति कोर्नेबित्तिकै बल्छ ।"

"देहमा सुख र दुःख लागिरहेकै हुन्छन् । जसलाई ईश्वरलाभ भइसकेको छ, ऊ मन, प्राण, आत्मा सबै उहाँलाई दिइदिन्छ । पम्पा सरोवरमा नुहाउनेबखत राम, लक्ष्मणले सरोवर किनाराको माटोमा धनुष गाडेर राखे । नुहाएर आएपछि लक्ष्मणले धनुष झिक्दा देखे, धनुषको टुप्पामा रगत लागेको थियो । रामले देखेर भन्नुभयो, ' लाग्छ कुनै जीव हिंसा भएछ ।' लक्ष्मणले माटो खोस्रेर हेर्दा एउटा ठूलो भ्यागुतो मरणासन्न भइरहेको थियो । रामले मायालाग्दो स्वरमा भन्नुभयो, 'तिमीले किन आवाज नदिएको, हामीले तिमीलाई जोगाउँथ्यौँ । सर्पले समातेको बेलामा त खुब चिच्याउँछौ ।' भ्यागुतोले भन्यो, 'राम, जब सर्पले पक्रिएको हुन्छ, त्यसबखत म कराउँछु, हे राम, रक्षा गर, रक्षा गर ।' तर अब देख्छु, राम स्वयम् मलाई मार्दै हुनुहुन्छ, यसैले चुपचाप रहनुपर्‍यो ।" क्रमशः

भावानुवादः प्रा.डा. शङ्करराज पन्त, मैतीदेवी

श्रोतः श्रीरामकृष्ण परमहंशको दैनिकी

श्रीरामकृष्णवचनसुधा

नेपालीमा !

श्रीरामकृष्ण परमहंसको दैनिकीमा आधारित आध्यात्मिक ज्ञानको बहुउपयोगी पुस्तक 'श्रीरामकृष्णवचनामृत'को नेपाली संस्करण श्रीरामकृष्ण वचनसुधा प्रकाशन भएको छ । पुस्तक प्राप्तिको निम्ति सम्पर्क गर्नुहोला–



श्रीरामकृष्ण आश्रम, नेपाल

ज्ञानेश्वर काठमाडौं,

मो. ९८६२५९६५७२

गौरी मासिक पत्रिकाको विषयमा कुनै जानकारी या जिज्ञासा भएमा सम्पर्क गर्नुहोला ! थप जानकारीको लागिः ०१-४५३४१४१

कविता

शिव परिवार

–भुवनराज सुवेदी 'शास्त्री'

श्री शम्भू हातमा त्रिशूल साथमा छ सुन्दर ।
भुजङ्ग कण्ठमा श्रीचन्द्र माथमा सुशोभित ॥
त्रिपुण्ड भालमा छ भष्म अङ्गमा छ लेपन ।
सवारी नन्दीको छ साथ गौरीको मनोहर ॥

गणेश पुत्र हुन् कुमार पुत्र हुन् अलौकिक
गणेश चढे मुषकै कुमार चढे मयुर ॥
गलाछ सर्प शम्भुको वसाह फेरी वाहन ।
छ फेरी पार्वती सवारी सिंहको सुशोभित ॥

श्री शैव आँगनै सवारी वस्दछन् मजासँग ।
मिलेर बस्दछन् सबै संगै समान छन् र त ॥
वसाह घाँसमा छ सिंह मांसमा सधैं र त ।
मुसा छ धानमा छ सर्प दुधमा सधैं र त ॥

मिलेर बस्दछन् मिलेर हिड्दछन् सधैं त्यहाँ ।
अआफ्नु कामको हिसाव गर्नि हो सधैं त्यहाँ ॥
मिलेर खानि हो मिलेर बस्नि हो सधैं त्यहाँ ।
सबै छ इज्यतै समान गर्दछन् शिवै त्यहाँ ॥

शिवै र गौरीको छ वास सुन्दरै समानता ।
छ यो त शम्भुको छ यो त गौरीको अपारता ॥
शिवत्व शैवको महत्त्व गौरीको बुझे यहाँ
जतातत‌ै हुने थियो समानता बुझे यहाँ ॥❖

–वालुवाटार, काठमाडौं

वाल्मीकीय रामायणमा नारी

सहप्रा. डा. बिनु बाबा अर्याल

वेद र उपनिषद्‌को संस्कृत भाषिक संरचनाको युगपछि पौराणिक लौकिक संस्कृत भाषामा काव्यको रचना गर्ने प्रथम कवि वाल्मिकी हुन् । उनले रामायण काव्य रचना गरे । वाल्मिकीद्वारा रचित हुनाले यसलाई वाल्मिकीयरामायण भनिन्छ । उक्त रामायण शिष्टता, मर्यादा र नैतिकताद्वारा समाजलाई सुसंस्कृत र सभ्य बनाउने उद्देश्यले रचिएको पाइन्छ ।

आर्य संस्कृति अध्यात्ममा निर्धारित हुनाले हामी परिणाममा जीवनको सच्चा सुख पाउँदछौं । जीवनको प्रत्येक क्षेत्रमा संयमशीलता, नियमबद्धता, सरलता, पवित्रता, कर्मशीलता र चेतनालाई महत्त्व दिनाले नै कुनै पनि राष्ट्रमा नागरिकले सुख, खुसी र उन्नति प्राप्त गर्दछन् । तब मातृत्व र पितृत्वको पूर्ण विकास देख्न पाइन्छ । सोको उदाहरण रामायण हो ।

राज्य व्यवस्थालाई नारीको हठले चलाई राज्यको उत्तराधिकारी सम्बन्धी व्यवस्थालाई उल्ट्याउने सौतेनी आमा कैकेयीका कृत्यहरूका भागी रहेका रामले आजीवन एक पत्नीव्रतलाई अंगाली सामाजिक आदर्शको जीवन्त नमुना प्रस्तुत गरे । त्यसैले रामको रामराज्यलाई चेतावनी दिने कुनै ब्राह्मण वा क्षेत्रीय त्यस समाजमा फेरि कहिले देखा परेन । रामराज्य छँदासम्म उनको नारी जातिप्रतिको सम्मानको यो आदर्शलाई वाल्मीकिले युगौँ युगसम्म जीवन्त राखेका छन् ।

वाल्मीकीय रामायणले प्रस्तुत गरेको समाज विशेषगरी तत्कालीन सम्भ्रान्त र उच्चवर्गीय समाज नै हो । वाल्मीकीय रामायणको अयोध्याकाण्डदेखि युद्धकाण्डसम्मको राम कथाका सन्दर्भमा नारी सम्बन्धी घटनाहरू कथाका रूपमा मुख्य कडी बनेर देखा परेका छन् । ती घटनाका मुख्य चरित्र पनि नारी नै छन् । ती प्रमुख नारीहरू हुन्- सीता, कौशल्या, कैकेही, सुमित्रा, उर्मिला, मन्थरा, ताडका, सुरसा, अनसुया, अहल्या, सबरी, तारा, सुवर्णखा, त्रिजता, शर्मा, मन्दोदरी । यी नारीहरूले दिएको सन्देश आज पनि उत्तिकै सान्दर्भिक छ ।

१. सीता

भगवान् रामकी पत्नी सीता रामायण महाकाव्यकी केन्द्रीय चरित्र हुन् । यिनको चरित्र र कार्यको वृत्तमा सम्पूर्ण राममाणको रचना भएको छ । नारीको उत्तम आदर्श सीताले स्थापित गरेकी छन् । वाल्मीकिले आफ्नो ग्रन्थ रामायणमा सीतालाई एक पति परायण आदर्श पत्नीका रूपमा प्रस्तुत गरेका छन् ।

पिता दशरथका तीन पत्नी भएको अनुभव गरेका रामले आजीवन एक पत्नी निष्ठामा रही सीताबाहेक अरू स्त्रीलाई स्वीकार गरेनन् । साथै एक पत्नीव्रतको आचरण गर्ने क्षत्रियका पत्नीहरूले कस्तो आचरण गर्नुपर्दछ त्यसको आदर्श नारी चरित्रको रूपमा सीताको चरित्रलाई अगाडि सारेर देखाए । यसैले सीता आर्य जातिको सतित्व, निष्ठा र पवित्रताको जीवन्त एवं साकार प्रतिमूर्ति बनेकी हुन् ।

महर्षि वाल्मीकिले सीतालाई कुनै छल प्रपञ्च नजानेकी विशुद्ध आचरण भएकी नारीको रूपमा प्रस्तुत गरेका छन् । उनी आफ्नो नारी चरित्रलाई विशुद्ध रूपमा जोगाउन सक्ने सती सादवी नारीका रूपमा मात्रै यहाँ चित्रित छिन् । रामले वनमा जाँदा आफूलाई छोडेर जाने हुन् कि भन्ने डरले रामसँग उनले केही कटुवचन पनि बोलेकी छिन् । राम कुनै सहायता विना राक्षसबाट मारिने हुन् कि भन्ने भयले रामलाई सहयोग गर्न जाने आज्ञा दिने क्रममा लक्ष्मणप्रति कटुवचन बोलेर केही मर्यादा भङ्ग गरेकी छन् । यी दुई स्थितिमा बाहेक सीता नितान्त पति

परायण सत्यवती धैर्यशालिनी आदर्श हिन्दु नारीकै रूपमा रहेकी छिन् ।

रामायणकालीन समाज र राजनीतिमा नारीलाई राजाकी सहधारिणी नभई वंशपरम्परा कायम राख्ने अर्धाङ्गिनीका रूपमा चित्रण गरिएको छ । यसका लागि सीताले अग्निपरीक्षा जस्ता अनेक कष्टबाट गुज्रनु पर्‍यो । सीताको संघर्षबाट हिन्दू नारी जसमाथि दुःख कष्टको आदिवेहरी आए पनि अटल रहेर मानसिक सन्तुलनलाई बिग्रन दिनु हुँदैन भन्ने सन्देश मिल्छ ।

२. कौशल्या

रामायणमा महारानी कौशल्या महाराज दशरथकी जेठी पत्नी र भगवान् श्रीरामकी माता थिइन् । कौशल्याको लागि राम जस्तो निरपराध पुत्रलाई वन जान दिने आदेश अनुचित थियो तर रोक्दा कुसंस्कारको विजारोपण हुन्छ भन्ने भय थियो । त्यसैले उनी रामको बाटोमा बाधक बनिनन् । कर्तव्य परायण, धर्मशीलता र त्यागकी मूर्ति माता कौशल्याले वन जान सहर्ष स्वीकार गरिन् ।

३. कैकेयी

केकय राज्यकी राजकुमारी कैकेयीको अयोध्याका राजा दशरथसँग दोस्रो पत्नीको रूपमा विवाह भएको थियो। यिनले कुनै देवाशुर संग्राममा देवताहरूको सहयोगका निम्ति जाँदा दशरथको रथको सारथी बनेर उनलाई संकटबाट छुटाएकी थिइन् । अतः यिनी युद्धकलाकी पारङ्गत पनि थिइन् भन्न सकिन्छ । त्यस कार्यबाट खुसी भएर राजा दशरथले कैकैयीलाई तत्काल दुईवटा बर माग्न भनेका थिए । उनले त्यसबेला वर मागिनन् ।

कौशल्या पुत्र रामलाई युवराज पदमा अभिषेक गर्ने तयारी हुँदा सुरूमा यिनी खुसी भएकी थिइन् । तर मन्थराले यिनी भित्रको दुष्ट प्रवृत्तिलाई जगाई वर माग्न लगाइन् । अनि यिनले राजा दशरथलाई विवस बनाएर भरतलाई तत्काल राज्यभिषेक र कौशल्या पुत्र रामलाई १४ वर्षको बनवास मागिन् ।

कैकेयीको जन्म भगवान् श्रीरामको लीलामा प्रधान कार्य गर्नका लागि भएको थियो । यदि कैकेयी श्रीरामलाई वन पठाउने कारण नबनेको भए श्रीरामको लिलाकार्य सम्पन्न हुँदैनथ्यो । न सीताको हरण हुन्थ्यो न आफ्ना सेनासहित रावणको जीवन समाप्त हुन्थ्यो ।

श्रीरामलाई राजगद्दीमा राख्नको लागि फर्काएर लैजान आएको भरतलाई भगवान् श्रीरामको रहस्य जान्ने महर्षी वशिष्ठले बताए कि श्रीराम साक्षात नारायण हुन् । पूर्वकालमा ब्रह्माले रावणलाई मार्न प्रार्थना गरेकोले श्रीरामले यहाँ दशरथको पुत्रको रूपमा अवतार लिएको हो । श्रीसीता साक्षात योगमाया हुन् । लक्ष्मण शेषको अवतार हुन् जो सदा श्रीरामको सेवामा लागिरहन्छन् । श्रीरामलाई रावण मार्नु छ त्यसैले उनलाई वनमा रहनु पर्दछ । तिम्रो माता कैकेयीको केही दोष छैन । उनी निमित्तको पात्र मात्र हुन् भनेपछि भरत श्रीरामको पाउको खराउ लिएर गएको प्रसङ्ग पाइन्छ ।

कैकेयी वात्सल्ययुक्त धर्म परायणा बुद्धिमती आदर्श पतिव्रता विरङ्गना थिइन् । उनी भगवान् श्रीरामको अनन्य भक्त थिइन् । उनको जस्तो किसिमले बदनाम गरिएको छ त्यो उचित छैन । रामप्रति अन्तरंग प्रीतिका करण नै अनन्य रामभक्त भरतलाई जन्माइन् ।

४. सुमित्रा

अयोध्या नरेश दशरथकी यी तेस्री रानी हुन् । यिनीबाट लक्ष्मण र शत्रुघ्न दुई सुपुत्रहरूको जन्म भयो । उनीहरू दुवै आफ्नी माताको आज्ञाकारी थिए । पिताबाट वनवासको आज्ञा पाएपछि श्रीरामले माता कौशल्यासँग त आज्ञा दिलुभयो तर सुमित्रासँग आज्ञा नलिई लक्ष्मणलाई लिएर जानुभयो । सुमित्राले दाजु–भाउजूको सेवा गर्ने आज्ञा दिँदै लक्ष्मणलाई वनवास पठाउनुभयो ।

राम दशरथ विहिमा विद्विजनाकात्मजाम् ।
अयोध्यामटवीं विधि गच्छतात यथासुखम् ॥

अयोध्या ४०/०९

(छोरा ! रामलाई नै पिता दशरथ मान जनकपुत्री सीतालाई नै आफ्नो आमा जान र वनलाई अयोध्या ठान र सुखपूर्वक यहाँबाट प्रस्थान गर ।)

लक्ष्मण रामको काममा आए । उनलाई जन्म दिने म सुपुत्रवती नै भएँ । मेरो कोख सफल भयो भन्ने सुमित्राको यस्तो आदर्शले उनी सहनशीलता र वात्सल्ययुक्त विदूषीको रूपमा देखा पर्दछिन् ।

५. उर्मिला

मिथिला नरेश जनकका दुई छोरीमध्येकी कान्छी हुन् उर्मिला । एउटै बाबुका छोरी हुनाले सीता र उर्मिलाका

बीच बढी स्नेह हुनु स्वभाविक थियो । रामको वनवासका सहयात्री रहेका लक्ष्मणको भातृ प्रेमको आशय बुझेकी उर्मिलाले उनलाई वनवास जान नरोकेकी मात्र नभई १४ वर्षको दीर्घकालसम्म लक्ष्मणकै सतित्वमा रही आफ्नो जीवन बिताइन् । त्यो उनको त्याग र प्रेम थियो तर बाल्मिकीले राम र सीता बीचको अनन्य प्रेम भावको चर्चा आफ्नो महाकाव्य भरि गरे पनि लक्ष्मण र उर्मिलाको बीचको आत्मीय भावको उल्लेख कहीँ पनि गरेका पाइँदैनन् । १४ वर्षका लागि राम र सीतासँग वनवास जान दृढ बनेका लक्ष्मणको हृदयको कुनै कुनामा उर्मिलाप्रतिको प्रेम महाकाव्यको कुनै पनि अंशमा प्रकट नहुनुले न्याय नगरेका हुन् कि ? भन्ने प्रश्न उठ्दछ । दाइप्रतिको प्रेमभाव र आफ्नो कर्तव्यमा दत्तचित्त भएर लाग्ने लक्ष्मणलाई एकलभ्यको विशेषण दिन गल्ती हुँदैन होला ।

६. मन्थरा

रावणका कथावस्तुमा मन्थरा नामको चरित्र दुष्टता, क्रुरता र कपटताका प्रतीकका रूपमा देखा पर्दछ । राजा दशरथसँग विवाह भएर आउँदा कैकेयीको दासीको रूपमा भित्रिएकी मन्थरा राम कथाका संरचनामा कारक पात्र मध्येकी प्रमुख रहेकी छन् । अयोध्या दरबारमा रामलाई युवराज पदमा राज्यभिषेक गर्ने भव्य तयारी भइरहँदा कूटनीति एवं जालझेल र कपट गर्दछे । कैकेयीलाई दुई वर माग्न भनेको विगतको घटनाको सम्झना गराउँदै रामलाई १४ वर्षको वनवास र भरतलाई राज्याभिषेकको वाचा गराउने कुराको बिउ रोपिदिन्छे । यही बीज नै अन्तत रामायण युद्धको कारण बन्न पुग्छ ।

वाल्मीकीले मन्थरालाई कुटिल बुद्धि भएकी नारीका रूपमा मात्र नभई बुद्धि अनुसार शरीर पनि कुटिल बाङ्गो भएकी नारीका रूपमा प्रस्तुत गरेका छन् ।

७. ताडका

म्लेच्छ जातिका सुकेतु कि छोरी ताडका आफ्नो बाबुजस्तै अत्यन्त बलवती थिइ । उसको सुन्दर नामको युवकसँग विवाह भयो । र ती दुईका बीच जन्मेको छोराको नाम मारिच रह्यो । दण्डक वनमा बसोबास गर्ने ती दम्पतिले त्यहाँ रहेका अगस्त्य ऋषिलाई दुःख दिने गरेकाले ऋषिले ती दम्पति र तिनीहरूबाट जन्मिएको सन्तानलाई नरभक्षी राक्षस बन्ने श्राप दिए । त्यसपछि ताडकाले ऋषिहरूलाई झन् दुःख दिन थाली । ताडकासँग सम्बन्धित उपयुक्त प्रसङ्गको चर्चा गर्दै विश्वामित्रले रामलाई ताडकाको वध गर्न उत्प्रेरित गरे । ताडका स्त्री जाति भएकीले राम उसलाई मार्न अनिच्छुक थिए । तत्कालीन समयमा क्षेत्रीय धर्म र युद्ध सम्बन्धी नियम आचरण अनुसार स्त्रीहत्या निसिद्ध थियो । तर विश्वामित्रले भने

न हि ते स्त्री वधकृते घृणाकार्य नरोत्तम
चतुर्वण्यम हितार्थही कर्तव्यम राज सुनुना । (बालकाण्ड २५/१७)

(नारद श्रेष्ठ तिमी स्त्रीवधको कामलाई घृणा नगर । एउटा राजपुत्रले चार वर्ण भलाइका निम्ति स्त्री हत्या गर्नु परे पनि पछि हट्नुहुन्न ।)

बालकाण्डको ताडका वधबाहेक अन्य कुनै पनि प्रसङ्गमा रामले स्त्रीहत्या गरेको पाइँदैन । तर पनि राम यस मामलामा पनि आदर्शरहित छैनन् ।

८. सुरसा

वाल्मिकीले आफ्नो काव्यमा प्रयोग गरेका सुरसा कुनै पात्र होइन । यो चरित्र हो । हनुमान लङ्कातर्फ वायु बेगले जाने क्रममा मार्गमा देवता गन्धर्व र महर्षीहरूले हनुमानमा रहेको शक्तिको परीक्षण लिन उत्पन्न गरिएकी एक नारी बिम्बका रूपमा बाल्मिकीले सुरसालाई लिएका छन् । मार्गमा विशाल मुख बाएर हनुमानलाई निल्न तत्पर रहेकी सुरशाको मुख जति फैलिँदै जान्थ्यो हनुमान आफ्नो आकारलाई त्यत्तिकै बढाउँदै जान्थे । आखिर सययोजन ठूलो सुरसाको मुखभित्र एक औंला बराबरको रूप लिएर बसेका हनुमानले बाहिर सुरसा समेत लिएर आफ्नो लंकातर्फको गतिलाई अगाडि बढाएका छन् । यसमा नारी शक्ति र हनुमान शक्तिको बेजोडमा हनुमानले बुद्धिमत्तापूर्ण सङ्कट पार गर्न सके भनेर हनुमानको शक्तिको उजागर गरेका छन् ।

९. अनसुया

मनुकी दौहित्री भगवान् ब्रह्माकी नातिनी प्रजापति कर्दमकी छोरी तथा साख्यशास्त्रका प्रवर्तक भगवान् विष्णुको अवतार सिद्धेश्वर कपिलकी जेठी दिदी अनसुया महर्षी अत्रिकी पत्नी हुन् । यिनको पतिव्रताको महिमा अपार छ ।

चित्रकुटको प्रदेशमा महर्षी अत्रीले आश्रम बनाएका थिए र अनसुया उनको सेवामा रहेकी थिइन् । उनले पानी

छैन भनेर जवाफ दिन नसकेर महादेवको जटामा रहेकी गङ्गालाई आउ आमा यस बच्चीलाई आफ्ना आराध्यको अर्चना गर्नको लागि जल देऊ भनी क्षणभर आँखा बन्द गरिन् । आँखा उघारेर हेर्दा उनी जहाँ उभिएकी थिइन् त्यहाँ उनको पैतालाको नजिक र अगलबगलबाट निर्मल गंगाजीको धारा निस्केको देखिन् । आजसम्म चित्रकुटको अत्रि आश्रममा टाढासम्म जल तप तप भएर खसिरहेकी छन् । त्यो जल एकत्र भएर मन्दाकिनीको प्रवाह बन्दछ । उनको पतिभक्ति देवलोक मात्र होइन ब्रह्मलोक, बैकुण्ठसम्म पनि गुन्जिरहेको छ । उनको पातिव्रत्यको प्रशंसा सुनेर उमा, लक्ष्मी र ब्रह्माणीलाई ईर्ष्या लाग्यो । पत्नीहरूको आग्रहले शिव विष्णु ब्रह्मा अनसुयाको धर्म परीक्षा लिनको लागि विवस भए ।

महर्षी अत्री वनमा फल समिदा लिन गएका थिए । ती ३ तेजस्वी अतिथि सँगसँगै उनको आश्रममा पुगे । तीनै जनाबाट आफूहरू धेरै भोकाएको सुनेपछि अनसुयाले आसन दिइन्, जल दिइन् तर अतिथिहरूले एक अनौठो कुरा गरे । जबसम्म तपाईँ नाङ्गी भएर आहारा दिनुहुन्न हामी त्यो खाँदैनौं ।

त्यो सुनेपछि अनसुयाले एकछिन आँखा बन्द गरेर बसिन् र ती तीनै जनालाई हातमा पानी लिएर छर्किदिइन् । ती त्रिदेव साना नवजात बच्चा बनेर रून लागे । अब माताले तिनीहरूलाई कसरी राख्छिन् ? कसरी दुध खुवाउँछिन् ? कसरी स्याहार गर्छिन् ? त्यसको प्रश्न नै कहाँ रह्यो यसरी खाने र यसरी नखाने मनन के पो रह्यो ?

महर्षी वनबाट आए । पत्नीले उनलाई तीन पुत्र पाएको मङ्गल समाचार दिइन् । अत्रि आश्रममा तीनजना बालकको पीडाले सुन्दर वातावरण बन्यो तर कैलाश, बैकुण्ठ र ब्रह्मलोकमा भने लामो प्रतिक्षा असह्य हुन गयो । प्रतिक्षा सहन गर्न नसक्ने भएपछि तीनै जना देवी एकत्र भए । तीनै जनाले आफ्नो अपराध क्षमा गर्नुहोस् भनी अनसुयाको चरणमा ढोगेर भने "अब हामीलाई हाम्रो स्वामी प्राप्त हुने अनुग्रह गर्नुहोस् ।"

अनसुयाले त्रिदेवलाई उनको वास्तविक रूप दिइन् । ती तीनैवटाले माता अनसुयाको वात्सल्यको स्वाद लिइसकेका थिए । तिनीहरू उनलाई छाड्न तत्पर थिएनन् । आफ्नो ११ अंशले तिनीहरू महर्षी अत्रिका पुत्र बने । भगवान् विष्णुको अंशबाट दत्तात्रेय, शंकरको अंशबाट दुर्भाषा र ब्रह्माको अंशबाट चन्द्रमा बने । मर्यादा पुरूषोत्तम श्रीराम चित्रकुट पर्वतबाट दक्षिणतिर जान लाग्दा महर्षी अत्रिसँग बिदा लिन उनको आश्रममा गए । महर्षी अत्रि तथा रघुनाथको आज्ञाले सीताले आश्रम भित्र गएर शान्त भावबाट अनसुयाको चरणमा प्रणाम गरिन् । त्यस समय अनसुयाले जनक नन्दिनीलाई पतिव्रता धर्मको उपदेश दिइन् । ती उपदेश प्रत्येक नारीले मनन गर्न योग्य छ ।

१०. अहल्या

ऋषि गौतमकी पत्नी अहल्याले पति गौतम आश्रममा नभएको अवस्थामा इन्द्रसँग संसर्ग गरिन् । महर्षी गौतमले सो कुरा थाहा पाई उनलाई जबसम्म श्रीरामको स्पर्श हुँदैन तबसम्म निर्जीव भएर बस्नु पर्ने श्राप दिए । यस प्रसंगलाई रामको जीवन गाथासँग जोडेर रामायणको मुख्य अंशको रूपमा समाविष्ट गरिएको छ र रामको दर्शनपछि अहल्या आफ्नो श्रापित देहबाट मुक्त भइन् ।

११. शवरी

पम्पा सरोवरको किनारमा अवस्थित वनको आश्रममा बस्ने सबरी एक वृद्धा तपस्विनी हुन् । उनी रामभक्तिमा समर्पित एक सफल भक्तिनी हुन् । किष्किन्दा जाने क्रममा पम्पा सरोवर घुम्दै राम र लक्ष्मण सबरीको पवित्र र रमणीय आश्रममा पुग्दा उनी नीच जातिकी भएपनि उनले अर्पण गरेको जंगली फल बयर र कन्दमूलहरू रामले खुसी भएर स्वीकारे । रामको दर्शन पछि नै सबरीले दिव्य लोकतिर प्रस्थान गरेकी छन् भन्ने प्रसङ्ग रामायणमा उल्लेख छ । जसले भगवान् र भक्तको एकाकारलाई दर्शाएको छ ।

१२. तारा

सुग्रीव बानरहरूका राजा थिए । सुग्रीवकी पत्नी तारालाई भाइ सुग्रीवसँगको बैमनस्यपछि बालीले आफ्नी पत्नी तुल्याएका थिए । रामद्वारा बालीको वध पछि तारा पुन सुग्रीवकै पत्नी बन्न आइपुगिन् । ताराका विशेषताहरूलाई इङ्गित गर्दै मृत्युको निकट रहेका बाली भन्दछन्–

सुषेण दुहिता चेयमर्थ सूक्ष्म विनिश्च्ये
औत्यातिथे च विविधे सर्वत परिनिष्ठता । किष्किन्धा २२/१३

(सुषेणकी छोरी यी तारा सुक्ष्म विषयको निर्णय गर्न र

विभिन्न प्रकारका उपव्रतहरूका लक्षण थाहा पाउन अत्यन्त निपूण छिन् ।)

बालीको निधनपछि पुनः सुग्रीवकी रानी बन्न आइपुगेकी ताराको बुद्धिमत्तालाई वाल्मीकिले लक्ष्मणसँग ताराको कुराकानीका प्रसङ्गमा देखाएका छन् । सुग्रीवको दरबारमा पुगेका क्रुद्ध लक्ष्मणलाई अर्थपूर्ण ढंगले वार्ता गर्ने सुग्रीव आफू असक्षम रहेको हुँदा उनले पत्नी तारालाई संवादका निम्ति अघि सारेका छन् र यिनले रिसको आवेगमा आएका लक्ष्मणलाई शान्त तुल्याई समाधानको बाटो निकालेकी छिन् । यसरी वाल्मीकिले तारालाई कुटनैतिक रूपमा चतुर नारीका पंक्तिमा राखेका छन् ।

१४. शुपर्णखा

रामायणका अर्का प्रमुख पात्र दानवराजा रावणकी एकमात्र बहिनी शुपर्णखाले आफू बसेको दण्डकवनमा कुनै मानव देहधारी तीनजना आएर बस्ने गरेको सूचना पाई । उसले पहिले रामसँग अनि पछि लक्ष्मणसँग आफूलाई पत्नी बनाउने प्रस्ताव राखी । यसबाट क्रुद्ध भई लक्ष्मणले शुपर्णखाको नाक कान काटिदिए ।

वाल्मीकिले शुपर्णखाको अपमान विषयको घटनालाई राम-रावण युद्धको लागि एक प्रमुख उत्तेजक घटनाका रूपमा प्रस्तुत गरेका छन् । शुपर्णखाले दण्डकवनमै बस्दै आएका आफ्ना दुई भाइ खर र दूषणलाई आफूमाथि राम लक्ष्मणले गरेको अपमान र अन्यायका विरूद्ध लड्न जगाई तर दुवै भाइ युद्धमा मारिए ।

त्यसपछि ऊ शक्तिशाली दाजु रावण कहाँ उजुरी गर्न पुगी । राम लक्ष्मणले आफ्नै नाक कान काटेर अपमान गरेको साथै रावणलाई राम पत्नी सीताको सौन्दर्यको अद्भूत वर्णन समेत गरी । जसबाट रावणमा सीताप्रतिको कामवासना सायद अपहरणसम्म पुग्ने गतिमा विकसित भयो । राम रावणका बीचको भीषण युद्ध र त्यसपछिको विनाशका निम्ति वाल्मीकिले शुपर्णखाको नारी चरित्रलाई स्थान दिएका हुन् ।

१५. त्रीजटा

लङ्काको अशोक वनमा बन्दी बनाइएकी सीताको रेखदेखका निम्ति रावणद्वारा खटाएकी राक्षसीका रूपमा त्रिजटाको परिचय पाइन्छ । सीताको रेखदेखका निम्ति एकजटा, हरिजटा, विकटा, चण्डोदरी, अजामुखी, शुपर्णखा आदि राक्षसीहरूमा त्रीजटा उमेर र बुद्धि दुवै दृष्टिबाट दूरदर्शी र धार्मिक भावना भएकी राक्षसनीका रूपमा देखा परेकी थिइन् । त्रीजटामा स्वप्न फलका आधारमा शुभ र अशुभ सकुनहरू ठम्याउने शक्ति पनि थियो । त्यसैले उनले भविष्यमा हुने रामको विजय र रावणको पराजयका कुराहरू बताउँदै आत्महत्याका लागि उन्मुख बनेकी सीतामा आशाको सञ्चार गराएकी थिइन् ।

त्रिजटा संवेदनशील र दयावती थिइन् । उनी सीताप्रति आक्रामक बनेका अन्य राक्षसनीहरूलाई त्यसो नगर्न सल्लाह दिने साथै सीतालाई स्वप्न फलका आधारमा धैर्य धारण गर्ने सल्लाह दिएबाट राक्षसनीहरूमा पनि विवेक र नैतिकता, धर्म अध्यात्म जस्ता सद्‌गुणहरू समाविष्ट हुँदो रहेछ भनेर प्रष्ट हुन्छ ।

१६. सरमा

विभीषणकी पत्नी सरमा अशोक वनमा सीताको रेखदेखका निम्ति रावणद्वारा खटिएका राक्षसनीहरू मध्येकी एक थिइन् । तर उनी अरू राक्षसनीहरू भन्दा भिन्न स्वभावकी थिइन् । रामको व्यक्तित्वलाई बुझेकी उनले सीतासँग राम्रो सम्बन्ध मात्र राखिनन् रावणका गोप्य कुराहरू जानेकोले उनले सीतासँग रावणको मायाजाल र उसका खराब कृतिहरूको सूचना सीतालाई दिँदै भनिन्

अयुक्त बुद्धि कृत्येन सर्व भूतविरोधिन ।
एवं प्रयुक्ता रौद्रैण माया मायाविना त्वयी ॥ (वा.रा. किष्किन्धा ३३/१३)

(रावणका बुद्धि र कर्म दुवै खराब छन् । ऊ सम्पूर्ण प्राणीहरूको विरोधी क्रूर मायावी छ । उसले तिमीमाथि त्यही मायाजालको प्रयोग गरेको हो ।)

सरमाले सीतालाई रामद्वारा पराजित नभइकन रावणले सीतालाई नछोड्ने रहस्य बताउँदै छिट्टै नै रामले रावणको वध गर्ने तथ्य पनि खोलिदिइन् ।

१७. मन्दोदरी

हेमा नामकी अप्सरा र मयासुर (मय दानव)बाट मन्दोदरीको जन्म भएको थियो । रावण क्रुर प्रकृतिको राक्षस भएको थाहा हुँदाहुँदै पनि ऊ पुलस्त्य ब्रह्माका मानसपुत्र मध्यका एक ऋषिको नाति र विश्रवा मुनिको छोरा भएको हुनाले मयले आफ्नी एकमात्र छोरीलाई रावणको हातमा सुम्पेका थिए । पछि यिनीबाट अत्यन्त पराक्रमी पुत्र

मेघनाथ (इन्द्रमाथि विजय पाएपछि इन्द्रजित) जन्मिएका थिए । मन्दोदरीले रामसँग बैरभाव राख्ने कुरामा सीता हरण गर्ने कार्यमा पूर्ण असहमति राख्दै आएकी थिइन् । आफ्नो पाप कर्मको फलस्वरूप रावणले यस प्रकारको मृत्यु भोग्नु परेकोमा उनी स्पष्ट थिइन् ।

कृयतामविरोधश्च राघवेणेति मन्मया
उच्चमानो न ग्रहणासी तस्येयं व्युष्टिरागता ।

(किष्किन्धा १११/२५)

(मैले भनेको थिएँ तपाईँ रघुनाथ रामसँग शत्रुता नगर्नुहोस् तर तपाईँले मेरा कुरा मान्नुभएन आज त्यसको फल यस्तो भएको छ ।)

अवश्यमेव लभते फलं पापस्य कर्मण भर्त ।
पर्यागते काले कर्ता नास्त्यत्र संशय ॥ (किष्किन्धा १११/२५)

पतिदेव समय आएपछि आफूले गरेको कर्मको फल पाउने कुरामा कुनै शङ्का छैन ।

मन्दोदरी गम्भीर स्वभावकी आत्मप्रशंसा भाव नराख्ने र आध्यात्मिक दृष्टि भएकी नारी थिइन् । उनले रामको ईश्वरीय शक्ति र सत्तालाई राम्रोसँग चिनेकी थिइन् । उनी सीताको उच्च पतिव्रताधर्मप्रति आस्था राख्दथिन् । उनले रावणको पतनको मुख्य रहस्य राम्ररी बुझेकी थिइन् ।

कामक्रोध समुत्थेन व्यसनेन प्रसङ्गिना
निवृत्तस्वत्कृतेनार्थः सोऽयं मूलहरो महान् !

किष्किन्धा १११/७२

काम र क्रोधबाट उत्पन्न तपाईंको आसक्तिगत दोषका कारण यो सम्पूर्ण ऐश्वर्यको समाप्ति भयो र जडमूल नै नाश हुने यस प्रकारको महान अनिष्ट भयो । यसरी रावण जस्तो दुष्ट प्रतिनायकको पत्नी भइकन पनि वाल्मिकिले मन्दोदरीलाई पूर्णत सच्चरित्रयुक्त नारीका रूपमा प्रस्तुत गरेका छन् ।

निष्कर्ष

रामायण शब्द राम र अयन दुई शब्दको सन्धिबाट बनेको हो । ऐन शब्दको अर्थ गति वा बाटो हो । अर्थात् रामायणको शाब्दिक अर्थ रामको बाटो अथवा रामले देखाएको बाटो हो । त्यसैले रामायण शब्दले यस काव्यको मुख्य उद्देश्य 'आदर्श हो, हुनुपर्दछ, बन्नुपर्दछ, लाग्नुपर्दछ' भन्ने आदर्श सूचक शब्दलाई समेटेको छ । वाल्मिकी रामायणको केन्द्रीय विषय नारी मर्यादा रहेको छ । तर रामायणमा सत् र असत दुवै थरी नारी चरित्रहरू छन् ।

निमित्तको पात्र कैकेयी भएपनि परिवारको जेठो छोरा राजा हुने राज्यको नीति नियमलाई तोड्न सफल भई । नीति विरूद्ध रामलाई वनवास पठाउन दशरथलाई बाध्य तुल्याउनु र यसमा मलजल हाल्ने कार्य मन्थराबाट हुनु, राक्षसनी शूपर्णखाले दाजु रावणलाई सीताको रूपको लोभ देखाई परस्त्री अपहरण जस्तो अनैतिक कामका लागि उक्साउनु रामायणको कथाका यी दुई महत्त्वपूर्ण कडी हुन् । जसले अनैतिक र आपराधिक कार्यका विरूद्ध रामलाई रणमैदानमा उतारेका छन् । सीता, कौशल्या, सुमित्रा, उर्मिला, अनसुया, अहल्या जस्ता सुसंस्कृत र ज्ञानसम्पन्न महिलाहरूको परम्परा हिन्दु संस्कृतिमा आजसम्म निरन्तर चलिरहेको छ ।

दुष्ट ताडकालाई मार्नै पर्ने रामको बाध्यता, मिथक र बिम्बको रूपकी पात्रको रुपमा आएकी सुरसाको कार्यलाई अनुसन्धानको दायरा भित्र राख्न सकिन्छ । भक्ति दर्शन कि नायिका शवरी छन् भने कूटनीतिको खेल खेल्न सिपालु तारा छिन् । त्रीजटा रावणको दरबारभित्र बसेर सीताको रक्षामा तल्लिन रहेकी पात्र हुन् भने सरमालाई पनि यही पंक्तिमा राख्न सकिन्छ । एक महान आदर्श पात्र मन्दोदरी रामायणको एक विशिष्ट नारी पात्र हुन् भन्न हिच्किचाउनु पर्दैन जसले असत्यको माना खाएर पनि सत्यलाई समाएर बसिन् । सुसंस्कृत, विदूषी र ज्ञानसम्पन्न सन्त महिलाहरुको यो समादरणीय परम्परा हिन्दु धर्ममा सधैं फलोस् फुलोस् तथा सबै देशहरूमा र जातिहरूमा सबै कालमा मानव जातिको अगाडि यो आदर्श बनिरहोस् ।

या देवी सर्वभूतेसु मातृ रुपेण संस्थिथिता
नमस्तसै नमस्तसै सै नमस्तसै नमो नमः ।❖

–बत्तीसपुतली, काठमाडौं

सन्दर्भ ग्रन्थ

१ श्री १००८ परमहंश स्वामी श्री सच्चिदानन्द सरस्वती खप्तड बाबा नारी धर्म तथा पुरूष धर्म

२ देवीप्रसाद सुवेदी बाल्मिकी र व्यास तुलनात्मक अनुशीलन

३. कौटिल्य अर्थशास्त्र ४०:२४.१

४. श्रीमद्वाल्मीकीय रामायण गीता प्रेस गोरखपुर विसं २०५१

५. आनन्द रामायण व्या. रामतेज पाण्डेय । चौखम्बा संस्कृत प्रतिष्ठान दिल्ली विसं २०१३ ।

मर्यादा पुरूषोत्तम श्रीराम र रामराज्य

- आचार्य सुरज कौण्डिन्य पराजुली

मानवावतार मर्यादा पुरूषोत्तम श्रीराम सनातन धर्म र संस्कृतिका अत्यन्त श्रद्धाले पूजित भगवान् हुनुहुन्छ । 'मर्यादा पुरूषोत्तम' शब्दको सामान्यार्थ मर्यादाहरूमा बाँधिएको सबैभन्दा उत्तम पुरूष भन्ने हुन्छ । भगवान् श्रीरामले आफ्नो सम्पूर्ण जीवनमा धर्म, सत्य र मर्यादाको पालना गरेर एक मनुष्यले जस्तोसुकै कठिन परिस्थितिमा पनि कसरी आफ्नो आदर्शलाई जीवित राख्न सक्छ भनी देखाउनु भयो । उहाँ केवल एक राजा वा भगवान्का अवतार मात्र नभएर मानवीय सम्बन्धका सर्वोच्च प्रतिमूर्ति हुनुहुन्छ । हिन्दु धर्मका प्रमुख ग्रन्थहरू वेद, पुराण र रामायणका अनुसार उहाँ केवल एक ऐतिहासिक राजा मात्र नभई साक्षात् भगवान् विष्णुका अवतार हुनुहुन्छ ।

ऋग्वेद लगायतका प्राचीन वैदिक सूक्तहरूमा 'राम' शब्दको उल्लेख आनन्द र प्रकाशको प्रतीकका रूपमा पाइन्छ भने विभिन्न उपनिषद्हरू जस्तै रामरहस्योपनिषद् र रामतापनीयोपनिषद्मा उहाँलाई निराकार ब्रह्मको सगुण रूप मानी पूजा गरिएको छ । पुराणहरूमा विशेष गरी विष्णुपुराण, श्रीमद्भागवतमहापुराण र अग्निपुराणमा रामको वंशावली र ईक्ष्वाकु कुलको महिमा गाउँदै उहाँलाई अधर्मको नाश र धर्मको संस्थापनाका लागि धर्तीमा अवतरित भएको मानिएको छ । महर्षि वाल्मीकिद्वारा रचित 'रामायण' र पछि तुलसीदासद्वारा रचित 'रामचरितमानस'ले उहाँको जीवनका आदर्श पक्षहरूलाई व्यापक रूपमा प्रस्तुत गरेका छन् । अयोध्याका राजा दशरथ र रानी कौशल्याका ज्येष्ठ सुपुत्रका रूपमा जन्मनुभएका रामले आफ्ना पिताको वचन पालन गर्न हाँस्दै चौध वर्षको वनवास स्वीकार गर्नुभयो । जसले गर्दा उहाँलाई त्याग र आज्ञाकारिताको सर्वोच्च प्रतिमूर्ति मानेर पूजिन्छ ।

गयो खान्या वेला म कन त मिल्यो राज्य वनको ।
भरत्‌ले राज् पाया यहिं बसि गरून् राज्य जनको ॥
बिदा बक्स्या जावस् खुसि सित म जान्याछु वनमा ।
म चाँडै फिर्न्याछू विरह न हवस् कति मनमा ॥

-भानुभक्त रामायण अयोध्याकाण्ड २५

रामको व्यक्तित्व केवल एउटा शासकको रूपमा मात्र नभई एक आदर्श पुत्र, आदर्श पति, आदर्श भाइ र आदर्श मित्रका रूपमा पनि स्थापित छ । उहाँले लङ्काका अहङ्कारी राजा रावणको वध गरेर संसारमा सत्य र न्यायको विजय गराउनुभयो । राम राज्यको परिकल्पनालाई आज पनि सुशासन र न्यायको सर्वोच्च शिखर मानिन्छ । 'राम राज्य' भन्नाले यस्तो शासन व्यवस्था बुझिन्छ, जहाँ प्रजाको हित नै राजाको सर्वोपरि धर्म हुन्छ । वाल्मीकि रामायण र रामचरितमानसका अनुसार रामको शासनकालमा कुनै पनि व्यक्ति शारीरिक, मानसिक वा आध्यात्मिक पीडा (दैहिक, दैविक र भौतिक ताप) बाट ग्रस्त थिएनन् । सबै मानिसहरू स्वस्थ, सुखी र सम्पन्न थिए । उहाँको राज्यमा कसैको पनि अकाल मृत्यु हुँदैनथ्यो, बालबालिकाहरू सुरक्षित थिए र वृद्धहरूले आफ्ना सन्तानको मृत्यु देख्नु पर्दैनथ्यो । चोर र डकैतीको कुनै डर थिएन, प्रकृति आफैं अनुकूल हुन्थ्यो र समयमा वर्षा हुनाले पृथ्वी सधैं हरियाली र अन्नले भरिपूर्ण रहन्थ्यो ।

रामराज्यमा समाजका हरेक वर्गले आ-आफ्नो कर्तव्य (स्वधर्म) इमानदारीपूर्वक पालना गर्थे र मानिसहरू बीच कुनै पनि प्रकारको भेदभाव वा वैरभाव थिएन । सबै मानिसहरू सत्यवादी र दयालु थिए । राजा रामले स्वयंलाई प्रजाको सेवक ठानेर न्याय सम्पादन गर्नुहुन्थ्यो, जसले गर्दा उहाँको न्यायमा कसैलाई पनि अन्याय महसुस हुँदैनथ्यो । पशुपंक्षी र मानवबीच पनि समन्वय र शान्तिको वातावरण थियो । यो शासन व्यवस्थामा दण्डको आवश्यकता नै कम पर्थ्यो किनभने जनताको नैतिकता नै सर्वोच्च थियो । त्यसैले रामराज्य केवल पौराणिक कथा मात्र नभई एउटा यस्तो समृद्ध र कल्याणकारी राज्यको प्रतीक हो जहाँ सत्ताको अन्तिम लक्ष्य जनसेवा र धर्मको रक्षा हो । आज पनि विश्वभरि लोककल्याणकारी राज्यको अवधारणा प्रस्तुत गर्दा रामराज्यलाई नै मुख्य मानकको रूपमा लिने गरिन्छ । किनकि यो पूर्ण रूपमा न्याय, समानता र प्रेममा आधारित थियो ।

क. रामराज्यको दार्शनिक आधार, सामाजिक न्याय र शासन व्यवस्था

रामराज्य केवल एउटा राज्यको नाम मात्र नभएर यो मानवीय मूल्य, नैतिकता र धर्मको उच्चतम अवस्था

हो । यसको जग 'धर्म' मा अडिएको छ । 'धर्म' भन्नाले यहाँ कुनै विशेष सम्प्रदाय वा पन्थ हैन । महाभारतको कर्णपर्वमा धर्मको स्पष्ट परिभाषा दिइएको छ । धारणाद् धर्ममित्याहुर्धर्मो धारयते प्रजाः । (महाभारत कर्णपर्व ६९।५८) अर्थात् धर्म 'धृ' धातुबाट बनेको हो, जसको अर्थ हुन्छ धारण गर्नु । जसले प्रजा र समाजलाई धारण गर्छ अर्थात् पतन हुनबाट बचाउँछ र थामेर राख्छ त्यही नै धर्म हो । भगवान् श्रीरामको राज्य त्यही धर्मले युक्त थियो त्यसैले त रामराज्य भनिन्छ । भगवान् श्रीरामले आफ्नो जीवनको हरेक क्षणमा मर्यादालाई प्राथमिकता दिनुभयो त्यसैले उहाँलाई 'मर्यादा पुरूषोत्तम' भनिन्छ । वाल्मीकि रामायणमा रामको व्यक्तित्त्वको वर्णन गर्दै भनिएको छ-

रामो विग्रहवान् धर्मः साधुः सत्यपराक्रमः ।
राजा सर्वस्य लोकस्य देवानामिव वासवः ॥

- श्रीमद्वाल्मीकीय रामायण । ३।३७।१३

अर्थात् राम साक्षात् धर्मका मूर्ति हुन् । उनी सज्जन छन् र उनको पराक्रम सधैँ सत्यमा आधारित छ । रामको शासन कालमा सत्ता भोगको साधन नभएर सेवाको माध्यम थियो । जब राजा दशरथले रानी कैकेयीको वचन पूरा गर्न रामलाई १४ वर्षको वनवास पठाउने निर्णय गरे तब रामले कुनै विद्रोह गरेनन् । उनले आफ्ना पिताको प्रतिष्ठा र कुलको मर्यादाका लागि राजसी सुखलाई त्यागे । यो एक आदर्श पुत्रको पराकाष्ठा थियो । त्यस्तै आफ्ना भाइहरू भरत, लक्ष्मण र शत्रुघ्नप्रतिको उनको प्रेमले परिवारमा स्वार्थ भन्दा माथि उठेर कसरी समर्पण भाव राख्नुपर्छ भन्ने सिकाउँछ ।

पञ्चवटीको पावन वनमा राम, सीता र सुर्पणखाको भेटले रामायणको कथामा एउटा महत्त्वपूर्ण मोड ल्याएको छ । जसले मर्यादा पुरूषोत्तम रामको 'एकपत्नी व्रतधर' को गरिमालाई विश्वसामु प्रष्टमात्र पारेको छैनकी त्यही प्रसङ्ग नै रामरावण युद्धको जरो वा भूमिका हो भन्दा फरक पर्दैन । आफ्नो पत्नीप्रतिको अटूट निष्ठा र नैतिक मूल्यका कारण रामले सुर्पणखाको अनुचित प्रस्तावलाई दृढतापूर्वक अस्वीकार गरे । जब सुर्पणखाले आफ्नो अस्वीकारलाई पचाउन नसकी आवेगमा आएर सीतामाथि आक्रमण गरिन् तब लक्ष्मणद्वारा गरिएको उनको दण्ड केवल एउटा शारीरिक सजाय मात्र नभई मर्यादा उल्लङ्घन गर्ने र अरूको अधिकारमाथि हस्तक्षेप गर्ने प्रवृत्तिको परिणाम थियो । यस प्रसङ्गलाई आजको सन्दर्भमा हेर्दा यसले प्रेमको नाममा गरिने जबरजस्ती र प्रतिशोधको सट्टा रामको जस्तो संयम र आफ्नो मूल्यमान्यताप्रतिको अडिगता नै सभ्य समाजको आधार हो भन्ने सन्देश दिन्छ । रामको एकपत्नी व्रत र सुर्पणखाको अहंकारबीचको यो टकरावले के सिकाउँछ भने जसले आफ्नो चरित्र र मर्यादाको सीमाभित्र रहेर जीवन जिउँछ उसैले समाजमा आदर्श स्थापित गर्दछ । जब कि क्षणिक आवेग र अनियन्त्रित इच्छाले भने केवल विनाश मात्र निम्त्याउँछ ।

रामराज्यका विषयमा धेरै चर्चाहरू र प्रमाणहरू विभिन्न रामायणहरूमा प्रसस्त पाइन्छन् । त्यस्तै प्रसङ्ग गोस्वामी तुलसीदासले रामचरितमानसमा रामराज्यको यस्तो चित्रण गर्नुभएको छ, जहाँ कोही पनि दुःखी थिएनन् -

दैहिक दैविक भौतिक तापा । राम राज नहिं काहुहि ब्यापा ॥
सब नर करहिं परस्पर प्रीति । चलहिं स्वधर्म निरत श्रुति नीति ॥

-रामचरितमानस उत्तरकाण्ड

यसको अर्थ हो रामको राज्यमा मानिसहरूलाई कुनै पनि प्रकारको शारीरिक (दैहिक), दैवी (प्राकृतिक प्रकोप) वा भौतिक कष्ट थिएन । मानिसहरू आपसमा प्रेम गर्थे र आ-आफ्नो धर्म तथा कर्तव्यको पालना गर्थे । रामले आफ्नो वनवासको समयलाई समाजका उत्पीडित र तल्लो तहका मानिसहरूसँग एकाकार हुन प्रयोग गरे । उनले निषादराज गुहलाई आफ्नो दाजुभाइ समान अँगालो हाले, शबरीको कुटीमा पुगेर उनको भक्तिलाई स्वीकार गरे, जटायु जस्तो पंक्षीलाई पितृ समान सम्मान दिएर बाँदर तथा भालुहरूलाई आफ्नो मित्र बनाए । उनले कहिल्यै जाति वा वर्गको आधारमा भेदभाव गरेनन् । आजको आधुनिक लोकतन्त्रमा जुन समानताको कुरा गरिन्छ रामले त्यसलाई हजारौँ वर्ष पहिले नै व्यवहारमा उतारेका थिए । रामको यो अन्त्योदय (सबैभन्दा पछाडि परेकाको उत्थान) को सोचले नै उनलाई मर्यादा पुरूषोत्तम बनायो ।

रामराज्यको अर्थतन्त्र पनि अत्यन्तै समृद्ध थियो। प्राकृतिक स्रोतहरूको संरक्षण र उचित परिचालनका कारण त्यहाँ अभाव भन्ने चिज नै थिएन। तुलसीदास लेख्नुहुन्छ -

फूलहिं फरहिं सदा तरू कानन। रहहिं एक सँग गज पंचानन॥
सरित ससि जल बहहि विनीता। सागर सरिस रहहिं मयार्दा॥

-रामचरितमानस उत्तरकाण्ड

अर्थात् वनहरू सधैँ फलफूलले भरिभराउ हुन्थे। हिंस्रक जनावर र शान्त जनावरहरू वैरभाव त्यागेर एकै ठाउँमा बस्थे। नदीहरूमा स्वच्छ पानी बग्थ्यो र समुद्रले पनि आफ्नो मर्यादा नाघ्दैनथ्यो। यसले एउटा यस्तो आदर्श वातावरणको सङ्केत गर्छ जहाँ मानिस र प्रकृतिबीच पूर्ण सन्तुलन थियो। रामको शासनमा कर प्रणाली (Taxation) अत्यन्तै न्यायोचित थियो। जसरी सूर्यले पृथ्वीबाट पानी लिन्छ र फेरि वर्षाका रूपमा कैयौँ गुणा बढी फिर्ता दिन्छ, त्यसरी नै रामले प्रजाबाट थोरै कर लिएर उनीहरूको कल्याणमा खर्च गर्थे। गुरूकुलहरूमा राजकुमार र साधारण प्रजाका सन्तानले सँगै शिक्षा पाउँथे जसले समाजमा कुनै वर्गभेद हुन दिँदैनथ्यो।

रामराज्यमा लोकतन्त्रको जग कति बलियो थियो भन्ने कुरा एउटा धोबीको प्रसङ्गबाट बुझ्न सकिन्छ। जब एउटा साधारण नागरिकले महारानी सीताको पवित्रतामाथि प्रश्न उठाउँछ तब राजा रामले आफ्नो व्यक्तिगत सुख र गृहस्थ जीवनलाई त्यागेर प्रजाको सन्तुष्टिलाई सर्वोपरि राख्दछन्।

हे भाई ! इ सिताजिलाई अहिले त्याग् गर्नु मैले पर्यो।
चोखि जानि लिंदा त दुर्यश बहुत् लोक्ले मलाई गर्यो।

-भानुभक्त रामायण उत्तरकाण्ड ११५

यो घटनाले के देखाउँछ भने रामको राज्यमा शासक निरंकुश थिएनन्। उनी जनमतको कदर गर्दथे। उनले देखाए कि एक राजाका लागि उसको मुकुट, परिवार र व्यक्तिगत सुखभन्दा प्रजाको विश्वास र राज्यको मर्यादा ठूलो हुन्छ। रामको यो त्याग नै उनलाई अन्य राजाहरू भन्दा भिन्न र महान् बनाउने आधार हो।

ख. रामको ऐतिहासिकता

धेरै समयसम्म रामलाई केवल एउटा आध्यात्मिक आस्था वा पौराणिक पात्रका रूपमा मात्र हेरियो तर आधुनिक विज्ञान र अनुसन्धानले रामको ऐतिहासिक अस्तित्वलाई अकाट्य रूपमा प्रमाणित गरेका छन्। यसका प्रमुख आधारहरू खगोलीय, भौगोलिक र पुरातात्त्विक प्रमाणहरू हुन्।

१. खगोलीय प्रमाण–

महर्षि वाल्मीकिले रामायणको बालकाण्डमा भगवान् रामको जन्मको समयमा आकाशमा ग्रहहरूको जुन विशिष्ट स्थितिको वर्णन गरेका छन्, त्यो वैज्ञानिक रूपमा अत्यन्तै महत्त्वपूर्ण छ। वाल्मीकिले लेखेका छन् कि रामको जन्म हुँदा पाँचवटा ग्रहहरू (सूर्य, मंगल, गुरू, शुक्र र शनि) आ-आफ्नो उच्च राशिमा थिए र चन्द्रमा पुनर्वसु नक्षत्रमा थियो।

ततो यज्ञे समाप्ते तु ऋतूनां षट् समत्ययुः।
ततश्च द्वादशे मासे चैत्रे नावमिके तिथौ॥
नक्षत्रेऽदितिदैवत्ये स्वोच्चसंस्थेषु पञ्चसु।
ग्रहेषु कर्कटे लग्ने वाक्पताविन्दुना सह॥

– श्रीमद्वाल्मीकीय रामायण ।१।१८।८-१०

उल्लेखित खगोलीय संयोगले रामको समयका बारेमा अध्ययन, आधुनिक अनुसन्धान गर्नेलाई एउटा ठूलो प्रमाण पुगेको छ। यसको अध्ययनले वाल्मीकि रामायण एउटा इतिहास हो भन्ने पुष्टि गर्छ। रामायणको इतिहास पुष्टि हुनु भनेको रामको इतिहास प्रमाणित हुनु हो।

२. भौगोलिक र पुरातात्त्विक प्रमाण–

रामले अयोध्यादेखि श्रीलंकासम्म गरेको यात्रा मार्ग आज पनि भौगोलिक रूपमा स्पष्ट छ। रामायणमा वर्णित १७ ओटा मुख्य स्थानहरू आज पनि त्यही क्रममा रहेका छन्। अयोध्याबाट निस्केर रामले गङ्गा पार गरेको ठाउँ (श्रृंगवेरपुर), भरतसँग भेट भएको चित्रकुट, दण्डकारण्य, पञ्चवटी (नासिक), किस्किन्धा र रामेश्वरम् जस्ता स्थानहरूमा रामसँग जोडिएका प्राचीन अवशेष र जनश्रुतिहरू अझै जीवन्त छन्। सबैभन्दा ठूलो भौतिक प्रमाण 'रामसेतु' हो। भारतको रामेश्वरम् र श्रीलंकाको मन्नार टापुका बीचमा समुद्रको पिँधमा ३० किलोमिटर लामो चुनढुङ्गाका चट्टानहरूको शृङ्खला रहेको तथ्य सार्वजनिक भएको छ। रामायणमा नल र नीलले ढुङ्गाहरूमा रामको नाम लेखेर पुल बनाएको जुन वर्णन छ। यो सेतु त्यसकै भौतिक स्वरूप हो भन्ने दावि छ। समुद्री सतहको अध्ययन गर्दा करिब ७००० वर्षअघि त्यहाँको पानीको स्तर अहिलेभन्दा कम थियो र यो पुल मानिस हिँड्न योग्य थियो भन्ने वैज्ञानिक निष्कर्ष निस्किएको मानिन्छ।

३. विश्वव्यापी प्रभाव र सांस्कृतिक प्रमाण–

रामको प्रभाव केवल नेपाल र भारतमा मात्र सीमित

छैन । दक्षिणपूर्वी एसियाका थाइल्याण्ड, इन्डोनेसिया, कम्बोडिया र लाओस जस्ता देशहरूमा रामायणका आफ्नै संस्करणहरू प्रचलित छन् । थाइल्याण्डको प्राचीन राजधानीको नाम 'अयुध्या' हुनु र त्यहाँका राजालाई आज पनि 'राम' को उपाधि दिइनुले रामको ऐतिहासिक र सांस्कृतिक वैभवलाई विश्वव्यापी रूपमा स्वीकार गरिएको देखाउँछ । यदि राम काल्पनिक पात्र हुन्थे भने यति धेरै देश र फरक-फरक धर्मसंस्कृतिका मानिसहरूले उनलाई आफ्नो आदर्श मान्ने थिएनन् ।

ग. नेपालसँगको सम्बन्ध, रामराज्यको सान्दर्भिकता–

नेपाल र रामराज्यको सम्बन्ध रगत र संस्कारको सम्बन्ध हो । नेपालको जनकपुरधाम मर्यादा पुरूषोत्तम श्रीरामको ससुराली र माता सीताको जन्मभूमि (माइती) हो । राजा जनक र ऋषि अष्टावक्रको यो ज्ञानभूमिले रामराज्यको वैचारिक निर्माणमा ठूलो भूमिका खेलेको छ । नेपालको कालीगण्डकी नदीमा पाइने 'शालीग्राम शिला' लाई भगवान् विष्णु (राम) को साक्षात् स्वरूप मानिन्छ । हालै अयोध्यामा निर्मित राम मन्दिरका लागि कालीगण्डकीबाट पठाइएको 'देवशिला' ले त्रेता युगको त्यो अटूट सम्बन्धलाई आधुनिक समयमा फेरि नवीकरण गरिदिएको छ । जनकपुरमा मनाइने 'विवाह पञ्चमी' उत्सवले रामसीता केवल धार्मिक पात्र नभएर यस भूभागका सांस्कृतिक नायक हुन् भन्ने पुष्टि गर्दछ ।

रामराज्यको आधुनिक सान्दर्भिकता आजको 'सुशासन' र 'कल्याणकारी राज्य' को अवधारणासँग प्रत्यक्ष जोडिन्छ । आजको विश्व युद्ध, भ्रष्टाचार र असमानताले जर्जर छ । यस्तो अवस्थामा रामराज्यको दर्शनले एउटा समाधान दिन्छ–

शासकको नैतिकता– रामले देखाए कि शासकले अधिकारभन्दा बढी कर्तव्यलाई ध्यान दिनुपर्छ ।

पर्यावरण संरक्षण– रामराज्यमा प्रकृति र मानिसको जुन सहअस्तित्व थियो । त्यो आजको जलवायु परिवर्तनको सङ्कट समाधान गर्न प्रेरणादायी छ ।

न्यायमा पहुँच– अन्तिम व्यक्तिको आवाज सुन्ने र न्याय दिने रामको पद्धति आधुनिक न्यायपालिकाका लागि आदर्श हो ।

भ्रातृत्व र मर्यादा– परिवारमा दाजुभाइ र समाजमा नागरिकहरू बीचको सम्बन्ध कस्तो हुनुपर्छ भन्ने रामको जीवनले सिकाउँछ ।

निष्कर्ष:

भगवान् श्रीराम केवल एउटा अवतार मात्र होइनन् । उनी मानवताका लागि एउटा उच्चतम आदर्श हुन् । रामराज्य एउटा यस्तो सपना हो, जहाँ 'शक्ति' ले 'सत्य' को सेवा गर्छ, जहाँ 'कानून' ले 'न्याय' को रक्षा गर्छ र जहाँ 'शासक' ले 'प्रजा' को हितका लागि आफ्नो सर्वस्व त्याग गर्दछ । रामको ऐतिहासिकतालाई खगोल विज्ञान, भूगोल र पुरातत्त्वले पुष्टि गरिसकेका छन् । तर रामको सबैभन्दा ठूलो प्रमाण मानिसको हृदयमा रहेको उनीप्रतिको अटूट विश्वास र श्रद्धा हो । अन्त्यमा तुलसीदासले रामराज्यको सार प्रस्तुत गर्दै भन्नुभएको छ–

राम राज नभ सोक न मोहा । सब जग पावहिं मंगल कोहा ॥

अर्थात् रामको राज्यमा न कुनै शोक थियो, न कुनै मोह । सारा संसारले केवल कल्याण र मङ्गल प्राप्त गरेको थियो । यदि हामीले रामको चरित्र एक प्रतिशत मात्र पनि आफ्नो जीवनमा उतार्न सक्यौँ भने हामीले आफ्नै घर, समाज र राष्ट्रलाई रामराज्यको दिशामा लैजान सक्छौँ । रामको नाममा शान्ति छ, उनको काममा न्याय छ र उनको मार्गमा मोक्ष छ । त्रेता युगको त्यो रामराज्य आज हाम्रो विचार र कर्ममा पुनर्जीवित हुन आवश्यक छ । भगवान् श्रीरामको जीवन र रामराज्यको अवधारणाले मानवतालाई एउटा यस्तो मार्गचित्र प्रदान गरेको छ, जहाँ सत्यको विजय सुनिश्चित छ । रामको आदर्शलाई हृदयङ्गम गर्नु नै आजको भ्रष्टाचार र हिंसाग्रस्त विश्वका लागि एकमात्र निकास हो ।❖

–चावहिल, काठमाडौं

सन्दर्भग्रन्थसूची

- आचार्य भानुभक्त, रामायण (वि.सं. २०३९), साझा प्रकाशन, ललितपुर ।
- घिमिरे नवराजः, पुराण चिन्तन भाग १ (वि.सं. २०७७) ।
- देव दिनकर, श्रीरामकथा भाग १,२ (वि.सं. २०७७),पौराणिक कार्यालय ।
- पराशरः,श्रीविष्णुपुराण (वि.सं. २०७६), गीताप्रेस गोरखपुर ।
- माधवाचार्यः, सर्वदर्शनसङ्ग्रह (ई.२०११) हि.व्या. शर्मा उमाशङ्कर, चौखम्बा विद्याभवन ।
- व्यासः, महाभारत (सन् १९५१), गीताप्रेस गोरखपुर ।
- व्यासः, श्रीमद्भगवद्गीता (वि.सं. २०७९), गीताप्रेस गोरखपुर ।
- व्यासः, श्रीमद्भागवतमहापुराण(वि.सं. २०७५), महेश संस्कृत गुरूकुल ।
- वाल्मीकि, श्रीमद्वाल्मीकियरामायण (वि.सं. २०७३), गीताप्रेस गोरखपुर ।
- तुलसीदास, श्रीरामचरितमानस(वि.सं. २०६६), गीताप्रेस गोरखपुर ।

वैदिक दर्शनमा मानव जीवनको कर्तव्यबोध

-भागवतश्री न्यौपाने

आजको आधुनिक संसार मानिसका लागि अभूतपूर्व भौतिक प्रगति, प्रविधि र सुविधाले भरिएको छ । ओढारको जंगली युगबाट विकासको आधुनिक समयसम्म आइपुग्दा मानिसले आकाश छुन सक्ने विमान बनाएको छ, समुद्रको गहिराई नाप्ने र त्यहाँसम्म पुग्ने उपकरण बनाएको छ । चन्द्रमा र मंगल ग्रहसम्म रकेट पठाएर मानव वस्तीको सम्भावना खोज्ने क्षमता समेत हासिल गरिसकेको छ । विकासको चरम सीमामा पुगेर उसले आफ्ना साध्य र साधनलाई अधिकतम उपयोग गरिरहेको देखिन्छ । यी सबै उपलब्धि मानिसको सोच, कर्म र फलको सन्तुलन हो । तर ज्ञानको आधारमा विज्ञानको प्रयोगबाट संसार जितिसक्दा पनि उसलाई वास्तविक सुख र शान्ति भने प्राप्त भैसकेको छैन । उसले संसारलाई देख्यो, बुझ्यो पनि । यही संसारमै भएका पदार्थबाट यी सबै सुविधाको सृष्टी गर्यो र आफ्नो जीवन सफल भएको पनि ठान्यो । तर आफू बाहिरका भौतिक पदार्थ बुझ्दैमा आफूलाई बुझेको मानिदैन । मानिस प्रविधि र सुविधाको बीचमा बाँचेको छ, तर आन्तरिक शान्ति भने घट्दै गएको छ । बाहिरी विकाससँगै आध्यात्मिक मूल्यहरू जोगाउन नसक्दा मानिस तनाव, असन्तोष र अशान्तिमा फसिरहेको छ ।

मानवजीवन केवल जन्म, भौतिक वस्तुको निर्माण, त्यसको प्रयोग र मृत्युसम्मको सीमित चक्र मात्र होइन; यो आत्मबोध, आत्मानुशासन र परम सत्यको खोजको महान अवसर पनि हो । जीवन क्षणभङ्गुर छ भन्ने कुराको बोध मानिसलाई मात्र हुन्छ । वैदिक सनातन दर्शनले मानव जन्मलाई अत्यन्त दुर्लभ र मूल्यवान मानेको छ । त्यसैले जतिसुकै भौतिक सुविधाले घेरिए पनि प्रत्येक सचेत व्यक्तिले आफ्नो अन्तरात्मासँग एउटा गम्भीर प्रश्न सोध्नुपर्छ– म को हुँ र मेरो वास्तविक कर्तव्य के हो ?

जबसम्म मानिसले यो प्रश्नको उत्तर खोज्दैन, तबसम्म उसका उपलब्धिहरू बाह्य चमक मात्र रहन्छन् । मानिसले संसार जित्न सक्छ, तर यदि उसले आफूलाई नै चिन्न सकेन भने त्यो विजय अधुरो रहन्छ । म को हुँ भन्ने प्रश्न सामान्य लागे पनि यसाभित्र मानिसको चिनारी र अस्तित्व जोडिएको छ । यो प्रश्न मानिसको लागि मात्र हो; संसारका अन्य कुनै पनि प्राणीले म को हुँ भनेर चिन्तन गर्न सक्दैनन ।

यदि मानिसले यी प्रश्नहरूमा गम्भीरतापूर्वक मनन गर्न सकेन भने जीवन केवल दैनिक क्रियाकलाप र भौतिक उपलब्धिहरूमा मात्र सीमित रहन्छ । तर जब मानिसले आत्मचिन्तन शुरू गर्छ, तब उसलाई आफू केवल नाम, शरीर, मन वा बुद्धिसँग मात्र चिनाउनु पर्याप्त छैन भन्ने कुरा बुझ्दछ । यीभन्दा फरक गहिरो कुनै सत्य हाम्रो अस्तित्वमा लुकेको छ भन्ने कुरा पनि उसले बुझ्दछ । यही कारणले वैदिक सनातन दर्शनले मानव जीवनको सुरूवात नै आत्मचिन्तनबाट गर्न आग्रह गर्दछ । मानव जीवनको सबैभन्दा महत्त्वपूर्ण प्रश्न नै "म को हुँ ?" भन्ने हो ।

प्राचीन कालका ऋषिमुनीहरूले वेद–उपनिषद् मात्र नभै गीता जस्ता ग्रन्थहरूको माध्यमबाट यही प्रश्नको उत्तर खोजेका छन् । बृहदारण्यक उपनिषद्मा "अहं ब्रह्मास्मि" अर्थात् म ब्रह्मस्वरूप चेतन सत्ता हुँ भनेर एकै वाक्यमा मानव अस्तित्वको गहिरो सत्य बताइएको छ । वैदिक सनातन दर्शनले मानव जन्मलाई ब्रह्माण्डको सबैभन्दा ठूलो उपहार मान्दै मानिसलाई केवल नाम, शरीर, मन वा बुद्धिको सीमित पहिचानमा नराखी शाश्वत चेतन आत्माको रूपमा स्वीकारेको छ । यही आत्मबोध नै

जीवनको मूल आधार हो ।

मानिसको वास्तविक कर्तव्य बुझाउनकै लागि खप्तड बाबाले 'म र मेरो कर्तव्य' लेख्नुभयो । शिवपुरी बाबाले 'स्वधर्म' मार्फत मानिसको जीवनको एकमात्र उद्देश्य सत्यको प्राप्ति हो भन्दै आफ्नो व्यक्तिगत कर्तव्यमार्फत नै भय र दुःखबाट मुक्ति पाउने उपाय बताउनुभयो । उहाँले आवश्यकता अनुसारको कर्तव्यले मात्र समृद्धि र मोक्ष दिने कुरामा जोड दिनुभएको छ । यसैगरी स्वामी विवेकानन्दले आफ्नो पुस्तक कर्मयोगमार्फत ईश्वरतर्फ जाने काम नै मानिसको कर्तव्य हो र कर्म नै योग हो भन्नुभएको छ । यसैगरी श्रीअरविन्दको Essays on the Gita र सर्वपल्ली राधाकृष्णनको The Hindu View of Life मा धर्मले अर्थ र कामलाई निर्देशित गर्दै मोक्षको सर्वोच्च लक्ष्यतर्फ जाने कुरा बताएका छन् । यसैगरी अमेरिकी विद्वान् डेभिड फ्राब्लेले How I Became a Hindu: My Discovery of Veidic Dharma भन्ने पुस्तकमा धर्मलाई जीवनको आधार मान्दै मानिसको कर्तव्य स्वास्थ्य, परिवार, समाज र आध्यात्मिकतासँग जोडिएको छ भनेका छन् । वास्तवमा यी दार्शनिकहरूले वैदिक परम्परालाई नै आधार मानेर मानिसलाई कर्तव्यपूर्ण, सन्तुलित र मोक्षोन्मुख जीवनतर्फ प्रेरित गरेका छन् ।

वास्तवमा मानिस आफ्नो नाम मात्र होइन । जन्मिँदा कुनै मानिससँग नाम हुँदैन । जन्म भएपछि परिवार, समाज वा संस्कारले उसलाई कुनै नाम दिन्छ । आज कसैलाई "हरिशरण" भनिन्छ भने त्यो नाम उसको जन्मसँगै आएको होइन । केही दिनपछि परिवारले दिएको एउटा चिनारी मात्र हो । यदि त्यही व्यक्तिलाई अर्को नाम दिइएको भए उसले आफूलाई त्यही नामले चिन्थ्यो । यसरी हेर्दा नाम केवल सामाजिक चिन्ह हो, आत्माको वास्तविक स्वरूप होइन । नाम बदलिन सक्छ, तर आत्मा बदलिँदैन । यही कारणले कुनै पनि ज्ञानी मानिस आफ्नो नामको प्रशंसा वा निन्दाबाट प्रभावित हुँदैन । नामको मोहबाट माथि उठेको मानिसले जीवनलाई गहिरो दृष्टिले हेरेको हुन्छ । भगवद्गीतामा भगवान् श्रीकृष्णले यस्तो स्थितिलाई ज्ञानीको लक्षण भनेर वर्णन गर्नुभएको छ–

"तुल्यनिन्दास्तुतिर्मौनी सन्तुष्टो येन केनचित् ।" (गीता १२.१९)

अर्थात् जो निन्दा र स्तुतिमा समान रहन्छ, सन्तुष्ट रहन्छ, त्यो सच्चा ज्ञानी हो ।

नामसँगको अत्याधिक मोहले मानिसलाई अहंकार र दुःखतर्फ लैजान्छ । जब मानिसले नाम केवल बाहिरी पहिचान हो भनेर बुझ्छ, तब उसले जीवनलाई यथार्थमा हेर्न थाल्दछ । यस्तै कुनै पनि अवस्थाको शरीर समेत मानिसको वास्तविक स्वरूप होइन । शरीर निरन्तर परिवर्तनशील छ । बाल्यकालमा एउटा रूप हुन्छ, युवावस्थामा अर्को, वृद्धावस्थामा फेरि अर्को । यी सबै अवस्थाहरूलाई अनुभव गर्ने चेतना भने उही रहन्छ । यदि कुनै पुरानो साथीले हामीलाई बाल्यकालमा देखेको थियो भने आज भेट्दा उसले नचिन्न सक्छ, किनकि रूप परिवर्तन भैसकेको हुन्छ । तर हामी उसलाई 'त्यो बेला यस्तो थियो' भनेर सम्झन सक्छौँ । यसले के प्रमाणित गर्छ भने शरीर बदलिन्छ तर "म" भन्ने चेतना सधैँ स्थिर रहन्छ । भगवद्गीतामा यस सत्यलाई अत्यन्त स्पष्ट शब्दमा व्यक्त गरिएको छ–

"देहिनोऽस्मिन्यथा देहे कौमारं यौवनं जरा ।
तथा देहान्तरप्राप्तिर्धीरस्तत्र न मुह्यति ।।" (गीता २।१३)

जसरी शरीरमा बाल्यावस्था, युवावस्था र वृद्धावस्था आउँछन्; त्यसैगरी मृत्युपछि अर्को शरीर प्राप्त हुन्छ । विवेकी मानिस यसमा मोहित हुँदैन । शरीर मासु, हड्डी, रगत आदि निर्जीव पदार्थबाट बनेको छ तर "म" भनेर बोध गर्ने चाहीँ चेतन हुँ, अनुभव गर्ने र जान्ने शक्ति भएको अस्तित्व हुँ । शरीर प्रकृतिका पाँच तत्त्व–पृथ्वी, जल, अग्नि, वायु र आकाशबाट बनेको छ । यी तत्त्वहरूको संयोजनबाट बनेको शरीर नश्वर छ । तर आत्मा नित्य र अविनाशी छ । त्यसैले शरीरलाई नै आत्मा ठान्नु अज्ञानको परिणाम हो । जब मानिसले यो सत्य बुझ्छ, तब शरीरसँग सम्बन्धित सुख-दुःख र मानअपमानप्रति पनि समभाव राख्न सिक्दछ ।

आत्मा न जन्मिन्छ, न मर्छ; त्यो सनातन, अविनाशी र शाश्वत छ । जब मानिसले यो सत्य बुझ्छ, तब शरीरसँग सम्बन्धित सुख-दुःख, मान-अपमान, लाभ-हानिप्रति उसको दृष्टिकोण परिवर्तन हुन्छ भनेर गीतामा न जायते म्रियते वा कदाचित् .... श्लोकको उल्लेख गरिएको छ । मानिसले सबै किसिमका अनुभवहरू इन्द्रियको माध्यमबाट लिने हो । आँखाले देख्छ, कानले सुन्छ, जिब्रोले स्वाद लिन्छ,

छालाले स्पर्श अनुभव गर्छ । तर यी सबै अनुभवहरूलाई जान्ने एउटा छुट्टै चेतना छ । यदि आँखाले देख्न छोड्यो भने पनि, कान नसुन्ने भए पनि मानिसको अस्तित्व समाप्त हुँदैन । यसले इन्द्रियहरू आत्माका उपकरण मात्र हुन्, स्वयं आत्मा होइनन् भन्ने कुरा स्पष्ट पार्दछ । त्यस्तै मन पनि मानिसको वास्तविक स्वरूप होइन । मन अत्यन्त चञ्चल छ । कहिले प्रसन्न हुन्छ, कहिले दुःखी हुन्छ, कहिले आशावादी हुन्छ, कहिले निराशामा डुब्छ । गहिरो निद्राको अवस्थामा मन सक्रिय हुँदैन, तर मानिसको अस्तित्व भने रहिरहन्छ । त्यसैले ब्युँझिएपछि मानिस भन्छ "आज त राम्रो निद्रा लाग्यो ।" भगवद्गीताले मनको चञ्चलतालाई यसरी वर्णन गरेको छ–

"चञ्चलं हि मनः कृष्ण प्रमाथि बलवद् दृढम् ।" **(गीता ६.३४)**

अर्थात् मन अत्यन्त चञ्चल, शक्तिशाली र नियन्त्रण गर्न कठिन छ । तर मनको परिवर्तनलाई पनि अनुभव गर्ने एउटा साक्षी चेतना हुन्छ । त्यो चेतना नै आत्मा हो । बुद्धि पनि आत्मा होइन । बुद्धि कहिले तीक्ष्ण हुन्छ, कहिले मन्द हुन्छ । शिक्षा, अनुभव र अभ्यासले यसको क्षमता बदलिन्छ । तर बुद्धिको परिवर्तनलाई अनुभव गर्ने साक्षी भने स्थिर रहन्छ ।

बृहदारण्यक उपनिषद्मा "नेति नेति" भनेर आत्मा मन, बुद्धि कुनै पनि होइन, तीभन्दा परको शुद्ध चेतना हो भनेर उल्लेख गरिएको छ । आत्मा शरीर होइन, मन होइन, बुद्धि होइन; ती सबैभन्दा परको चेतनसत्ता हो भन्ने भावलाई यसले जोड दिएको छ । त्यसैगरी छान्दोग्य उपनिषद्ले पनि "तत्त्वमसि" भन्दै तिमी नै त्यो परम सत्य हौ भन्ने आत्मबोधको अद्वैत भाव बताएको छ ।

यसरी वैदिक दर्शनले मानिस शुद्ध चेतन आत्मा हो, जो परमात्माको अंश हो भन्ने कुरा स्पष्ट पार्दछ । यसरी विवेकपूर्वक विचार गर्दा मानिस नाम, शरीर, इन्द्रिय, मन र बुद्धि सबैभन्दा परको चेतन सत्ता हो र यही चेतन सत्ता नै शाश्वत, अविनाशी, अचल र आनन्दस्वरूप आत्मा हो भन्ने स्पष्ट हुन्छ । आत्माको बोध भएपछि परमात्माको प्राप्ती हुन्छ । यसका लागि सानैदेखि आफ्नो कर्म गर्नुपर्दछ ।

कौमार आचरेत् प्राज्ञो धर्मान् भागवतानिह ।
दुर्लभं मानुषं जन्म तदस्य ध्रुवमदर्थदम् । श्रीमद्भागवत (७.६.१)

मानव जन्म अत्यन्त दुर्लभ छ । अन्य जीवहरू मुख्यतः भोगका लागि जन्मिन्छन्, तर मानिससँग विवेक, विचार र आत्मचिन्तन गर्ने क्षमता हुन्छ । यही कारणले मानव जीवनलाई मोक्ष प्राप्त गर्ने अवसर मानिन्छ । बुद्धिमान व्यक्तिले बाल्यकालदेखि नै भागवत धर्म (भगवान्को भक्ति) को अभ्यास गर्नुपर्छ । मानिसले बुढेसकालको पर्खाइ नगरी बाल्यावस्थादेखि नै ईश्वरको भक्ति गर्नुपर्छ, किनकि मानव जन्मले परमात्माको पनि प्राप्ति हुन सक्दछ तर यो नाशवान भएको हुनाले मृत्यु कहिले आउँछ ठेगान हुँदैन । यो कुरा भक्त प्रह्लादले आफ्ना बालक असुर साथीहरूलाई बताउनुभएको हो । तर शरीर र मनले भोग्ने अनेक प्रकारका दुःखले गर्दा मानिस आफ्नो वास्तविक गन्तव्यसम्मा पुग्न सकेको हुँदैन । योगदर्शनले "अविद्यास्मितारागद्वेषाभिनिवेशाः पञ्चक्लेशाः"**(योगसूत्र २/३)**उल्लेख गर्दै मानिसलाई दुःखमा बाँध्ने पाँच प्रमुख कारण बताएको छ– अविद्या (अज्ञान), अस्मिता (अहंकार), राग (आसक्ति), द्वेष (घृणा) र अभिनिवेश (मृत्युको भय) । यी पाँच क्लेशले मानिसलाई जन्म–मृत्युको चक्रमा बाँध्छन् । जब मानिस आत्मज्ञानको मार्गमा अघि बढ्छ, तब यी क्लेशहरू क्रमशः नष्ट हुँदै जान्छन् ।

आत्मज्ञान केवल बौद्धिक तर्कबाट मात्र प्राप्त हुँदैन । यसको लागि विवेक, वैराग्य, साधना, ध्यान, सदाचार र ईश्वरभक्ति आवश्यक हुन्छ । कलियुगको अहिलेको अशान्त समयमा त झन् ईश्वरको कृपाविना आत्मिक उन्नति कठिन मानिएको छ । आध्यात्मिक मार्गमा सबैभन्दा महत्त्वपूर्ण तत्त्व ईश्वरप्रति शरणागति हो । ईश्वरमा शरण लिनु भनेको जीवनलाई सत्य, धर्म र प्रेमको मार्गमा समर्पित गर्नु हो । जब मानिसले आफ्नो अहंकार त्यागेर ईश्वरीय सत्तामा विश्वास गर्न थाल्छ, तब उसमा आन्तरिक शान्ति प्रकट हुन थाल्दछ, आफूलाई चिन्न थाल्दछ ।

यसै प्रसङ्गमा भगवद्गीतामा भगवान् श्रीकृष्णले अर्जुनलाई "हृदयका सम्पूर्ण भावले परमेश्वरका शरणमा जाऊ । उहाँको कृपाले तिमी परम शान्ति र शाश्वत धाम प्राप्त गर्नेछौ" भन्नुभएको छ ।

"तमेव शरणं गच्छ सर्वभावेन भारत ।
तत्प्रसादात्परां शान्तिं स्थानं प्राप्स्यसि शाश्वतम् ।।"

(गीता १८/६२)

जब मानिस ईश्वरको शरणागति स्वीकार गर्छ,

तब उसको अज्ञान क्रमशः नष्ट हुँदै जान्छ र जीवनका सुख-दुःखलाई दैवी व्यवस्थाको रूपमा स्वीकार गर्ने समभाव उसमा विकसित हुन्छ । जसरी अँध्यारो हटेपछि प्रकाश स्वतः प्रकट हुन्छ, त्यसरी नै अज्ञान नष्ट भएपछि आत्मज्ञान स्वतःप्रकट हुन्छ । आत्मज्ञान प्राप्त भएपछि मानिसले आफूलाई शरीर वा मनसँग मात्र सीमित ठान्दैन, बरू परमात्माको अंशका रूपमा अनुभव गर्न थाल्छ । यही अनुभूति नै आध्यात्मिक जीवनको चरम उपलब्धि हो । अन्ततः गीताले "सर्वधर्मान्परित्यज्य मामेकं शरणं व्रज" भनेर शरणागतिको सर्वोच्च रूपलाई प्रकट गरेको छ ।

मानव जीवन कर्मसँग गहिरो रूपमा सम्बन्धित छ । कुनै पनि मानिस कर्म नगरी बाँच्न सक्दैन । श्वास लिनु, बोल्नु, सोच्नु, हिँड्नु- यी सबै कर्म हुन् । यहाँसम्म कि केही नगरेर बस्नु पनि एक प्रकारको कर्म नै हो, शान्त कर्म । त्यसैले संसारमा कोही पनि कर्मबाट पूर्ण रूपमा मुक्त छैन । मानव जीवन कर्मबाट अलग हुन सक्दैन । एक क्षण पनि कर्म नगरी बस्न कसैले सक्दैन । "न हि कश्चित्क्षणमपि जातु तिष्ठत्यकर्मकृत् ।" तर कर्मको गति कस्तो हुन्छ भन्ने कुरा अत्यन्त महत्त्वपूर्ण छ । मानव जीवनको विशेषता यही हो कि उसँग कर्म छनोट गर्ने स्वतन्त्रता हुन्छ । यही स्वतन्त्रता नै उसको उन्नति वा पतनको कारण पनि बन्छ । तर कर्मको फल भने मानिसको नियन्त्रणमा हुँदैन । फल दिने शक्ति परमेश्वरको अधीनमा हुन्छ । मानिसले कर्म गर्न सक्छ, तर त्यसको परिणाम कस्तो आउनेछ भन्ने कुरा दैवी (प्राकृतिक) नियमद्वारा निर्धारित हुन्छ । गीता भन्छ–

"कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन ।" (गीता २.४७)

यति हुँदाहुँदै पनि मानिसका आफ्ना कर्तव्य छन् । कर्तव्य भनेको मानिसले आफ्नो नैतिक दायित्वका रूपमा स्वीकार गरेको कर्म हो- परिवारप्रति जिम्मेवारी, समाजप्रति सेवा, राष्ट्रप्रति कर्तव्य र सम्पूर्ण मानवताप्रति करूणा । तर कर्तव्यको नाममा अनावश्यक बोझ बोक्नु पनि बुद्धिमानी होइन । धेरै मानिस "सबै कुरा मैले नै गर्नुपर्छ" भन्ने सोचका कारण अनावश्यक तनावमा फसिरहेका हुन्छन् । किनभने संसारको सञ्चालन केवल कुनै एक व्यक्तिमा निर्भर हुँदैन । प्रकृतिको विशाल व्यवस्थामा सबै कुरा आफ्नै नियमअनुसार चलिरहेको हुन्छ । त्यसैले विवेकी मानिसले आफ्नो क्षमता र परिस्थिति अनुसार आवश्यक कर्तव्यहरू मात्र निष्ठापूर्वक पूरा गर्नुपर्छ । अनावश्यक जिम्मेवारीको जालमा फस्नु बुद्धिमानी होइन । जब मानिस कुनै काम गर्न सक्षम हुन्छ, तब मात्र उसले पूर्ण समर्पणका साथ त्यसमा लाग्नुपर्छ । आफ्नो नियन्त्रण बाहिरका कुराहरूमा अत्यधिक चिन्ता गर्नु व्यर्थ हुन्छ । जीवनको सन्तुलन यहीँ छ, कर्तव्यमा, समभावमा, लगनशीलता र परिणाममा ।

जब मानिसले यही दृष्टिकोण अपनाउँछ, तब उसले आफ्नो काम पनि राम्रोसँग गर्न सक्छ र जीवनको आनन्द पनि अनुभव गर्न सक्छ । यही कारणले वैदिक दर्शनले "सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।" भनेर केवल व्यक्तिगत मुक्ति मात्र होइन, सम्पूर्ण मानवताको कल्याणको कामना गरेको छ । यही भावनालाई जीवनमा उतार्नु नै सच्चा धर्म हो ।

अन्ततः वैदिक सनातन दृष्टिकोणअनुसार मानव जीवनको सार नै मानिसले आफूलाई चिनोस्, आफ्नो कर्मलाई धर्मको मार्गमा लगाओस् र ईश्वरप्रति भक्ति, सेवा तथा समर्पणका साथ जीवन बिताओस भन्ने हो । मानिस केवल शरीर वा नाम होइन; ऊ शुद्ध चेतन आत्मा हो भन्ने सत्यलाई सत्यलाई बुझ्दै धर्म, सदाचार, सेवा, प्रेम र भक्ति मार्गमा जीवनलाई समर्पित गर्नु नै मानवको सर्वोच्च कर्तव्य हो । जब मानिसले ऊ केवल शरीर होइन, शुद्ध चेतन आत्मा पनि हो भने बुझ्दछ, तब उसको जीवनको दृष्टिकोण नै बदलिन्छ । संसारप्रतिको उसको व्यवहार करूणामय हुन्छ, कर्मप्रतिको दृष्टिकोण निष्काम हुन्छ र हृदयमा गहिरो शान्ति उत्पन्न हुन्छ ।

यसरी आत्मबोध, धर्मपालन र ईश्वरभक्ति नै मानव जीवनको वास्तविक कर्तव्य हो भन्न सकिन्छ । यही मार्गले नै मानिसलाई बाह्य सफलताभन्दा माथि उठाएर परम शान्ति, आनन्द र मोक्षको दिशामा अग्रसर गराउँछ । मानव जीवन शरीर र नाममा मात्र सीमित छैन । जब मानिसले कर्मलाई आफ्नो कर्तव्यको भावना र समत्वबुद्धिका साथ गर्छ, तब जीवन केवल संघर्ष मात्र रहँदैन । त्यो आत्मिक उन्नति र परम शान्तिको यात्रामा रूपान्तरित हुन्छ । यही नै मानव जीवनको वास्तविक उद्देश्य र कर्तव्यबोधको वैदिक दर्शन हो ।❖

-सेतोपुल, काठमाडौं

ब्राह्मणेतर माताका ब्राह्मणसन्तति

सहप्रा. डा. जनार्दन उपाध्याय

परिचय

हाम्रो नेपाली समाजमा जातीय परम्परा कहिलेबाट सुरूभयो भन्ने विषयमा इतिहासका पानाहरू केलाउनु आवश्यक छ । हाम्रो समाजमा आजभोलि जन्मको आधारमा जात छुट्याउने परम्परा हाबी भएको देखिन्छ । तर हाम्रा पौराणिक ग्रन्थहरूले कही कतै पनि जन्मलाई जातको आधार मानेको उदाहरण देखिँदैन । कतिपय व्याख्याताहरूको मतअनुसार आजको समाज चलेको छ । शास्त्रमा उल्लेख वाक्यहरूको सही रूपमा व्याख्या हुन नसक्दा सामाजिक क्षेत्रमा यस्तो परम्परा चलिआएको देखिन्छ । गहिरिएर विचार गर्दा वेदवाक्यको व्याख्यामा समेत अन्यार्थ प्रकट भएको अनुभव हुनथालेको छ । "ब्राह्मणोस्य मुखमासीद्वाहूराजन्यमुत ऊरूतदस्ययद्वैश्यः ..." यसमन्त्रमा जुन अर्थ प्रकट भएको छ त्यसले ब्राह्मण ईश्वरको मुखबाट जन्मिए भन्ने अर्थ दिँदैन । यस मन्त्रको अन्वय गर्दा ब्राह्मणः अस्य मुखम् आसीत् अर्थात् 'अस्य ईश्वरस्य'को अर्थ ईश्वरको 'मुखम्'को अर्थ मुख र 'आसीत्'को अर्थ थिए भन्ने हुन्छ । अर्थात् समग्रमा ईश्वरको मुख ब्राह्मण थिए, हात क्षत्रिय थिए र वैश्य ऊरू थिए भन्ने अर्थ लाग्छ तर यसको विपरीत चार जात ईश्वरका विभिन्न अङ्गबाट जन्मिएको भन्ने अर्थ लगाउने परम्पराले सामाजिक मनोविज्ञानमा जरो गाडेको देखिन्छ ।

यसैगरी श्रीमद्भगवद्गीतामा लेखिएको वचनले मनुष्यको वर्णविभाजन जन्मको आधारमा नभएर गुण र कर्मको आधारमा गरिएको कुरा स्पष्ट हुन्छ । उदाहरणका लागि एउटा पद्य–

"चातुर्वर्ण्यं मया सृष्टं गुणकर्मविभागशः । तस्य कर्तारमपि मां विद्ध्यकर्तारमव्ययम् ॥" (श्रीमद्भगवद्गीता ४/१३) यस वाक्यमा भगवान् श्रीकृष्णले स्पष्ट भन्नुभएको छ– मैले मनुष्यको गुण र कर्मको आधारमा चार वर्ण सृष्टि गरेको छु । आदिकालदेखि नै सनातनी आर्यहरूको समाजमा वर्णव्यवस्था प्रचलित थियो, जातीय व्यवस्था थिएन भन्ने कुरालाई यसले स्पष्ट पारेको छ । पौराणिक ग्रन्थहरूलाई समेत आधार मान्ने हो भने जन्मको आधारमा जतीय व्यवस्था होइन कर्म र गुणको आधारमा वर्णव्यवस्था स्थापित भएको हो भन्ने स्पष्ट पार्न सकिन्छ ।

विषयप्रवेश

आजभोलि नेपाली समाजमा कुनै ब्राह्मणले क्षत्रिय कन्यासँग विवाह गरेर ल्याउँदा उसकी श्रीमती र सन्तानलाई क्षत्रिय जातिमा राख्ने परम्परा देखिन्छ भने एउटाकी श्रीमतीले अर्कै पुरुषसँग गएर सन्तान जन्माउँदा पनि उसलाई तल्लो जातिमा राख्ने प्रचलन छ । तर पौराणिक ग्रन्थहरूको आधारमा वंशपरम्पराको इतिहास खोतल्दै जाँदा यस्तो देखिँदैन । कुनै पनि व्यक्तिको वंशपरिचय गराउँदा गोत्रको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । गोत्रकै आधारमा वंशको परिचय खुल्छ । यस क्रममा पौराणिक ग्रन्थहरूमा देखाइएको वंशपरम्परालाई पछ्याउँदै जाँदा हालका ब्राह्मणहरूको मूल पुरुष र मूल स्त्री को थिए ? भन्ने विषयमा नमुनाका लागि केही गोत्रहरूको मात्र उदाहरण देखाउने काम गरिएको छ । यसै क्रमका एउटा ब्राह्मणकी पत्नीबाट अर्कै ब्राह्मणले र पिता ब्राह्मण तर उनले ब्राह्मणबाहेका कन्यासँग विवाह गरेर जन्माएका सन्ततिको परिचय केही गोत्रसँग दाँजेर यहाँ दिइएको छ ।

१. भारद्वाजगोत्रीय ब्राह्मणहरू

पौराणिक इतिहासको आधारमा हेर्दा उतथ्यकी पत्नी ममतामा बृहस्पतिले गर्भधारण गराएर जन्मिएका भरद्वाज ऋषि हुन् भन्ने कुरा विष्णुपुराणमा लेखिएको छ । सोमयाजी ब्राह्मण दीर्घतमा ममताबाट उत्पन्न भएका थिए । यसरी ऋषि दीर्घतमस् ऋषि उतथ्यकी पत्नी ममताले बृहस्पतिको गर्भ धारण गरेर भरद्वाजलाई जन्म दिएकी थिइन् । यिनै भरद्वाज ऋषिका वंशज भारद्वाज भए । यी भारद्वाज गोत्रका ब्राह्मणहरू हाम्रो समाजमा प्रशस्त छन् । नेपाली समाजमा हेर्ने हो भने ममता र बृहस्पतिबाट

उत्पन्न पुत्रको नाम भरद्वाज कसरी भयो भन्ने प्रसङ्गमा अर्काकी पत्नीबाट उत्पन्न भएको पुत्रलाई बृहस्पतिले तिमीनै भरण पोषण गर भनेर ममतालाई भनेपछि ममताले पनि यसलाई हामी दुवैले जन्माएका हौं त्यसैले तिमी नै यसको भरणपोषण गर भनिन् । अनि ती दुवैले यस्तो विवाद गर्दा गर्दै सो पुत्रलाई मातापिता दुवैले छाडेर गए । यसपछि मरूद्गणले राजा भरतलाई भरद्वाज दिए । यो प्रसङ्ग विष्णुपुराणमा यसरी उल्लेख भएको छ ।

ततोऽस्य वितथे पुत्रजन्मनि पुत्रार्थिनो मरुत्सोमयाजिनो दीर्घतमसः पार्ष्ण्यपास्ताद्बृहस्पतिवीर्यादुतथ्यपत्न्यां ममतायां समुत्पन्नो भरद्वाजाख्यः पुत्रो मरुद्भिर्दत्तः ॥ (विष्णुपुराण, चतुर्थ अंश, अध्याय १९, गद्य १६)

यो प्रसङ्ग महाभारत आदिपर्वमा पनि उल्लेख गरिएको छ ।

हाल नेपालमा रहेका यिनका वंशजहरूमा जम्लागाईं, जमरकट्टेल, चिमोरिया, चौलागाईं, जोशी, झा, डल्लाकोटी, दूधपोखरेल, देवकोटा, निरौला, पन्थी, कुलेटा पाण्डे, पाण्डेय, भण्डारी, भेटुवाल, वस्ती, सिटौला र सुवेदी जस्ता ब्राह्मणहरू पर्दछन् ।

२. गर्गगोत्रीय ब्राह्मणहरू

गर्गऋषि पनि भरद्वाजकै वंशमा उत्पन्न भएका हुन् । जो तिनै उतथ्यपत्नी ममताकै वंशज मानिन्छन् । माथि उल्लेख भएअनुसार यसै भरद्वाजको पुत्र मन्यु, मन्युका पुत्रहरू बृहत्क्षत्र, महावीर्य, नर तथा गर्ग आदि भए । यस्तै नरका पुत्र संकृति र उनका गुरूप्रीति र रन्तिदेव गरी दुई पुत्र जन्मिए । गर्गबाट शिनिको जन्म भयो जसलाई गार्ग्य ब्रह्मणसमूह भनिएको छ । उदाहरणका लगि यसरी हेर्न सकिन्छ–

भरद्वाजस्स वितथ पुत्रजन्मनि मरुद्भिर्दत्तस्ततो वितथसंज्ञामवाप । वितथस्यापि मन्युः पुत्रोऽभवत् ॥ बृहत्क्षत्रमहावीर्यनरगर्गा अभवन्नन्युपुत्राः ॥ (विष्णुपुराण, चतुर्थ अंश, अध्याय १९, गद्य १९-२३) । हाल नेपालमा रहेका झिझार जोशी, बास्तोला, लामिछाने, भट्ट, रिसाल, आदि गर्गगोत्रीय ब्राह्मणहरू पनि तिनै ममताका सन्तान रहेको पुष्टि हुन्छ ।

३. मौद्गल्यगोत्रीय ब्राह्मणहरू

यसै गर्गका वंशमा काण्व, काण्वायन ब्राह्मण भए । यिनकै वंशमा कैयौं पुस्ता बित्दै गएपछि पुरूवंशी राजाहरूको उदय भयो । यसै वंशमा अजमीढ नामका राजा भए । यी राजाकी नलिनी नामकी पत्नी थिइन् । यिनबाट नील नामको पुत्र भयो । नीलबाट शान्ति, शान्तिबाट सुशान्ति, सुशशान्तिबाट पुरञ्जन, पुरञ्जनबाट ऋक्ष, ऋक्षबाट हर्यश्व जन्मिए । यिनै हर्यश्वका मुद्गल, सृंजय, रिपुंजय आदि पुत्रहरू भए । यी मध्ये मुद्गल वा मौद्गल्य जन्मिए जसलाई क्षेत्रोपेत ब्राह्मण भनिएको छ ।

नरस्य सङ्गृतिस्सङ्गृतेर्गुरुप्रीतिरन्तिदेवौ ॥ गर्गाच्छिनिः ततश्च गार्ग्याश्शैन्याः क्षत्रोपेता द्विजातयो बभूवुः ॥ ... मुद्गलाच्च मौद्गल्याः क्षत्रोपेथाद्विजातयो बभूवुः ॥

(विष्णुपुराण, चतुर्थ अंश, अध्याय १९, गद्य ५८-६१)

हाल नेपालमा रहेका चट्टोपाध्याय, तिमल्सिना र कुइँकेल लगायतका मौद्गल्यगोत्रीय ब्राह्मणहरू तिनकै वंशज हुन् भन्ने कुराको पुष्टि हुन्छ ।

४. गौतमगोत्रीय ब्राह्मणहरू

मुद्गल ऋषिकै वंशमा उत्पन्न कन्या अहिल्याको गौतम ऋषिसँग विवाह भयो र गौतमगोत्रीय ब्राह्मणहरूको वंशपरम्परा चल्दै आयो । मुद्गलबाट बृहदश्व जन्मिए । यिनै बृहदश्वबाट दिवोदास नामका छोरा र अहिल्या नामकी छोरी जन्मिइन् । यी अहिल्याबाट गौतम ऋषिको वंशपरम्परा चल्यो । गौतमगोत्रीय ब्राह्मणहरू अहिले पनि छदैछन् । (विष्णुपुराण, चतुर्थ अंश, अध्याय १९, गद्य ६२) नेपालमा रहेका चुडाल, चुकुडाल, ढोडारी, तिवारी, त्रिपाठी, पलेउ पाण्डे गौतमगोत्रीय ब्राह्मणहरू पनि क्षत्रिय माताबाट उत्पन्न ब्राह्मण हुन् भन्ने बुझिन्छ ।

५. भृगुगोत्रीय ब्राह्मणहरू

जमदग्निका पिता ऋचीक ऋषिले पनि क्षत्रिय राजा गाधिकी कन्यासँग विवाह गरेका थिए । यस विषयमा महाभारत वनपर्वको अध्याय ८५ मा वर्णन गरिएको छ । ततो गाधिसुतां चास्मै जन्याश्चासन् सुरास्तदा । लब्ध्वा हयसहस्रं तु तांश्च दृष्ट्वा दिवौकसः । धर्मेण लब्ध्वा तां भार्यामृचीको द्विजसत्तमः । यथाकामं यथाजोषं तया रेमे सुमध्यया ॥

(महाभारत, वनपर्व, अध्याय ८५, पद्य २९-३०)

ऋचीकपुत्र जमदग्निको विवाह पनि विदर्भराज क्षत्रियकन्या रेणुकासँग भएको थियो । जसबाट जन्मिएका परशुरामको कथा पुराणहरूमा यत्रतत्र पाइन्छ । यिनी पनि भृगुवंशी थिए । यसै कारणले परशुरामलाई भार्गव भनिएको

छ । यो प्रसङ्ग महाभारत वनपर्वमा विस्तारमा पाइन्छ । यसैगरी कालिकापुराणमा पनि यो कथा लेखिएको छ । नेपालमा हाल विद्यमान घोडासैनी भृगुवंशीय ब्राह्मण हुन् भन्ने बुझिन्छ ।

६. अगस्त्यवंशीय ब्राह्मणहरू

अगस्त्य ऋषिले पनि विदर्भराजकी राजकुमारी लोपामुद्रासँग विवाह गरेका थिए । यी अगस्त्यको वंशपरम्परामा हाल नेपालमा पाइने ढुंगेल ब्राह्मणहरू छन् जसको अगस्त्य गोत्र हो । यिनीहरूलाई लोपामुद्रा क्षत्रियाणीबाट जन्मिएका ब्राह्मण सन्ततिको उदाहरण मान्न सकिन्छ ।

७. कौशिकगोत्रीय ब्राह्मणहरू

कुशिक वंशमा उत्पन्न विश्वामित्र बशिष्ठसँग पटक पटक हार खाएपछि तपस्याद्वारा ब्राह्मण बनेको कुरा पुराणहरूमा प्रशस्त पाइन्छ । कुशिकस्य अपत्यं पुमान् कौशिक। यो निर्वचनअनुसार कौशिक गोत्रीय ब्राह्मणहरू आमा मात्र नभएर पिता पनि क्षत्रिय पुर्खाबाट विकसित ब्राह्मण हुन् भन्ने कुरा स्पष्ट हुन्छ । नेपालमा रहेका कौशिक ब्राह्मणहरूमा घोडासैनी, छत्कुली, रेग्मी जोशी, ढुंगाना, पाठक, फुँयाल, बस्ताकोटी, रिमाल, रेग्मी, लुइँटेल, सञ्जेल आदि पर्दछन् ।

८. विश्वामित्रगोत्रीय ब्राह्मणहरू

कौशिक गोत्र जस्तै विश्वामित्र गोत्रीय ब्राह्मणहरू पनि मातापिता दुवै क्षत्रिय भएका मध्ये पर्दछन् । नेपालमा पाइने ब्राह्मणहरू मध्ये न्यालभट्ट र दुमाडीभट्ट विश्वामित्रगोत्रीय ब्राह्मणमा पर्दछन् ।

उपसंहार

उपर्युक्त तथ्यहरूका आधारमा हेर्दा एकातिर वैदिक सनातन धर्मका अनुयायीहरूको सामाजिक क्षेत्रमा जातीय व्यवस्था नभएर वर्णव्यवस्था रहेको वास्तविकता छ भने अर्कातिर वर्ण व्यवस्था जन्मको आधारमा नभएर गुण र कर्मको आधारमा विभाजन गरिएको यथार्थ स्पष्ट हुन्छ । यसैगरी हाल हाम्रो समाजमा परम्परा बन्दै आएको रीति ब्राह्मणको पुत्र भएर जन्मिएपछि मदिरालगायतका अभक्ष सेवन गरे पनि ऊ ब्राह्मण नै भइरहने, ब्राह्मणबाहेकका कुलमा जन्मिएर सात्विक आहार र आचरण गरे पनि ऊ ब्राह्मण हुन नपाउने चलन नितान्त गलत छ भन्ने कुरा पौराणिक घटनाले साबित गरिदिएको छ । यस्तै वर्तमान समाजमा ब्राह्मणले क्षत्रियकन्यासँग ब्रह्मविवाह विधिले विवाह गरेर भित्र्याए पनि उसलाई क्षत्रिनी नै भन्ने र उसबाट जन्मिएका सन्ततिलाई क्षत्रियको दर्जा दिने जुन परम्परा छ, नितान्त गलत छ भन्ने पनि साबित हुन्छ । हाल हाम्रो समाजमा भएका ब्राह्मणहरूको पुस्ता केलाउँदै जाँदा क्षत्रियाणीबाट नै जन्मिएको तथ्यले ब्राह्मण क्षत्रिय आदि वर्ण व्यक्तिको गुण (सत्व, रज, तम) र कर्म (ब्रह्मकर्म, क्षात्रकर्म, वैश्यकर्म र शूद्रकर्म) को आधारमा निर्धारित हुने कुरा बुझ्न आवश्यक छ ।❖

-वाल्मीकि विद्यापीठ, काठमाडौं

जय गौमाता !
पृथ्वी सबैको साझा घर हो। यहाँ सबै प्राणीहरुले बाँच्न पाउने अधिकारको सुनिश्चितता गरौं।
हरेक दिन गाईबाच्छाहरुका लागि केही दान गरौं। जन्मोत्सव, विवाहोत्सव आदि शुभकार्यहरु र अन्य उत्सव या स्मृतिमा गौमाताको सेवामा केही योगदान गरौं। आफू पनि बाँचौं र अवोध प्राणीहरुलाई पनि बचाऔं। सेवा नै सबैभन्दा ठूलो धर्म हो।
सडकमा वेवारिसे छाडिएका गाईबाच्छा, साँढेहरूको

संरक्षणमा हातेमालो गरौं !

नन्दी सेवा स्थल

मन्दिर गाई बाच्छा बचाऊ तथा समाज विकास अभियान

फूल पसल लाइन, वनकाली,

सम्पर्क: ९८०८२९७४८५, ९८४१२०४००६

विदुर नीति

-कविप्रसाद प्याकुरेल

माता तिमी नै र पिता तिमी नै ।
बन्धु तिमी नै र सखा तिमी नै ॥
विद्या र सम्पत्ति पनि तिमी नै ।
मेरो त सर्वस्व प्रभु तिमी नै ॥

प्रथम अध्याय (महाभारत : उद्योगपर्व)

वैशम्पायन भन्नुहुन्छ-
महाप्राज्ञ धृतराष्ट्र भन्दछन् द्वारपालमा ।
'विदुरलाई बोलाई ल्याऊ तत्काल नै यहाँ' ॥१॥

तत्काल दूत आएर बिन्ती गर्छ विदुरमा ।
'तपाईंलाई राजाको भेट गर्ने छ चाहना' ॥२॥

यस्तो सन्देश पाएर विदुर दरबारमा ।
'द्वारपाल, भनिदेऊ, तत्कालै' महाराजमा ॥३॥

द्वारपाल-
महाराज तपाईँको आज्ञा पाएर भर्खर ।
विदुर दर्शनाकाङ्क्षी हुनुहुन्छ तपाईँमा ॥४॥

धृतराष्ट्र-
म धेरै पहिलेदेखि भेट गर्न विदुरमा ।
याचना गर्न पर्दैन विदुर आउँदा यहाँ ॥
मेरो द्वार सदाकाल विदुर स्वागतार्थमा ।
विदुरलाई बोलाऊ आलिङ्गन गर्न खोज्छु म ॥५॥

द्वारपाल-
महाराज महाप्राज्ञ पाल्नुहोस् अन्तपुरमा ।
श्रीमहाराज आज्ञा छ स्वागत छ तपाईँमा ॥६॥

वैशम्पायन-
अनि विदुर आएर चिन्तित महाराजमा ।
अञ्जलिबद्ध रूपमा गर्नुहुन्छ निवेदन ॥७॥

म विदुर महाराज आज्ञाद्वारा तपाईँमा ।
उपस्थित भएको छु कर्तव्यकर्म निम्तिमा ॥८॥

धृतराष्ट्र-
श्रीसञ्जय महाप्राज्ञ यहाँ आएर भर्खर ।
अजातशत्रुबारेमा भोलि वार्ता हुने छ भय ॥९॥

कुरुवीर युधिष्ठिरबारेमा अनभिज्ञ छु ।
रात्रि निद्रा नलाग्नाले आज सर्वाङ्ग क्लान्त छु ॥१०॥

धर्मकुशल सर्वज्ञ हुनाले तिमीलाई म ।
मेरा कल्याणनिम्तिमा उपाय के छ त्यो भन ॥११॥

फर्केपछि पाण्डवबाट सञ्जय ।
अशान्त मेरो मन भो निरन्तर ॥
सर्वाङ्गमा भत्भत पोल्न थाल्दछ ।
के हुन्छ भोलि यही नै छ ठूलो भय ॥१२॥

विदुर-
विरोधी त्यो बलियो छ आफूमा हीन साधन ।
कामी, चोर र डाकामा निद्रा लाग्दैन रातमा ॥१३॥

यी महादोषी व्यक्तिमा सम्पर्क छ तपाईँको ?
पराई वित्तप्राप्तिमा तपाईँ जानपर्ने भो ? ॥१४॥

धृतराष्ट्र-
धर्म औ श्रेयको बाटो हिँड्न खोज्दै छु आज म ।
केवल तिमी मात्रै छौ सर्वज्ञ राजवंशमा ॥१५॥

विदुर-
राजलक्षणसम्पन्न त्रैलोक्याधिपति नृप ।
सेवा गर्थे तपाईँकै वनमा छाड्नुभो किन ? ॥१६॥

आँखा अन्धा भएकाले युधिष्ठिरका महागुण ।
धर्मको विद् तपाईँले देख्नुभएन राजन ॥१७॥

धर्म, दया तथा सत्य, धीर, वीर, पराक्रम ।
गुरुको भावनाद्वारा क्लेश भोग्छन् युधिष्ठिर ॥१८॥

शकुनि, कर्ण, दुशासन, दुर्योधनहरूप्रति ।
राज्यको भार सुम्पेर कदापि हुन्न उन्नति ॥१९॥

आत्मज्ञान, तितीक्षा र सत्यता, धर्म, नित्यता ।
धीर, वीर, सुसम्पन्न व्यक्ति सदैव पण्डित ॥२०॥

खराब कर्ममा निन्दा, प्रशंसा शुभ कर्ममा ।
आस्तिक र सुश्रद्धालु व्यक्ति पण्डित लक्षण ॥२१॥ क्रमशः

-कपन, काठमाडौं

पाहाँचःऱ्हे र घोडेजात्रा

- प्रेममान डंगोल

उपत्यकाका नेवार समुदाय सांस्कृतिक सम्पदा र परम्परागत शैलीका विभिन्न चाडपर्वका धनी छन् । नेवार जातिको मौलिक चाडवाड नेपालकै साँस्कृतिक धरोहरको रूपमा रहँदैआएको छ । यो विश्वमा नेपालको पहिचानको रूपमा पनि रहिआएको छ । यस क्षेत्रका नेवार समुदायले प्राचीनकालदेखि मनाउँदै आएका चाडहरू मध्ये पाहाँचःऱ्हे पनि एक हो । यो चाडको ठूलो महत्त्व रहेको छ ।

विशुद्ध नेवारी संस्कृतिमा आधारित पाहाँचःऱ्हे पर्वले उपत्यकामा एउटा छुट्टै रौनक छरेको हुन्छ । नेपाल भाषामा पाहाँ भन्नाले पाहुना र चःऱ्हेको अर्थ चतुदर्शी हो । नेवारी संस्कृतिमा पाहुनाको ठूलो स्थान छ । पाहुनालाई देउता झै मानेर बडो श्रद्धाका साथ स्वागत सत्कार गरिन्छ । त्यसैले आफ्ना साथीभाइ, इष्टमित्रहरूलाई आमन्त्रण गरेर भोज खुवाउने गरिन्छ । पाहाँचःऱ्हे विशुद्ध प्राकृतिक वातावरण, खानपान र रहनसहनसँग जीवनको व्यवहारिक अस्तित्व समायोजन गर्ने पर्व हो । जाडो सकिएको र गर्मी सुरू हुने हुँदा हुरी, बतास, वर्षात र अनेक थरिका रोगबाट बच्ने उपायको खोजी गर्ने धार्मिक प्रवृत्ति नै नेवार समाजमा पाहाँचःऱ्हे पर्वले लिएको पाइन्छ ।

पाहाँचःऱ्हे चाड चैत्र कृष्ण चतुर्दशीदेखि प्रतिपदासम्म ३ दिन उपत्यकाका हिन्दु वा बौद्ध नेवारहरूले विभिन्न किसिमले बडो श्रद्धाका साथ मनाउने गर्दछन् । यस दिन काठमाडौंका टोल टोलमा रहेका गणेश, देवी लगायतका देवताहरूलाई कुखुरा, हाँस, बोका बलि दिने गरिन्छ भने टोल टोलमा देवताका खट घुमाएर जात्रा गरिन्छ ।

पाहाँचःऱ्हेका दिन टोल टोलमा रहेका लुकुमहाद्यः (लुकेको महादेव) लाई पूजा गरिन्छ । फोहर भएको ठाउँमा माटो खनेर मुनी गाडी रहेको शिवलिङ्गलाई सफा सुग्घर गरी पूजा गरिन्छ । पिशाचको रूपमा लुकेर बसेका महादेवलाई पिशाच चतुर्दशीका दिन पूजा गरिँदै आएको हो । लुकुमहाद्यःलाई विशेष गरेर लसुन, भटमास, माछा, छ्वयला, चिउरा राखेर समय्बजि चढाउनुका साथै जाँड रक्सी पनि चढाउने गरिन्छ । साथै लुकुमाद्यःलाई सुनको फूल र चाँदीको फूल पनि चढाइन्छ । यसरी फूल चढाउँदा सुनको फूल भनेर तोरीको फूल र चाँदीको फूल भनेर मुलाको फूल चढाउने गरिन्छ ।

महादेव जस्तो द्यौतालाई समेत पिशाचको रूपमा फोहर भित्र किन लुकेर बस्नु परेको सम्बन्धमा एउटा किंवदन्ति अनुसार एकपटक महादेवले शनी लाग्दा धेरै दुःख हुन्छ भन्छन्, कस्तो हुन्छ हँ भनी स्वयं शनीसँग नै सोध्नुभएछ । तब शनीले पनि हजुरलाई लाग्छ अनि थाहा हुनेछ भन्ने जवाफ दिएछन् । महादेवले छक्क पर्दै मलाई पनि तिमीले छुन सक्छौ त भन्ने प्रश्न गर्दा शनीले 'हजुरलाई पनि छुने समय आउँदैछ । हजुरको जानकारीका लागि यो समयमा म आउने छु र हजुरलाई छुनेछु' भनी जवाफ दिएछन् । अनि शनी आफ्नो बाटो लागेछन् ।

शनीले छुने समय पनि आयो अर्थात शनी लाग्ने समय आएछ र महादेव लुक्न जानुभएछ, फोहर फाली राखेको डुंगुर भित्र । अब शनीले मलाई कसरी छुन्छ हेरौंला भन्दै महादेव हिलो माटो फोहर मुन्तिर लुकेर बसिरहनुभएछ ।

पिशाच चतुर्दशीका दिन शनी, महादेव लुकी रहेको ठाउँमा आइपुगे र महादेवलाई भने- मैले देखिहाले नि । तर महादेवले सोधेछन्- 'खोइ त तिमीले मलाई छोएको ?' तब शनीले पनि जवाफ दिएछन्- 'हजुरलाई मैले नछोएको भए हजुर यसरी फोहर भित्र लुकेर बस्नु पऱ्थ्यो र ? मैले त हजुरलाई उही समयमा छोइसकेको थिएँ जुन समयमा हजुर यहाँ लुक्न आउनु भएको थियो ।' शनीको जवाफ

सुनेर महादेव लाजले भुतुक्क हुनुभएछ ।

यो घटनाबाट के शिक्षा पाइन्छ भने जतिसुकै शक्ति किन नहोस्, जतिसुकै ठूलो मान्छे किन नहोस् उसका पनि दुर्दिन आउन सक्छ । सबैलाई सधै एकनास हुँदैन, दशा लाग्न सक्छ, दुःख हुन सक्छ । महादेव जस्ता देवतालाई त शनी दशा लागेर हिलो फोहर भित्र बस्नु पर्यो भने हामी मानिसहरूमा पनि उतार चढाव आउन सक्छ । त्यसैले कहिले पनि घमण्ड गर्नु हुँदैन भन्ने शिक्षा लिएर जस्तै सुख र दुःखमा पनि एकनास हुनुपर्छ र सबैसँग समान व्यवहार गर्नुपर्छ ।

पाहाँचःऱ्हेको भोलिपल्ट औंशीका दिन टोल टोलका ब्रतबन्ध नगरेका र बेल विवाह नगरेका साना साना बाल बालिकाहरूलाई 'मरःजा' खुवाउने परम्परा छ । एक किसिमले कन्या-कुमार खुवाए जस्तै गरी खुवाउने यस 'मरःजा'मा अजिमाको प्रसादको रूपमा दालभात तरकारी खुवाउने गरिन्छ । 'मरःजा' खुवाउनका लागि एउटा गुठी नै चलाई आएको पाइन्छ । श्रद्धालु व्यक्तिहरू कसैकसैले यस अवसरमा चकलेट, बिस्कुट, मिठाई पनि बालबालिकाहरूलाई वितरण गर्ने गर्छन् । यसरी विभिन्न परिकार वितरण गर्नेहरूको घुइंचो नै लागेको हुन्छ । अजिमाको प्रसाद 'मरःजा' खुवाएपछि बालवालिकाहरूलाई भुतप्रेतले छुँदैन र अनेकौं रोग लाग्नबाट बचाउँछ भन्ने गहिरो विश्वास रहेको पाइन्छ ।

पाहाँचःऱ्हेको अवसरमा मकलको आगोमा इकाःपकाः (रायो-सर्स्यूँ) बालेर त्यसको धुवाँ घर भरि फैलाउने परम्परा छ । यसबाट घरमा भूत प्रेत, रोग, शोक र बोक्सी जस्ता दुष्ट आत्माबाट मुक्ति पाइन्छ भन्ने मान्यता छ ।

पाहाँचःऱ्हेको भोलिपल्ट दिउँसो घोडेजात्रा मनाउने भनेर टुंडिखेलमा घोडा कुदाउने गरिन्छ । उपत्यकाका प्रत्येक गाउँ, नगर र बस्तीको छुट्टा छुट्टै पहिचानमुखी पर्वहरू मध्ये पाहाँचःऱ्हेलाई यैं नखः अर्थात काठमाडौं शहरको पर्व पनि भनिन्छ । घोडेजात्रा काठमाडौंको पर्व भनिएता पनि ललितपुरको भोलाख्यःमा रक्सि खुवाएर मात्तिएको एउटा मात्र घोडा कुदाएर घोडेजात्रा मनाउने परम्परा छ । त्यस्तै भक्तपुरमा पनि परालको घोडा बनाएर दौडाउने गरिन्छ । एउटा कथन अनुसार मल्ल कालमा काठमाडौं र पाटनका राजाहरू बीच ठूलो झगडा भएछ । काठमाडौंको टुंडिखेलमा देखाउने घोडेजात्रा आफ्ना देशका जनताहरूले हेर्न नजाओस् भनि ललितपुर बालकुमारी नजिक भोलाःख्यःमा अनौठो प्रकृतिको एउटा मात्र घोडा कुदाउने जात्रा मनाउने चलन रहिआएको हो ।

पाहाँचःऱ्हेको रातमा टेबहालको भद्रकाली, वटुटोलको भद्रकाली देवीका खट टुंडिखेलमा ल्याइन्छ । त्यस्तै कंकेश्वरी देवीको खट पनि ल्याइन्छ र देउता जुधाउने

भनेर टेबहाल वटुका देवीहरूको खटमा चढेर बसेका मानिसहरूको हातमा रहेको बलिरहेको तिंप्वाः (एक किसिमको परालको मसाल) साटासाट गरेर ३ पटक खट घुमाएर फर्काउने गरिन्छ । शुद्ध रात्रीमा हुने देवता जुधाउने यो जात्रा एकदम रमाइलो र रोचक हुन्छ । भोलिपल्ट दिनभर टोलका प्रायः सबै स्थानमा गाजाबाजाका साथ खट घुमाएर जात्रा गरिन्छ र घर घरबाट दिइने पूजा ग्रहण गरिन्छ ।



पाहाँचःऱ्हेको तेस्रो दिन अर्थात प्रतिपदाका दिन असनमा देवता जुधाउने गरिन्छ । त्यो दिन पनि दिउँसो टेबहाल र वटुका भद्रकाली देवीका खटहरू असन दोबाटोमा ल्याइन्छ । त्यस्तै कंकेश्वरी अजिमाको खट पनि ल्याइन्छ । टेबहाल र वटुका भद्रकाली अजिमाको खटका तर्फबाट बलिरहेको तिंप्वाः कंकेश्वरी देवीको खटसँग साटेर ३ पटक खट घुमाएर ठूलो जनमानसका साथ देवता जुधाउने जात्रा सम्पन्न गरिन्छ । यसरी देवीका दिदी बहिनी बिच भेटघाट गराई जात्रा भव्य रूपमा मनाउने गरिन्छ । यस अवसरमा असनवासीले घरका झ्याल झ्यालबाट ल्वंचाःमरी फ्याँकेर जात्रामा सहभागीहरूको हर्षबढाँइ गर्दछन् । यो जात्रा हेर्नका लागि असनमा मानिसहरूको बाक्लो उपस्थिति रहेको हुन्छ ।

एक आख्यान अनुसार अष्टमातृका दिदी बहिनीहरू मध्ये एक धेरै सन्तानकी आमा लुति अजिमाँ (इन्द्रायणी) पनि पाहाँचःऱ्हेको भोज खान झुत्रै लुगा लगाएर माइत गइछन् । गरिव हुनाले उनलाई माइतीमा राम्रा लुगा गहना लगाएर आएका अन्य छोरी ज्वाइका साथ बसी खान दिएनछन् । भोक लागेको बेला भोज देखेपछि लुती अजिमाँका बच्चाहरू भोक लाग्यो भोक लाग्यो भनी कराइ रहँदा पनि कसैले कुनै वास्ता नगरेपछि मनमा ठूलो सन्ताप लिई बच्चाहरूलाई साथै लिइ फर्किछन् । फर्कदै गर्दा बाटोमा एउटा फर्सी भेटिछन् । घर गएर यही फर्सी उसिनेर भए पनि बच्चाहरूलाई खुवाउनु पऱ्यो भनी काट्दा फर्सी त सुनमा परिणत भएछ ।

उक्त सुनको कारण धनी भएकी लुति अजिमा अर्को पटक झकिझकाउ भई माइती जाँदा मान सम्मानका साथ भोज खुवाउन थाले । तर लुति अजिमाको पालो खान दिएको भोज जथाभावी गहना लुगामा दल्न थालिन् । त्यो देखेर सबै अजिमा दिदी बहिनीहरूले यो के गरेको भनि सोध्दा 'जब म गरिव खान नपाएको अवस्थामा थिएँ यही घरबाट भोकै फर्काइयो । आज म सुखी सम्पन्न छु त्यसैले मान सम्मानका साथ खाना ल्याइयो । यो खाना मेरो लागि होइन रहेछ, यो लुगा र गहनाको लागि रहेछ' भनी बाहिर निस्किन् । 'मिखा कां नं भ्वय् खं, वसः कां नं भ्वय् मखं' अर्थात 'आँखा कानोले भोज देख्छ लुगा कानोले भोज देख्दैन रहेछ' भन्दै लुति अजिमाले पाहाँचःऱ्हे बहिस्कार गरेको कारण लुति अजिमा इन्द्रयणीको जात्रा बालाचतुर्दशीका दिने हुने गर्दछ ।

आफन्त वा कोही कसैलाई पनि हेला गर्नु हुँदैन । धनीलाई गरिने व्यवहार र गरिबलाई गर्ने व्यवहारमा फरक पार्नु हुँदैन । सबैलाई समान व्यवहार गर्नुपर्छ भन्ने ज्ञान यो पाहाँचःऱ्हे पर्वले हामीलाई दिएको छ ।

कलिगत सम्बत ३८२५ मा राजा गुणकामदेवद्वारा स्थापित लुमधिअजिमा, कङ्ग अजिमा, म्हेपि अजिमा, मैती अजिमा, तकति अजिमा, न्यतमरू अजिमा, बछला अजिमा गरी सात दिदी बहिनीको जात्रा पाहाँचःऱ्हेका दिन टुंडिखेल र असनमा हुने परम्परा रहेता पनि हाल कंग अजिमा, लुमडी भद्रकाली वटु र टेबहाः अजिमाको खट मात्र जात्रा हुने गरेको छ ।❖

–नयाँबजार काठमाडौं

(लेखक स्वतन्त्र पत्रकार हुनुहुन्छ)

उत्तरायण र उत्तरगोल विमर्श

गणेश लम्साल

ज्योतिर्मय आकाशीय पिण्डहरूको अध्ययन गर्ने शास्त्र ज्योतिष हो । आकाशीय पिण्डहरूको गति, स्थितिको अध्ययन गरी मानवका साथै सम्पूर्ण प्राणीमाथि हुने शुभाशुभ प्रभावको अध्ययन यस शास्त्रमा गरिन्छ । ज्योतिषशास्त्रको प्रमुख प्रयोजन फलादेश हो, जो ग्रहगणितमा आधारित रहेको हुन्छ । सिद्धान्त, संहिता र होरा गरी ज्योतिषशास्त्रका तीन ओटा शाखा विकसित छन् । सिद्धान्त शाखामा अङ्कगणित, बीजगणित, ग्रहगणित र गोलगणितको वर्णन छ । गणितीय माध्यमले ज्योतिषको सिद्धान्त शाखाले ग्रहहरूको अवस्थितिको अध्ययन गर्दछ,



उत्तरी गोलार्द्ध की ऋतुएँ

जसको फलवर्णन संहिता र होरा शाखामा गरिन्छ । ग्रहगणितमा कालगणना मुख्य विषय रहेको छ । उत्तरायण र उत्तरगोल यी दुवै कालगणना अन्तर्गतका विषय हुन् । पौराणिक ग्रन्थका अनुसार उत्तरायणलाई देवताको दिन मानिन्छ भने दक्षिणायनलाई देवताको रात्रि । मुहूर्तशास्त्रले उत्तरायणलाई धार्मिक एवम् शुभ कृत्यका लागि शुभ समय भनी वर्णन गरेका छन् ।

कालगणनाअन्तर्गत सिद्धान्तज्योतिषमा मुख्य रूपमा नौ प्रकारका मानहरू बताइएका छन् । ती मानहरू यस प्रकार छन्– ब्राह्मं दिव्यं तथा पित्र्यंप्राजापत्यं च गौरवम्। सौरञ्च सावनं चान्द्रमार्क्षं मानानि वै नव ॥१॥ (मानाध्यायः, सूर्यसिद्धान्तः) ब्राह्म, दिव्य, पित्र्य, प्राजापत्य, गौरव, सौर, सावन, चान्द्र र आर्क्ष गरी नौ प्रकारका मान रहेका छन् । यी मानहरू क्रमशः ब्रह्मा, देवता, पितृ, मनु, बृहस्पति, सूर्य, सूर्योदय, चन्द्र र नक्षत्रसँग सम्बन्धित मान हुन् । उत्तरायण र उत्तरगोल सूर्यको राशिसञ्चारसँग सम्बन्धित विषय हुन्, जुन दिव्यमान र सौरमानसँग सम्बन्धित छन् । सूर्य मकरादि ६ अर्थात् मकर, कुम्भ, मीन, मेष, वृष र मिथुन राशिमा सञ्चार गर्ने अवधिलाई उत्तरायण भनिन्छ । त्यसैगरी सूर्य कर्कटादि ६ अर्थात् कर्कट, सिंह, कन्या, तुला, वृश्चिक र धनु राशिमा सञ्चार गर्ने अवधिलाई दक्षिणायन भनिन्छ ।

सूर्यसिद्धान्तको मानाध्यायमा भनिएको छ– भानोर्मकरसङ्क्रान्तेः षण्मासा उत्तरायणम् । कर्कादेस्तु तथैव स्यात् षण्मासा दक्षिणायनम् ॥९॥ जसलाई सौरमासका आधारमा हेर्दा माघ सङ्क्रान्तिदेखि आषाढ मसान्तसम्म उत्तरायण र श्रावण सङ्क्रान्तिदेखि पौष मसान्तसम्म दक्षिणायन हुन्छ । उत्तरायण सुरू भएदेखि सूर्य प्रतिदिन उत्तरतर्फ बढेर उदाउँछ भने दक्षिणायन सुरू भएपछि प्रतिदिन दक्षिणतर्फ बढेर उदाउँछ । सृष्टिको आदिमा क्रान्तिवृत्त (सूर्य भ्रमण गर्ने वृत्त) र नाडीवृत्त (कालमापक वृत्त)को सम्पात मेषादि र तुलादि बिन्दुमा रहेको थियो । समयक्रममा यस सम्पातविन्दुमा विचलन आयो । सम्पातविन्दुको विचलनलाई सूर्यसिद्धान्तग्रन्थले दोलाभ्रमण (मेषादिबाट २७ अंश पूर्व र २७ अंश पश्चिमतर्फ) र आधुनिक विज्ञानले पश्चिम गतिले वृत्तभ्रमणको रूपमा मानेका छन् । यही विचलनलाई अर्थात् मेषादिविन्दु र सम्पातविन्दुको अन्तरलाई अयनांश भनिन्छ । सायन गणनाअनुसार अभीष्ट अयनांशलाई ६०ले गुणन गरेर सूर्यको स्पष्ट गतिले भाग गर्दा जो भागफल मिल्छ, त्यति नै दिन पूर्व नै सूर्य उत्तरायण वा दक्षिणयन तथा

उत्तर गोल वा दक्षिण गोलमा प्रवेश गर्छ । भास्कराचार्य भन्नुहुन्छ– क्रियतुलाधरसङ्क्रमपूर्वतोऽयनलवैर्विषुवद्दिनम्। मकरकर्कटसङ्क्रमतोऽयनं द्युदलभा विषुवद्दिवसेक्षभा॥४६॥ (स्पष्टाधिकारः, सिद्धान्तशिरोमणिः) सायन गणनाले उत्तरायण र दक्षिणायन माघ सङ्क्रान्ति र श्रावण सङ्क्रान्तिभन्दा पहिले नै लागे तापनि धार्मिक कार्यका दृष्टिले क्रमशः माघ सङ्क्रान्ति र श्रावण सङ्क्रान्तिबाट नै मान्ने परम्परा रहिआएको छ । त्यसैगरी मेषादि ६ अर्थात् मेष, वृष, मिथुन, कर्क, सिंह र कन्या राशिमा सूर्य हुँदा उत्तरगोलमा सूर्य हुन्छ भने तुलादि ६ अर्थात् तुला, वृश्चिक, धनु, मकर, कुम्भ र मीन राशिमा सूर्य हुँदा दक्षिणगोलमा सूर्य हुन्छ । निरयण गणनाले सूर्य उत्तरगोलमा र दक्षिणगोलमा प्रवेश दिन गर्ने क्रमशः वैशाख सङ्क्रान्ति र कार्तिक सङ्क्रान्ति हुन्, जसलाई विषुवत् सङ्क्रान्तिका नामले पनि चिनिन्छ ।

दिव्यमान देवता र आसुरमान असुरसँग सम्बन्धित मान हो । मानवको १ सौरवर्ष बराबर देवता र असुरको क्रमशः १ दिव्य एवम् आसुर दिन हुन्छ । देवताको दिन हुँदा असुरको रात्रि हुन्छ भने असुरको दिन हुँदा देवताको रात्रि हुन्छ । देवता उत्तरी ध्रुवको मुनि बस्छन् भने असुर दक्षिणी ध्रुवको मुनि बस्छन् । दुवैले आफ्नो शिरमा ध्रुवलाई देख्छन् अर्थात् देवस्थान वा असुरस्थानमा ९० अंश बराबर अक्षांशको मान हुन्छ । त्यहाँ नाडीवृत्त नै क्षितिज वृत्तको रूपमा रहने हुँदा नाडीवृत्तदेखि उत्तरमा रहेका मेषादि ६ राशिमा सूर्य हुँदा लगातर ६ सौर महिनासम्म देवताले उदित सूर्य देख्छन् भने असुरहरूले देख्दैनन् । त्यसैगरी नाडीवृत्तदेखि दक्षिणमा रहेका तुलादि ६ राशिमा सूर्य हुँदा लगातर ६ महिनासम्म देवताले सूर्य देख्दैनन्भने असुरहहरूले उदित सूर्य देख्छन् । यसरी देवता र असुरका बिचमा दिन र रात्रिको विपर्यय सिद्ध हुन्छ ।

३६० दिव्य वा आसुर अहोरात्र अर्थात् ३६०सौरवर्ष बराबर १ दिव्य वा आसुर वर्ष हुन्छ । भनिएको छ– सुरासुराणामन्योन्यहोरात्रं विपर्ययात्। तत्षष्टिः षड्गुणा दिव्यं वर्षमासुरमेव च ॥१४॥ (मध्यमाधिकारः, सूर्यसिद्धान्तः) यसरी हेर्दा तुला राशिमा सूर्य प्रवेश गर्दा रात्रि आरम्भ हुने देवताहरूका लागि मकर राशिमा सूर्य प्रवेश गर्दा मध्यरात्रिको समाप्ति र मेष राशिमा सूर्य प्रवेश गर्दा दिन आरम्भ हुने देवताहरूका लागि कर्कट राशिमा सूर्य पुग्दा मध्याह्नकालको समाप्ति हुने देखिन्छ । यही उत्तरायणको अवधिलाई धार्मिक कृत्यका लागि शुभ समय भनी बताइएको छ । पुराणहरूमा उत्तरायणलाई देवताको दिनका रूपमा र दक्षिणायनलाई रात्रिको रूपमा व्याख्या गरिएको छ । सामान्यतया मानव व्यवहारमा पनि सूर्योदयकाल पूर्व नै ब्रह्म मुहूर्तदेखि शौच, स्नान, सन्ध्या आदि नित्य कर्म सुरुवात गर्नुपर्ने विधि निर्देश भएझैँ धार्मिक कार्य सम्पादनका लागि पनि देवलोकको मध्यरात्रिपश्चात् सूर्योदयोन्मुखकालदेखि मध्यदिनसम्मको अवधि अर्थात् उत्तरायणलाई शुभ मानिएको देखिन्छ ।

पुराणहरूमा भनिएको छ– तैः षड्भिरयनं वर्षं द्वेऽयने दक्षिणोत्तरे । अयनं दक्षिणं रात्रिर्देवानामुत्तरं दिनम् ॥१०॥ (तृतीयोऽध्यायः, प्रथमोंऽशः, विष्णुपुराणम्)द्वौ तावृतुः षडयनं दक्षिणं चोत्तरं दिवि ॥११॥ अयने चाहनी प्राहुर्वत्सरो द्वादश स्मृतः । (एकादशोऽध्यायः, तृतीयःस्कन्धः, श्रीमद्भागवतमहापुराणम्) उत्तरायण र दक्षिणायन मिलेर एक सौर वर्ष हुन्छ । जसमा दक्षिणायन देवताको रात्रि हो भने उत्तरायण देवताको दिन हो भन्ने पुराणको मत देखिन्छ ।

नेपालमा पनि सरकारी निकायबाट स्वीकृत पञ्चाङ्गहरूमा निरयण गणनालाई आधार मानेर माघ सङ्क्रान्तिबाट उत्तरायण सुरु र श्रावण सङ्क्रान्तिबाट दक्षिणायन सुरु भनी उल्लेख गरिएको छ । जसलाई पौराणिक वचनहरूले पनि समर्थन गरेका छन्– कर्कटावस्थिते भानौ दक्षिणायनमुच्यते । उत्तरायणमप्युक्तं मकरस्थे दिवाकरे॥६८॥ (अष्टमोऽध्यायः, द्वितीयोंऽशः, विष्णुपुराणम्) यही उत्तरायणको अवधिलाई नै आधार मानेर पञ्चाङ्गकार हरूले चूडाकर्म, व्रतबन्ध, गृहप्रवेशलगायतका धार्मिक कृत्यका लागि मुहूर्तहरू पनि निर्धारण गर्दछन् । यसरी धार्मिक कार्य सम्पादनका लागि निरयण गणना पद्धति अङ्गाल्ने अभ्यास नेपाली समाजमा रहेको देखिन्छ ।❖

सन्दर्भसामग्री

पराशरः, विष्णुपुराणम्, श्री मुनिलाल गुप्त(अनु., नवौँ संस्क.), गीताप्रेस, वि.सं २०४१ ।

भास्कराचार्यः, सिद्धान्तशिरोमणिः, प. सत्यदेव शर्मा (सम्पा.), चौखम्बा सुरभारती प्रकाशन, वाराणसी, ई २०२३ ।

व्यासः, श्रीमद्भागवतमहापुराणम्, गीताप्रेस, वि.सं २०७५ ।

सूर्यसिद्धान्तः, कपिलेश्वर शास्त्री (सम्पा.), चौखम्बा संस्कृत भवन, वाराणसी, ई.२०१५ ।

विपूल ग्रन्थः भक्त गाथा

कुनै एकजना राष्ट्रिय व्यक्तित्वको जीवनी लेख्नुपर्‍यो भने कति समय लाग्ला ? कति पुस्तक पढ्नुपर्ला ? या कति जनासँग कुरा गर्नुपर्ला ? अझ धार्मिक, सामाजिक, आर्थिक, प्राविधिक सबै क्षेत्रका गरी करीव ३ सय जनाको जीवनी लेख्नुपर्‍यो भने श्रम र समय कति लाग्ला ? यी सबै कुरा खर्चेर एकजना श्रष्टाले नेपाली साहित्यको भण्डारमा 'भक्त गाथा' नामक महत्त्वपूर्ण ग्रन्थरत्न अर्पण गर्नुभएको छ।

अक्षरशिल्पी शिवप्रसाद ढकाल नेपाली साहित्य, शिक्षा र सामाजिक क्षेत्रमा सक्रिय बहुआयामिक व्यक्तित्व हुनुहुन्छ। उहाँ त्रिभुवन विश्वविद्यालयको प्रशासनिक विभागमा लामो समय कार्यरत रहनुभई हाल सेवा निवृत्त हुनुभएको छ। सञ्चार जगत् र अनुसन्धान क्षेत्रको लामो अनुभवले उहाँलाई निरन्तर क्रियाशील श्रष्टाका रूपमा स्थापित गरेको छ। साहित्यिक क्षेत्रमा प्रकाशित विभिन्न कृतिहरूमध्ये 'भक्त गाथा योगदानमा आधारित जीवनी सङ्ग्रह' प्रमुख कृति हो। उहाँकी श्रीमती मन ढकालले यस पुस्तकको प्रकाशनमा महत्त्वपूर्ण भूमिका खेल्नुभएको छ। २०८० माघमा प्रकाशित ८७६ पृष्ठको यो विशाल कृति नेपाली समाजका भक्तजन, सन्त, महात्मा, समाजसेवी, चिन्तक तथा राष्ट्रनिर्माताहरूको जीवनगाथाको साङ्गोपाङ्ग दस्तावेज हो। यसलाई 'नेपाली रत्नहरूको भक्तिगाथा' अथवा 'कदरग्रन्थ' का रूपमा मूल्याङ्कन गर्न सकिन्छ।



श्री गणेशको मङ्गलाचरणबाट शुरू भएको यस पुस्तकमा कविताबाट नेपाल माताको बन्दना गरिएको छ। प्रा.डा. ऋषिराम पोखरेलको काव्यमय शुभाशीष मन्तव्य तथा प्रा.डा. माधव भट्टराई र प्रा.डा. राजेश गौतमका शुभकामना सन्देशहरूले कृतिलाई विद्वत् आशीर्वाद प्रदान गरेका छन्। त्यसपश्चात् लेखकले पुस्तक लेख्नुको प्रेरणा, उद्देश्य र सम्भावित सीमाबारे स्पष्ट आत्मस्वीकृति प्रस्तुत गर्नुभएको छ। झण्डै २५० भन्दा बढी सन्दर्भ-ग्रन्थहरूको उल्लेखले पुस्तकलाई अनुसन्धानपरक र प्रामाणिक बनाएको छ। यति धेरै व्यक्तित्व समेट्दा पनि छुट्न गएका करिब ५० भन्दा बढी नामहरूको अग्रिम स्वीकारोक्तिले लेखकको इमान्दार बौद्धिक दृष्टिकोण देखाउँछ।

पुस्तकको मुख्य विषयवस्तु नेपालका योगदानकर्ताहरूको जीवन र कार्यमा आधारित छ, जसमा धर्म, सेवा, शिक्षा, राजनीति र समाजसुधारका क्षेत्रका व्यक्तित्वहरू समेटिएका छन्। पुस्तकको विषयसूची वैदिक सनातन धर्मका प्रवर्तक महर्षि पुलस्त्यबाट आरम्भ गरिएको छ। बुढीगण्डकीको शिर लार्के हिमालमा रहेको महाकुट पर्वतमा पुलस्त्य ऋषिले तपस्या गर्नुभएको कुरा उल्लेख गर्दै अन्य २८ जना महर्षिहरूको जीवनी बताइएको छ। यसैगरी रामानुजलगायत चार वैष्णव सम्प्रदायका चार खण्ड, बौद्ध सम्प्रदाय, जैन सम्प्रदाय, नाथ सम्प्रदाय, कबीर सम्प्रदाय, सिख सम्प्रदाय, दशनामी सम्प्रदाय, जोस्मनी सम्प्रदाय, सत्यहाङ्मा सम्प्रदाय, निराकारी सम्प्रदाय, सिद्ध सन्तहरू, सिद्ध तन्त्राचार्यका साथै राजकुलका यशस्वी व्यक्तिहरू र नेपाल राष्ट्रका लागि योगदान गर्ने महापुरुषजस्ता १९ खण्ड छन्। यसरी व्यक्तित्व चयन गर्दा कुनै एउटा क्षेत्र र सम्प्रदायलाई मात्र आधार नबनाई सबैलाई समेट्ने प्रयास गरिएको छ। महर्षिहरूको आध्यात्मिक यात्रासँग सन्तहरूको जीवनगाथा जोड्दै समाजसेवीहरूको संघर्ष र राष्ट्रिय योगदानकर्ताहरूको इतिहास क्रमश उल्लेख गरिएको छ। यो नेपालको गाथा र नेपालीको गुणगान गाइएको परिचयात्मक कृति हो।

पुस्तकको संरचना विस्तृत र व्यवस्थित छ।

यसलाई जीवनीहरूको सङ्ग्रहका रूपमा विभाजित गरिएको छ, जसमा प्रत्येक व्यक्तित्वको जीवनयात्रा, योगदान र प्रभावलाई क्रमबद्ध रूपमा प्रस्तुत गरिएको छ । पृष्ठ सङ्ख्याको दृष्टिबाट यो निकै ठूलो पुस्तक हो जसको आकारले सामान्य पाठकलाई एकपटक झसङ्ग बनाउन सक्छ । यति हुँदाहुँदै पनि नेपाली समाजको बहुलता र योगदानको महत्त्वलाई उजागर गरेका विषयवस्तुको गहिराईले भने पुस्तकलाई प्रेरणादायी बनाएको छ ।

ढकालको सरल, भावपूर्ण र प्रेरणादायी लेखन शैलीले हरेक जीवनीहरूलाई कथा जस्तो रोचक बनाएको छ । भक्ति र सेवा सम्बन्धी वर्णनहरूमा काव्यात्मक लय पाइन्छ, जसले पाठकलाई भावुक बनाउँछ । लेखनमा सन्दर्भ सामग्रीहरूबाट तथ्य र भावनाको सन्तुलन कायम गरिएको छ । देवदत्त ऋषिकी पुत्री रूरूलाई नेपालकी छोरी भनेर चिनाउँदै गार्गी, मैत्रेयी र सुलभाको समेत जीवनी चित्रण गरिएको छ । कुनै कुनै जीवनीको आरम्भ भागमा व्यक्तिगत दृष्टिकोणबाट शुरू गरिएकोले वस्तुनिष्ठता कम लाग्न सक्छ । तर पनि लेखकको मौलिक शैलीले पुस्तकलाई सरल र प्रभावकारी बनाएको छ ।

यस पुस्तकमा उल्लेख गरिएका पात्रहरू वास्तविक व्यक्तित्वहरू हुन् जसलाई लेखकले उनीहरूको योगदानमा आधारित रहेर चित्रण गरेका छन् । प्रत्येक जीवनीमा पात्रहरूको संघर्ष, समर्पण र कर्मको जीवन्त चित्रण छ, जसले तिनलाई आदर्श बनाउँछ । चाहे त्रिदण्डी स्वामीबाट दिक्षा लिएर वैष्णव बन्नुभएका डा. स्वामी प्रपन्नाचार्य हुन् या अवधविहारी शरणदास, सबैको जीवनी सकेसम्म पूर्ण पार्न खोजिएको छ । गुरू गोरखनाथको संक्षिप्त जीवनीसँगै वाग्देवताको उपाधि पाएका योगी नरहरीनाथ, गुरू नानक, सन्त अनुराग साहेब, शिवपुरीबाबा (गोविन्दानन्द भारती), बालतपस्वी महाप्रभू, संसानन्द गिरि, जोस्मणि शक्तिमाता, योगमाया, महागुरू फल्गुनन्द, स्वामी सत्यदेव लगायत तन्त्रविद् धनशम्शेर जबरासहित ११ जना तन्त्रोपासकहरू, ५ हजार वर्षपूर्वका राजा यलम्बरदेखि मानदेव प्रथम हुँदै पृथ्वीनारायण शाहदेखि राजा त्रिभुवनसम्मको वर्णन गरिएको छ । नेपालका लागि योगदान गर्ने महापुरूषहरू खण्डमा १५४ जनाको जीवनी उल्लेख गरिएको छ । झण्डै सय वर्ष अघिनै भारतमा वकिल भएका अम्बिकाप्रसाद उपाध्यायबाट शुरू गरी डाक्टर अञ्जनीकुमार शर्मा हुँदै संगीतशिल्पी त्रैलोक्यशम्शेर राणासम्म अटाएका छन् । यसरी राष्ट्रका मूर्धन्य व्यक्तितत्वहरूको योगदान, त्याग र सेवालाई अर्थपूर्णरूपमा उल्लेख गरिएको हुँदा पात्र चित्रणले बहुआयामिकता दर्शाएको छ ।

साँच्चै भन्ने हो भने पुस्तकले नेपाली इतिहासको धार्मिक, सामाजिकलगायत सबै पक्षलाई दस्तावेजीकरण गरेको छ । यसले भक्ति आन्दोलन, समाज सुधार र उहाँहरूको राष्ट्रिय योगदानको सन्दर्भलाई जोडेको छ, जसले गर्दा पाठकलाई इतिहाससँग जोडिन मद्दत गर्छ ।

डिजिटल युगको व्यक्तिवादी प्रवृत्ति र सामाजिक विचलनबीच 'भक्त गाथा' जस्तो कृति अत्यन्त सान्दर्भिक देखिन्छ । यसले भक्ति, सेवा, त्याग र राष्ट्रप्रेमका मूल्यहरू पुनःस्मरण गराउँछ । आधुनिक समाजमा बढ्दो तनाव, नैतिक संकट र सांस्कृतिक विस्मृतिको सन्दर्भमा यी जीवनीहरूले आध्यात्मिक शान्ति र सामाजिक दायित्वको सन्देश दिन्छन् । शिक्षक, विद्यार्थी, समाजसेवी तथा नीति-निर्माताहरूका लागि यो कृति प्रेरणा र सन्दर्भ-सामग्री दुवै हो । विशेषतः नेपालजस्तो बहुसांस्कृतिक राष्ट्रमा सांस्कृतिक पहिचान र ऐतिहासिक चेतनालाई सुदृढ बनाउन यसले महत्त्वपूर्ण योगदान पुर्‍याउँछ । समग्रमा, यो पुस्तक आधुनिक समयको 'डिजिटल भक्ति' र 'सेवा-केन्द्रित जीवन'को लागि प्रेरणा स्रोत हो, जसले नेपाली समाजलाई एकताबद्ध र प्रगतिशील बनाउन मद्दत गर्छ ।

पादटिप्पणी र सन्दर्भ-सूचीको सुव्यवस्थित प्रयोगले अनुसन्धानपरक विश्वसनीयता बढाएको छ । २०८१ सालमा फेमकुमारी डोरनाथ ढुङ्गेल साहित्य प्रतिष्ठानद्वारा प्रदान गरिएको 'फेडोल उत्कृष्ट सम्मान' तथा विभिन्न सञ्चारमाध्यममा 'साताको पुस्तक' का रूपमा चयन हुनु कृतिको सामाजिक स्वीकृतिको प्रमाण हो । समग्रमा ' भक्त गाथा : योगदानमा आधारित जीवनी सङ्ग्रह' नेपाली समाजको आध्यात्मिक, सामाजिक र राष्ट्रिय चेतनाको समन्वित दस्तावेज हो । स्रष्टा शिवप्रसाद ढकालले आफ्नाभित्र सञ्चित अनुभव, अध्ययन र श्रद्धालाई अक्षररूप दिँदै प्रबल इच्छाशक्ति र दृढ संकल्प भए प्रतिभा प्रस्फुटनमा उमेर कहिल्यै बाधक हुँदैन भन्ने प्रेरणादायी सन्देश दिनुभएको अनुभूति हुन्छ । नेपाली साहित्यमा जीवनीपरक कृतिहरूमध्ये यो पुस्तक एक महत्त्वपूर्ण कोसेढुङ्गाका रूपमा स्थापित भएको छ ।❖

प्रस्तुतिः बिना अधिकारी

बृहत्त पाशुपत पदयात्रा १६ गतेबाट

पशुपतिनाथको प्रचार-प्रसार गरी आध्यात्मिक पर्यटनको विस्तार गर्ने उद्देश्यले काठमाडौंमा बृहत्त पाशुपत पदयात्रा हुने भएको छ । तनहुँको देवघाटमा रहेको महेश-संन्यास-आश्रमले गत फागुन ३० गते ललितपुरमा पत्रकार सम्मेलन गर्दै यही चैत्र १५ गतेदेखि ४० दिने बृहत पाशुपत परिक्रमा (६४ सिद्धस्थलहरूको पैदलयात्रा) आयोजना गरेको जनाएको हो । पदयात्राका क्रममा दश जिल्लाका विभिन्न स्थानमा रहेका ६४ सिद्ध शिवलिङ्गहरू र वरपरमा रहेका अन्य तीर्थस्थलहरूको समेत दर्शन एवम् पूजन हुने जनाइएको छ । उक्त कार्यक्रमको उद्घाटन यही चैत १५ गते पशुपति शंकराचार्यमठमा गर्ने साथै पशुपतिपूजन तथा वाग्मती गङ्गाको विशेष आरती गर्ने र १६ गते पशुपति क्षेत्रबाट पदयात्राको शुभारम्भ हुने महेश संन्यास आश्रमका पीठाधीश स्वामी रमणानन्द गिरीले बताउनुभयो ।

सिन्धुलीको कुशेश्वर आदिलिङ्गबाट प्रारम्भ हुने यो यात्रा नुवाकोट, धादिङ, मकवानपुर, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक लगायतका क्षेत्रमा रहेका सिद्धलिङ्गको दर्शन गर्दै अन्तिममा पशुपतिको रूद्रगाडेश्वर शिवलिङ्गको दर्शन पछि समापन गरिने बताइएको छ । बृहत पाशुपत पदयात्रामा नेपाल, भारत र बर्माका साधुसन्त, धर्माचार्य तथा श्रद्धालुहरूको उपस्थिति रहने आयोजकले जानकारी दिएको छ ।

नृसिंह धाममा पुरुषोतम महामहोत्सव हुने

नृसिंह धाम, सल्यानटार, धादिङमा आगामी जेठ महिनाभर हुने पुरूषोत्तम महामहोत्सवको प्रचारप्रसार गर्ने उद्देश्यले यही चैत १ गतेदेखि २५ गतेसम्म रथयात्रा सञ्चालन हुनेभएको छ । गत फागुन ३० गते धादिङको सदरमुकाम धादिङबेसीमा आयोजित पत्रकार सम्मेलनमार्फत समितिले विगत तीन वर्षदेखि स्वामी श्रीवास कृष्णदास ब्रह्मचारीको सत्संकल्पमा नेपाल तथा विदेशका विभिन्न पवित्र तीर्थस्थलहरूमा निरन्तर रूपमा सञ्चालन हुँदैआएको १०८ तीर्थ यज्ञ कार्यक्रमको पूर्णाहुति पवित्र पुरूषोत्तम महिनाको पूर्वसन्ध्यामा नृसिंह धाममै सम्पन्न गरिने जानकारी दिइएको थियो । रथयात्राको आयोजनाले महोत्सवलाई भव्य, व्यवस्थित तथा व्यापक रूपमा सञ्चालन गर्न बल पुग्ने आयोजक समितिको बुझाइ छ ।

नृसिंह धाम पुरूषोत्तम महामहोत्सव मूल आयोजक समितिले धादिङको त्रिपुरासुन्दरी गाउँपालिका-१ सल्यानटारमा आयोजना हुन लागेको १०८ तीर्थ यज्ञको समापनको अवसर पारेर देशव्यापी रथयात्रा सञ्चालन गरेको हो । महोत्सव अवधिभर विभिन्न धार्मिक तथा आध्यात्मिक

कार्यक्रमहरू सञ्चालन गरिनेछन् । जसअन्तर्गत पुरूषोत्तम स्नान, व्रत-कथा तथा महात्म्य श्रवण, प्रत्येक गोत्रका लागि अलग-अलग हवनकुण्डको व्यवस्था गरी वैदिक विधिअनुसार हवन-पूजा गरिनेछ । साथै देश तथा विदेशबाट आमन्त्रित साधु-सन्त, विद्वान् तथा कथा वाचकहरूबाट प्रवचन तथा धर्मोपदेश कार्यक्रम सञ्चालन गरिने बताइएको छ ।

यसका साथै ११ हजार शालग्रामसहित सबालाख दण्डवती परिक्रमा को विशेष धार्मिक अनुष्ठान तथा श्रीरामकथा आयोजना गरिनेछ । भक्तजनहरूको आध्यात्मिक तथा भौतिक जीवनलाई आनन्द, सुख र प्रगतितर्फ उन्मुख गराउने उद्देश्यले करिब एक लाख भक्तजनलाई निःशुल्क रूपमा सिद्ध लक्ष्मी नरसिंह यन्त्र वितरण गर्ने कार्यक्रम पनि तय गरिएको आयोजकले जनाएको छ ।

शिवरात्रि पर्व सम्पन्न

वि.सं. २०८२ सालको महाशिवरात्रि पर्व गत फागुत ३ गते सम्पन्न भएको छ । फागुन कृष्णपक्ष चतुर्दशीका रात मनाइने महाशिवरात्रि पर्व भगवान् शिवको सबैभन्दा ठूलो पर्व मानिन्छ । यस पर्वमा पशुपतिनाथ लगायत सम्पूर्ण शिव मन्दिरहरूमा भक्तजनहरूको ठूलो मेला लाग्ने गर्दछ ।

पशुपति क्षेत्र विकास कोषमा नयाँ पदाधिकारीहरूको आगमनका कारण यस पटकको शिवरात्रि मेला अन्य वर्षहरूमा भन्दा निकै व्यवस्थित र मर्यादित हुने अपेक्षा गरिए पनि खासै फरक देखिएन । ऋस बाटोमा अस्थाई पुल राखेर बाहिरी लाइन केही व्यवस्थित भएको थियो तर मन्दिर भित्र गरिएको विशेष पूजाको कारण भक्तजनलाई दर्शनमा निकै अवरोध भएको देखियो । मन्दिर दर्शनको निम्ति कुनै पनि प्रकारको विशेष टिकट या पास जारी नगरिएको भनिए पनि विशेष पूजाको टिकट र मन्दिर सेवाको नाममा वितरण गरिएका पासका कारण सहज लाइन सञ्चालनमा कठिनाइ परेको थियो । मेलामा पकेटमारी र मोवाइल चोरीका घटना बढेको पाइयो । सुरक्षा र सरसफाईको कमी भएको स्पष्ट देख्न सकिन्थ्यो ।

यसैबीच पशुपति क्षेत्र विकास कोषले यसै पर्वलाई व्यवस्थित रूपमा सञ्चालन गर्न माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री अनिलकुमार सिन्हाको अध्यक्षतामा १७१ सदस्यीय महाशिवरात्रि पर्व मूल समारोह समिति सहित विभिन्न ९ उपसमिति गठान गरेको थियो ।❖

दुँ दुँ च्याँ च्याको निम्ताः नयाँ वर्षको शुरूवातमै पशुपति क्षेत्रमा आयोजना हुने उपत्यकाकै पहिलो जात्राको निम्तिामा काठमाडौं क्षेत्र नं ४ का नबनिर्वाचित संसद माननीय पुकार बम ।

पशुपतिको भेटी

पशुपति क्षेत्र विकास कोषले वि.सं. २०६८ सालको चैत २६ गते एउटा नियमावली लागु गरी पशुपतिनाथमा भक्त(जनले श्रद्धाले चढाउनुभएको भेटिघाटीलाई गणना गरी पशुपतिनाथको आम्दानीको रूपमा बाध्ने क्रम शुरू गरेको हो । नियमावली लागु गरिए पनि पशुपति मन्दिर परिसरका सम्पूर्ण मठमन्दिर एवम् देवालयहरूको भेटिघाटी भने गण(नामा समावेश भएको छैन । नियमावलीको कार्यान्वायन पछि श्रीपशुपतिनाथ मन्दिर, नवग्रह, हनुमान, बूढानीलकण्ठ र वासुकीनाथ भगवान्‌लाई चढाइएको भेटिघाटी नियमावलीले समेटेको छ । गौरीले सुरूवाती समयदेखि नै भेटिघाटीको मासिक विवरण प्रकाशित गर्दैआएको थियो । कोरोना महामारीपछि केही वर्ष छुटे पनि अबका दिनमा नियमितता दिने प्रयत्न गरेका छौं ।

पशुपतिनाथ मन्दिरमा सङ्कलित भेटिघाटी (२०८२ फागुन)

मिति	रकम	मिति	रकम
१०–२९	२४०७०१	११–१५	३१७२२४
	(गत महिना छुटेको)	११–१६	२९२७५८
११–०१	२४०७०१	११–१७	४३५७५५
११–०२	३३२५५८	११–१८	२६३३१४
११–०३	११८५९००	११–१९	२५०१५०
११–०४	२९०३५६	११–२०	१३७७४५
११–०५	२८१९००	११–२१	९०५८०
११–०६	२२८२९४	११–२२	११७४९४
११–०७	२६६१९०	११–२३	२६१०००
११–०८	२६८२९१	११–२४	२०२९००
११–०९	२९५९००	११–२५	२५९०५४
११–१०	३४६३९०	११–२६	३०८१४२
११–११	३२१३००	११–२७	२७६११२
११–१२	३०२४५२	११–२८	३१६७००
११–१३	२३५९७०	११–२९	३८०६६९
११–१४	३९९०६६	११–३०	२८४२५६
		यस महिनाको जम्मा	९१८९१२१

माथि उल्लेखित रकममा दानभेटी (पशुपतिनाथ मन्दिर), दानभेटी (वासुकी), दानभेटी (हुण्डी), बुढानीलकण्ठ/हनुमान, चन्दन वितरणस्थल, नवग्रहमा चढाइएका रकम तथा जुत्ताचप्पल र शौचालयको दानपेटिकामा जम्मा भएका रकम सङ्कलित छन् ।

स्रोतः आर्थिक प्रशासन शाखा, प.क्षे.वि.कोष

सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं !

- ❖ सबै धर्म, भाषा र संस्कृतिको सम्मान गरौं,
- ❖ विविधतामा एकताको भावना विकास गरौं,
- ❖ जातीय, धार्मिक तथा क्षेत्रीय विभेद त्यागौं,
- ❖ चाडपर्व र उत्सवहरू मिलेर मनाऔं,
- ❖ घृणा फैलाउने, अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- ❖संवाद, सहकार्य बढाऔं,
- ❖ आपसी समझदारी कायम गरौं,
- ❖ शान्ति, सहिष्णुता र भाइचाराको संस्कृति प्रवर्द्धन गरौं ।

विविधतामा एकता, सद्भाव र सहिष्णुता ।

नेपाल सरकार
विज्ञापन वोर्ड

अरुणसिंह पण्डालवाला
प्रोपाइटर
ॐ
अरुणसिंह पण्डालवाला
गौरीघाट काठमाडौं, मोवाइलः ९८५१२५४२२४,९८४१७४२०९६, ९८४१७८४५०५
सेवाहरु:
वाटरप्रुफ पण्डाल, पाल, गेट, मञ्चका साथै सजावटका लागि सम्पर्क गर्नुहोला
साथै बत्ती, जेनेटर र साउन्डसिष्टमका निम्ति समेत सम्झनुहोला ।

अब गौरी मासिक इ-पत्रिकामा संसार भरि पनि पढ्न सकिन्छ ।
गौरी अब ईन्टरनेको माध्यमबाट
पनि पढ्न सकिन्छ।
www.ushaeduhouse.com
मा गएर निःशुल्क, सशुल्क
डोनेशनमा पढ्न सकिने
जानकारी गराउँदछौं।
देश तथा विदेशमा रहनु
भएका पाठक वर्गले सिधै
सर्वसुलभ रूपमा पढ्न सक्नुहुनेछ।

शुद्ध, सफा र स्वादिष्ट नेपाली
भोजनका लागि सदैव सम्झनुहोला ।
त्रिवेणी भोजनालय
क्षेत्रपाटी, काठमाडौं | फोनः ४२५१९८४

Your Printing Solution
"गुणस्तरीय छपाई,
सुपथ मुल्य"
किशोर अफसेट प्रेश प्रा. लि.
गोल्कोपाखा, ठमेल, काठमाडौं, फोनः ०१-४०२२५४४

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
द्वारा प्रवर्द्धित
STC ग्याँस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
- ISI स्टाण्डर्डको भित्र बाहिर रवर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुनः प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना ढुक्क हुनुहोस्
गृहिणी
चामल
साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरू

गो.हु.का. (म.क्ष.हु.नि.द.नं.) १०/०६७/०६८

॥श्रीपशुपतये नमः॥

शिवापराध क्षमापनका निम्ति

बृहत् पाशुपत क्षेत्रको परिक्रमा

बृहत् पाशुपत पदयात्रा

(चौसट्ठी सिद्धलिङ्ग दर्शन)

कार्यक्रमहरू

- पदयात्रा समुद्घाटन एवं महाआरती-
  २०८२ चैत्र १५ गते, बेलुका ४ बजे, पशुपति, काठमाडौं।
- पदयात्रा शुभारम्भ-
  २०८२ चैत्र १६ गते, प्रातः ७ बजे, पशुपति।
- परिक्रमा आरम्भ-
  २०८२ चैत्र १७ गते, प्रातः ७ बजे, कुशेश्वरधाम, सिन्धुली।

उद्देश्य र योजना

- राष्ट्रदेवसँग क्षमायाचना गर्दै राष्ट्रका सबै अभिशापबाट मुक्तिको प्रार्थना।
- राष्ट्रदेवको कृपाबाट राष्ट्रमा स्थायित्व, राष्ट्रिय एकता र धर्मराज्यको स्थापनार्थ पूजन एवं अनुष्ठान।
- विश्वभरका हिन्दूहरूका लागि प्रमुख आराध्यदेवको रूपमा पशुपतिनाथको प्रचार-प्रसार गरी आध्यात्मिक पर्यटनको विस्तार।

विशेष आकर्षण

- नेपाल, भारत र बर्माका अनेकौँ सिद्धपीठका साधुसन्त, धर्माचार्य तथा श्रद्धालुहरूको सामूहिक उपस्थिति।
- विरूपाक्ष र नेमुनिले गरेजस्तै पैदलै-पैदल देवस्थलहरूको दर्शन।
- सिद्ध स्थानहरूमा सन्तहरूको विशेष उद्बोधन र धर्मसभा।